
जेठ ४, २०६३

# समय

...य साप्ताहिक



## फाल्नुपर्ने संस्था फालिन्छन्: ओली



# गतिशील तर संयम

राजनीतिक नियुक्ति, कूटनीति र प्रशासनिक विषयमा ठोस निर्णय लिएको सरकार राजदरवार र सुरक्षानिकायबारे जनआन्दोलनका क्रममा व्यक्त प्रतिबद्धता पूरा गर्न भने लुम्सो देखिएको छ।

मूल्य रु. २५



भास्वर ओझा

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा उपप्रधान तथा परराष्ट्र मन्त्री केपी शर्मा ओलीलाई सपथ ग्रहण गराउँदै

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक १०६, वैशाख २९–जेठ ४, २०६३




आवरण : गिरिजाप्रसाद कोइराला (इन्सेटमा केपी ओली) ।
*तस्वीर: भास्वर ओझा/तेजबहादुर बस्नेत*

**आवरण :** सरकार गतिशील तर संयमित रूपमा आफ्नो गन्तव्यमा अघि बढिरहेको छ । जनआन्दोलनका उपलब्धीहरूलाई संस्थागत गर्न सरकार क्रियाशिलरहेको मन्त्रिपरिषद्का सदस्यहरू बताउँछन् । विद्रोही माओवादीसँग वार्ता सरकारको प्राथमिकतामा परेको छ २६

## अन्तर्वार्ता
फाल्नुपर्ने संस्था फालिन्छन् : उपप्रधानमन्त्री केपी शर्मा ओली ३०

## रिपोर्ट
लालध्वज र लमहीका राता डाँडा १६
नेताहरू नै काम नलाग्ने १८
अपराध अनुसन्धान फितलो २०
लापरवाहीको सिकार भए बालबालिका २४

## स्वास्थ्य
एचआईभी एड्स : संक्रमणको भयावहता अझै उस्तै २२

## राजनीति
वार्ताका लागि सरकार–माओवादी दुवै पक्ष आतुर ३२

## अर्थ–राजनीति
श्वेतपत्र पूर्ण देखिएन ३४



तेजबहादुर बस्नेत

**शिक्षा :** पछिल्लो समयमा ए लेभल सबैका लागि आकर्षण बन्दै गइरहेको छ ४०

सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
टिपोट ........ ११
मुलुक ........ १४
खेलकुद ........ ५०
साहित्य ........ ४७
शून्य समय ........ ५८

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोनः ४४४३८८८/२११२०९४

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१


# अर्को एउटा आयोग ?

## सम्पादकीय

**सरकारले** जनआन्दोलनमा तत्कालीन सत्ताद्वारा भएका ज्यादतीबारे छानबिन गर्ने उद्देश्यले कृष्णजंग रायमाझीको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गरेको छ। आयोगको कार्यविधि, अधिकार क्षेत्र र अन्य सर्तहरू (टर्मस एन्ड रेफरेन्स) सार्वजनिक हुनुपूर्व नै आयोगका अध्यक्षद्वारा सार्वजनिक रूपमा दिइएका वक्तव्य तथा अन्तर्वार्ताले आयोगको मार्गचित्र स्पष्ट त पारेको छ, तर विधिवत् रूपमा उसको अधिकार, सीमा र कार्यक्षेत्र नतोकिएको अवस्थामा त्यस्ता मन्तव्य आउँदा न्यायिक र वैधानिक प्रक्रियाभन्दा राजनीतिक प्रतिशोधको भावनाले आयोगलाई निर्देशित त गरेको छैन ? प्रश्न उठ्न थालेको छ।

लामो समय न्यायिक सेवा र पछि सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशका रूपमा ससम्मान अवकाश ग्रहण गरेका रायमाझी निरन्तर रूपमा नागरिक हक, हित र प्रजातन्त्रको समर्थन तथा निरंकुशताको विरोधमा लड्दै आएका व्यक्तित्व हुन्। छानबिन आयोगको नेतृत्वमा उनको छनौट निसन्देह स्वागतयोग्य कदम हो सरकारको।

तर, त्यो विश्वास आयोगको भावी कारबाही र त्यसको निष्कर्षका आधारमा पनि खरो उत्रनु पर्छ। रायमाझी आयोग अर्को कोइराला आयोग मात्र होइन अर्को मल्लिक आयोग पनि बन्नु हुँदैन। त्यसो भएमा कानुनी शासनको स्थापनाका लागि शान्तिपूर्ण आन्दोलन र अनेक यातना सहने नागरिकहरू र त्यस क्रममा सहिद हुनेहरूप्रति अन्याय हुनेछ।



समय

के आयोगका अध्यक्षसँगको परामर्श र स्वीकृतिपछि मात्र सरकारले आयोगका अन्य चारजना सदस्यको चयन गरेको हो ? या दलहरूबीचको अंशबन्डाका आधारमा सदस्यहरूलाई 'जागिर बक्स' भएको हो वर्तमान सरकारद्वारा। न्यायिक आयोगको गठन यदि यो किसिमबाट प्रभावित भएको हो भने अहिल्यै फैसला गरे हुन्छ– त्यसले न्याय दिन सक्दैन। त्यसले न्यायिक आयोगको अवधारणाका साथै पूर्व न्यायाधीश रायमाझीको छविमा पनि दाग लगाउनेछ।

जनआन्दोलनका मर्म विधिको शासनका पक्षमा रहेकाले आयोग त्यो मान्यतामा बाँधिनु आवश्यक छ एकातिर भने यसको निष्कर्ष र सिफारिसले मल्लिक आयोगको दशा नव्यहोरोस् भन्ने चाहना पनि छ अर्कोतिर।

यसैबीच जनआन्दोलनमा भएका अनेक ज्यादतीबारे स्थानीय र केन्द्रीय तहका अनेक मानवअधिकारवादी र सरोकारवाला संगठनहरूले छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्ने सिलसिला सुरु गरेका छन्, जुन स्वभाविक नै हो। ती प्रतिवेदन आयोगको छानबिनमा 'इनपुट' (सहायक सामग्री) बन्न सक्छन्, तर तिनले कुनै रूपमा प्रभावित गर्नु हुँदैन छानबिनलाई।

आयोगले काम सुरु गर्नुअगाडि मुलुक अवश्य पनि निश्चिन्त हुन सक्नु पर्छ उसको दक्षता, निष्पक्षता र पात्रताबारे। के श्रीमान् रायमाझी यसबारे पूर्ण आश्वस्त र सन्तुष्ट छन् ? जनआन्दोलनका नाममा स्थापित आयोगको प्रतिवेदन र छानबिनशैली अनि सदस्यहरूको भूमिका मुलुकभित्र मात्र होइन, बाहिरसमेत गहन चासोको विषय रहनेछ। ■




## समय साता

**वैशाख २१ गते**

- अज्ञात समूहद्वारा डा. हेमांग दीक्षितमाथि गोली प्रहार ।
- लागूपदार्थ प्रयोग गरेर एम्बुलेन्स चलाएका एक सैनिकद्वारा मिनीबसलाई ठक्कर । उपस्थित रमितेहरूलाई सेनाद्वारा कुटपिट ।
- जनआन्दोलनमा व्यापक दमनगर्नेहरूमाथि छानबिन गरेर कारबाही गर्न सरकारद्वारा उच्चस्तरीय छानबिन आयोग गठन गर्न सरकारलाई प्रतिनिधिसभाको निर्देशन ।

**वैशाख २२**

- जनआन्दोलन दमन गर्ने र प्रदर्शनकारीमाथि गोली हान्ने निर्देशन दिने सशस्त्र प्रहरीका एसएसपी माधव थापालाई कडा कारबाही गर्न सरकारलाई राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस ।
- मन्त्रिपरिषद्को बैठकद्वारा पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको अध्यक्षतामा पाँचसदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन ।

**वैशाख २३ गते**

- उपप्रधामन्त्री केपी ओली र गृहमन्त्री कृष्ण सिटौलाद्वारा सरकारले युद्धविराम आचारसंहिता बनाएर सीधै वार्ता गर्ने तयारी गरिरहेको खुलासा ।
- पाल्पाको तानसेनमा दिगो शान्तिका लागि पदयात्रा, दलका नेताहरूलाई जनतालाई धोका नदिन खबरदारी ।

**वैशाख २४ गते**

- जनआन्दोलनका घाइते मध्य उपचारकै क्रममा थप दुईको सहादत ।
- असाज १८ पछिका सबै राजनीतिक नियुक्ति खारेज । बाह्र मुलुकमा रहेका राजदूतहरू फिर्ता बोलाउने निर्णय ।

**वैशाख २५ गते**

- सरकारद्वारा काठमाडौं र भक्तपुरका प्रमुख जिल्ला अधिकारीलाई गृह मन्त्रालयमा फिर्ता ।
- राज्यद्वारा बेपत्ता पारिएका परिवारहरूको समाजद्वारा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग उनीहरूको अवस्था सार्वजनिक गर्न माग ।

**वैशाख २६ गते**

- माघ १९ पछि गरिएका सञ्चारलगायत ६ वटा अध्यादेश मन्त्रिपरिषद्को बैठकद्वारा खारेज ।
- क्षमताभन्दा बढी स्कुले बालबालिका बोकेर आएको टेम्पो पल्टिँदा तेह्रजनाको मृत्यु, नौ घाइते ।
- व्यवसायीहरूद्वारा माओवादीले माग्दै आएका चन्दा असुली रोक्न माग, यसको लागि पनि यथाशीघ्र आचारसंहिता बनाउन सरकारसँग माग ।

**वैशाख २७**

- सुनसरीमा भएको दुर्घटनाका मृतकका परिवारलाई १० हजार र घाइतेलाई २ हजार रुपैयाँ दिने निजी तथा आवासीय विद्यालयहरूको संगठन प्याब्सनको घोषणा । घटनाको शोकमा २८ गते सम्पूर्ण निजी विद्यालय बन्द ।
- प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा सरकार प्रेस स्वतन्त्रताप्रति प्रतिबद्ध रहेको जानकारी ।



## मै छोरी सुन्दरी !

काठमाडौं वसन्तपुरमा दुई बालिकाहरूको तस्वीर खिचेपछि उनीहरूलाई नै क्यामराको डिस्प्लेमा तस्वीर देखाउँदै एक पर्यटक ।

■ तस्वीरः तेजबहादुर बस्नेत




## लोकतान्त्रिक सरकारका प्राथमिकता

*समय*ले गत अंकमा राजदरवारका लागि हुने खर्चसम्बन्धी लेख छापेर निकै राम्रो गरेको छ। सचेतताको यो युगमा बन्ने सरकारले केही अत्यावश्यक कारबाही गर्नै पर्ने हुन्छ। अन्यथा २०४६ सालको जस्तै अपूर्ण लोकतन्त्रको खल्लो अनुभूति जनताले गर्नेछन्।

■ राजा ज्ञानेन्द्र र उनको परिवारका साथै स्वर्गवासी राजा वीरेन्द्रको सपरिवारकै विदेशी बैंकमा जम्मा गरिएको सम्पत्ति राष्ट्रियकरण हुनु पर्छ।

■ राजसंस्थाका निकट मानिनेहरूले लिने गरेका र लिइसकेका अवसर कटौती गर्नुपर्छ।

■ सरकारी कार्यालय र सोसम्बन्धी काममा प्रयोग हुने 'श्री ५ को' शब्द हटाउनु पर्छ।

■ नयाँ राष्ट्रिय गान बनाउनु पर्छ।

■ शाही सत्ताले गरेका अनियमितता र भ्रष्टाचारबारे छानबिन गरी कारबाही गर्नु पर्छ।

*समय*ले यस किसिमका विचारोत्तेजक विषयमा कलम दौडाउनु निकै राम्रो पहल हो। राम्रो खुराक पस्कने पत्रिकामध्ये यो अग्रपंक्तिमा पर्छ। यसपटकको कथा भने कलात्मकताको कमी र आग्रहीकरणको सिकार भएको छ, जसले गर्दा स्तरहीन बनेको छ।

■ **रक्षा घिमिरे**
काठमाडौं

## छोड्दैनन् जनताले

शाही सरकारमा रहेका दरवारियाहरूलाई अब जनताले छोड्नेछैनन्। जनताका खलनायक तुलसी गिरीदेखि कमल थापासम्म, लोकमानसिंह कार्कीदेखि श्रीसशमशेर राणासम्म, नारायणसिंह पुनदेखि सच्चितशमशेरसम्मलाई सरकारले कारबाही नगरे जनताले घरघर पुगेर भए पनि तिनीहरूलाई छोड्नेछैनन्।

■ **हरिकृष्ण गौतम**
म्याग्दी, बेनी
हाल : काठमाडौं

## एआइजी सा'बनीलाई प्रश्न !

एआइजी सा'बनी,

तपाईंको पीडा पोखाइ भनौं वा अपिल (फरक मत, 'सुरक्षाकर्मीको परिवार' वैशाख २२-२८) समयमा पढ्न पाइयो। अलिकति नरमाइलो त लाग्यो नै। त्यसमा आफ्ना पति रूपसागर मोक्तानलाई जोगाउन गरिएका मनगढन्ते कुरा पाएँ। हो, निश्चय नै तपाईं नाताले एक प्रहरी अधिकृतकी श्रीमती भए पनि आमगृहिणी त हुनु हुन्छ नै तर एउटा कुराचाहिँ के हो भने उक्त लेखमा तपाईंले भन्नु भएजस्तै गोंगबु घटनामा हवाई फायर (त्यो पनि प्रदर्शनकारीको हदैसम्मको व्यवहारपछिको) मात्र भएको हो ? के पत्रपत्रिकामा प्रकाशित फोटो, जसमा घरको भ्यालबाट गोली हान्दै गरेको देख्न सकिन्छ (जो तपाईंकै अपिलसँगै पनि प्रकाशित छ) गलत हुन् ? त्यो रूपसागर मोक्तानको घरको भ्यालबाट गोली हान्दै गरेको फोटो होइन ? यदि होइन भने किन केही भन्नु हुन्न र हो भने के त्यसरी नै हवाई फायर गरिन्छ ? तपाईंलाई त त्यति ज्ञान छैन होला, कृपया एआइजी सा'बसँग सोधनी हुन्थ्यो कि ?

■ **ध्रुव राई 'खोटाङे'**
thulungrai@gmail.com

## बचाउन नसकिने बहाना

*समय* राष्ट्रिय साप्ताहिकको वर्ष ३, अंक १०५ मा फरक मतअन्तर्गत 'मैले न्याय पाउँछु त ?' शीर्षकमा प्रकाशित दीपाञ्जली मोक्तानले सर्वसाधारणसामु गरेको अनुरोध अपाच्य लाग्यो। जनआन्दोलनताका चैत २९ गते आफ्नो खोसिएको हकअधिकारका लागि लडिरहेका जनतामाथि ताकेर हानेको गोली (जसको प्रमाण चैत ३० गते कान्तिपुरमा छापिएको छ) जनतामाथि गरिएको अन्याय हो वा उनका पतिमाथि भएको अन्याय हो ?

हो, एउटा फौजीको कर्तव्य अफिसरको आदेश पालना गर्नु हो, तर त्यसको मतलब शान्तिपूर्ण जुलुसमा आएका जनतामाथि गोली प्रहार गर्नु होइन। आफ्नै घरबाट हानिएको गोलीले घाइते भएका जनतासँग क्षमा माग्नु त कता कता, गल्ती नभएको प्रस्ट पार्न खोज्नु मूर्खता हो। आफ्ना पतिको बचाउका लागि गरिएको असफल प्रयासबाहेक केही मान्न सकिँदैन यसलाई।

जनअधिकारका लागि सडकमा उत्रेका बेला आफूलाई राष्ट्रप्रति बफादार फौजीकी श्रीमती मान्ने उनी बीसजनाभन्दा बढीले ज्यान गुमाएका बेला र सयौंको ज्यान जोखिममा परेका बेला कहाँ हराएकी थिइन् ? एउटा उच्चपदस्थ फौजी जसको ज्यानको निश्चितता हुँदैन उसको घरको

## लेख गलत भयो

*समय* पत्रिकाको वैशाख २१ को अंकमा प्रकाशित लजना मानन्धरको 'निष्ठुरी मन' शीर्षकको लेख गलत भएको जानकारी दिन चाहन्छौं। २०६३ वैशाख १ गते काठमाडौं मिड टाउन रोटरी क्लबको साप्ताहिक बैठकमा जनआन्दोलनमा घाइते भएकाहरूलाई उपचारका लागि चन्दा संकलनको बारेमा छलफल भएको थियो। उक्त काम रोटरी इन्टरनेसनलको नीतिअन्तर्गत गर्नु पर्ने कुरामा सबैको सहमति पनि भएको थियो, तर यसका संस्थापक अध्यक्ष रूप ज्योतीले उक्त प्रयोजनका लागि चन्दा संकलन गर्न रोकेको भनी लेखेको उक्त लेख गलत र तथ्यमा आधारित नभएको हुँदा भ्रम निवारण गरिन्छ।

■ **कोमल चित्रकार, अध्यक्ष र पूर्व अध्यक्षहरू अम्बिका श्रेष्ठ, आनन्द तुलाधर, डा. लेखा तुलाधार, गिरीधर मानन्धर, योगेन्द्र प्रधान, विलयम मा, हार्टमुट बाउडर र अजय स्थापित**

## 'निष्ठुरी मन'बारे स्पष्टीकरण

वैशाख २१ को *समय* साप्ताहिकमा मैले लेखेअनुसार रूपज्योतीले जनआन्दोलनमा घाइते भएकाहरूलाई उपचारका लागि चन्दा दिन रोटरीलाई रोक लगाएको होइन भनी रोटरीका अध्यक्ष तथा पूर्व अध्यक्षहरूले खण्डन गरी पत्र पठाएका रहेछन्। म साह्रै



अचम्भित भएँ। मैले बुझ्न नसकेको रहस्य के हो भने उहाँहरूले किन त्यो घटना लुकाउन खोज्नुभएको हो ? प्रकाश अमात्य त्यस दिन छलफलका प्रत्यक्षदर्शी थिए। साथै संलग्न रूप ज्योती, गिरीधर मानन्धर र कोमल चित्रकारबाट लेखिएका इमेलहरू आफैंले वास्तविकता के हो बताउँछन्। साथै म रोटरी क्लब मिड टाउनलाई त्यस दिनको माइन्युट प्रकाशमा ल्याएर यथार्थ के हो सुस्पष्ट पारिदिनु हुन अनुरोध गर्दछु।

■ **लजना मानन्धर**
काठमाडौं

सिसा फुटेको सानो कुरालाई अन्याय भएको मान्न मिल्छ ? सायद उच्चपदस्थ व्यक्तिहरूका लागि घरको झ्यालको सिसाको मूल्य गरिब जनताको ज्यानको मूल्यभन्दा बढी नै हुने हो कि ?

■ **पूजा शर्मा**
डिल्लीबजार कन्या क्याम्पस,
काठमाडौं

## विचरी दीपाञ्जली सा'बनी !

*समय*को गत अंकको आकर्षण बन्यो, रूपसागर मोक्तानकी श्रीमती दीपाञ्जली सा'बनीको दुःख । विचरी सा'बनीलाई कति दुःख परेछ ! उहाँ घर जान सक्नुभएको छैन रे, घरका सबै सिसा फुटेका छन् रे, गमलाहरू एउटै बाँकी छैनन् रे ! उनको दुःखको कथा सुन्दा ती आँखा, हात र जाबो ज्यान गुमाएकाबारे व्यर्थैमा बढी पो प्रचार भएछ जस्तो लाग्यो !

मलगायत हामी सम्पूर्ण गोंगबुवासी सरकारसँग अपिल गर्दछौं दीपाञ्जली सा'बनीको दुःख सुनियोस् र उनको मर्का र दुःख मनन गरेर एआइजी सा'बको जागिर नखोसियोस्, उनीमाथि कारबाही नगरियोस् । अन्यथा ज्यान गुमाउने २१ सहिद र घाइते भएका हजारौंलाई पीडा महसुस हुनेछ । सा'बनीमाथि परेको पीडाले म हात भाँचिएको र मजस्ता अन्य सबै मित्रलाई दुःख महसुस भएको जानकारी गराउँछु ।

■ **केदार बराल, सिन्धुली,**
हाल : गोंगबु

## मलाई झनै मर्माहित बनायो !

वैशाख २८ मा *समय*मा प्रकाशित 'फरक मत'मा *समय* संवाददातासँग कुराकानीमा आधारित भनी मद्वारा अभिव्यक्त नगरिएका 'जनआन्दोलनको क्रममा शान्तिसुरक्षा कायम गर्ने क्रममा मेरा पति एउटा सिपाहीको कर्तव्य हाकिमहरूको आदेश मान्ने हुँदा, आदेशको पालना गर्छन्, तर मलाई त्यो समयमा आमाको गर्भमा रहँदादेखि फौजीको नुन खाँदै आएकोमा धिक्कार लाग्यो' जस्ता शब्द समाविष्ट भएको हुँदा यसबाट हुने अनर्थले मलाई झन् मर्माहित बनाएको छ । सो सम्बन्धमा न्यायप्रेमी कसैलाई पनि भ्रम नहोस् भनी सबैलाई जानकारी गराउँछु ।

१ मेरो घरलाई भूपू डिएसपीको घर भनी आक्रमण गरिएको ।

२ टेलिफोन लाइन आक्रमणकारीहरूले काटिदिएका कारण श्रीमान्सहित कसैलाई पनि



जानकारी गराउन नपाएको ।

३ घरको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीलाई लामो समयसम्म संयमता अपनाउन अनुरोध गरेकी थिएँ । त्यसैअनुसार संयमता अपनाए ।

■ **दीपाञ्जली मोक्तान**
गोंगबु, काठमाडौं




# अब लोकतन्त्र धान

**अहिले मुलुकमा** बडो चल्तीको नारा बनेको छ- लोकतन्त्र । यसै क्रममा कृषि मन्त्रालयअन्तर्गतको राष्ट्रिय वीउबिजन समितिले हालै उन्मोचन गरिएको धानको नाम 'लोकतन्त्र' राखिदियो ।

जनकपुरस्थित राष्ट्रिय धानबाली कार्यक्रमको करिब एक दशकको अध्ययनपछि सार्वजनिक गरिएको धानलाई वैज्ञानिकहरूले 'राधिका' नाम राख्न सुझाएका थिए, तर समितिअन्तर्गतको जात उन्मोचन तथा दर्ता उपसमितिले राधिका नाम मेटेर लोकतन्त्र राखेर राजनीतिक अवसरमा दाउ छोप्यो । राष्ट्रिय कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक डा. रामप्रताप साह अध्यक्ष रहेको उपसमितिले त्यस्तो निर्णय गरेको हो ।

प्रशस्तै चुनौती रहेकाले पनि नेपालमा लोकतान्त्रिक व्यवस्थाको भविष्यबारे अहिल्यै आश्वस्त भइहाल्ने बेला भएको छैन, तर लोकतन्त्र धान भने निकै फलदायी हुने कृषि अनुसन्धान परिषद्का प्रवक्ता भोलामानसिंह थापा बताउँछन् । थापाका अनुसार लोकतन्त्र धान आकाशेपानीमा भर पर्ने तराईका मैदानदेखि मध्य पहाडका बेसी र खोंचमा समेत लगाउन सकिन्छ ।

लोकतन्त्र राम्रो उत्पादन (प्रतिहेक्टर ३ हजार ६ सय ४० किलो), मध्यमखालको स्वादिष्ट दाना र राम्रो चामल (६८ प्रतिशत) बस्ने धान हो । त्यसो त लोकतन्त्र कम उर्वराशक्ति भएको माटोमा पनि सप्रने, खडेरी सहन सक्ने, मरुवा र डढुवा रोग नलाग्ने प्रवक्ता थापाको दाबी छ । थापा भन्छन्, 'नार्क आफैले विकसित गरेको यो धान हाम्रो देशका लागि निकै उपयोगी छ ।' ■

# वृद्धवृद्धा खुसी पार्दै आमाको वार्षिकी

**व्यापारी सुरेन्द्रबहादुर** शाही र वीरेन्द्रबहादुर शाहीले आमाको पहिलो वार्षिकी घरको चौघेरामा मनाएनन् । उनीहरू पशुपति पुगे र त्यहाँका दुई सयभन्दा बढी वृद्धवृद्धालाई इच्छाभोजन गराएर आफ्नी आमाको सम्झना गरे ।

ठमेलका यी व्यापारी दाजुभाइलाई जहिल्यै समाजका दुखी, गरिब र असहायको आँखामा खुसी देख्न पाए हुन्थ्यो जस्तो लागिरहन्थ्यो । उनीहरूले आफ्नी आमाको वार्षिकीमा यस्तै असहायहरूको आँखामा खुसी छरिदिए, जसले पितृत्व सन्तुष्ट भएको अनुभव मात्र गरेनन् यी दाजुभाइले, आफ्नै अगाडि समाजका सयौं आमाबुबा मक्ख परेकोसमेत देख्न पाए ।

पशुपति वृद्धाश्रममा रहेका २ सय ३० वृद्धवृद्धालाई विभिन्न परिकार त खुवाए नै शाही बन्धुहरूले, उनीहरूको प्राथमिक स्वास्थ्य जाँच पनि गराए । यी दाजुभाइले प्राथमिक स्वास्थ्य जाँचमा समस्या देखिएका वृद्धवृद्धाको उपचार गर्नेसमेत प्रतिबद्धता व्यक्त गरेका छन् ।

यसअघि सुरेन्द्रले आफ्नो बिहेको पच्चीसौं वार्षिकोत्सव पनि यिनै वृद्धवृद्धामाझ मनाएका थिए । 'घरको चौघेरामा पार्टी गर्दा त आफ्नै नजिकका साथीभाइ खुसी हुने मात्र हुन्, तर माया चाहिएकाहरूसँग यसरी सँगै बस्दा बेग्लै आनन्द आउने रहेछ', सुरेन्द्र भन्छन् । उनका भाइ वीरेन्द्र पनि आफ्ना साथीसँगीलाई वृद्धवृद्धा र समाजका दुखी एवं गरिबको हितमा कार्यक्रम गर्न लगाएर समाजसेवामा लाग्न प्रोत्साहित गर्ने विचारमा छन् । 'कतिलाई त यहाँ यस्ता दुखी एवं गरिब बसिरहेका छन् भन्नेसम्म थाहा छैन', पशुपति वृद्धाश्रम परिसरमा वृद्धवृद्धालाई भोजन खुवाउँदै उनले भने । ■


तेजबहादुर बस्नेत

▲ इच्छाभोजन गर्न पाएर वृद्धवृद्धा मक्ख परे




## एड्सविरुद्ध अभियान

**दीपेन्द्र दाहाल** २०५४ सालदेखि एचआइभी/एड्सबाट संक्रमित छन्। अहिले उनी संक्रमितहरूलाई नै सेवा-सल्लाह दिन व्यस्त देखिन्छन्। आफूमा एचआइभी देखा परे पनि जोसिला दाहाल भन्छन्, 'सन् २००७ सम्म एचआइभी/एड्स नियन्त्रण गरेरै छाड्छौं।'

अभियानमा दाहाल एक्लै छैनन्। उनी जस्तै पोजेटिभहरू मिलेर बिर्तामोडमा झापा प्लस नामको संस्था खोलेका छन्। संस्थालाई कुनै दातृ संस्थाले आर्थिक सहयोग नगरे पनि आफ्नो लक्ष्य र उद्देश्यबाट विमुख नहुने बताउँछन्, संस्थाका अध्यक्ष मेयर अलि खान। उनी भन्छन्, 'झापामा एचआइभी/एड्ससम्बन्धी काम गर्ने दर्जनौं संस्था छन्, तर पीडितहरूको बारेमा भन्दा पैसा हता पार्ने कुरामा बढी होड चल्छ।' लागूऔषध सेवन गरेर होस् या अन्य कारणबाट एचआइभी भएमा पीडितले राम्रो परामर्श पाउन नसकेको सरोकारवाला संघसंस्थाले स्विकारेका छन्। स्थानीय लाइफ लाइन हेल्प ग्रुपका नवीन पोखरेल भन्छन्, लागूऔषध सेवनकर्तालाई मात्र प्रायः उपचार र परामर्श प्रदान गरिन्छ। आवश्यक सल्लाह, तालिम र व्यवस्थापन नहुँदा एड्सबाट पीडितहरूलाई सहयोग गर्न नसकेको उनी बताउँछन्। झापाको बनियानी, पृथ्वीनगर, शनिश्चरे, चारपाने, अर्जुनधारा, धुलाबारी, काँकरभिट्टालगायतका गाविसमा एचआइभी पोजेटिभ संक्रमित देखा परेका छन्।

आम्दा नेपालको दमक शाखाले सन् २००५ मा गरेको सर्वेक्षणअनुसार झापामा १ सय ७० जना एड्ससंक्रमित छन्। तीमध्ये १ सय २० पुरुष, ५० महिला र २० बालबच्चा छन्। झापा प्लसमा मात्र ६० जना संक्रमितले सम्पर्क गरेका छन्। सम्पर्क भएकामध्ये २० लाई आवश्यक परामर्श र उपचारका लागि काठमाडौं रिफर गरिएको संस्थाका सचिव दीपेन्द्र दाहाल बताउँछन्। सन् १९८१ मा अमेरिकामा देखा परेको एचआइभी/एड्सबाट नेपालमा ७४ हजार संक्रमित भएको अनुमानित तथ्यांक राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण महाशाखाका डा. पुलकित चौधरीले हालै झापाको एक कार्यक्रममा सार्वजनिक गरे। अन्य देशको तुलनामा संक्रमण दर घटेको देखिए पनि मुलुकभित्रकै तथ्यांक हेर्ने हो भने यथास्थितिमा छ। नेपाल प्रेस इन्स्टिच्युटद्वारा हालै आयोजित एचआइभी/एड्स संक्रमणसम्बन्धी प्रभावकारी समाचार लेख विषयक कार्यशालामा संक्रमितहरूले अब नीति निर्माणको तहबाटै उनीहरूको हेरचार र सहायता केन्द्रित कार्य गर्न माग राखेका छन्। विश्वमा हाल प्रत्येक ६ सेकन्डमा एकजना व्यक्ति संक्रमित हुनेतर्फ संकेत गर्दै त्यसको आवश्यक नियन्त्रणका लागि सीमा क्षेत्रमा कडाइ गर्नसमेत माग राखिएको थियो।

■ **मदन खरेल/झापा**

## सहिद बने वयलकोटी



**ठमेल गल्कोपाखामा** विगत १७ वर्षदेखि जुत्ता सिलाएर आफ्नो पाँचसदस्यीय परिवारको गुजारा चलाउँदै आएका नुवाकोट विदुर-७ लामाटारका चन्द्र वयलकोटी लोकतान्त्रिक आन्दोलनका एक्काइसौं सहिद बन्न पुगे। २०४६ सालको जनआन्दोलनमा पनि भर्खरै विवाह गरेका वयलकोटी सहभागी थिए। 'पटक पटक आग्रह गर्दा पनि हामी चुप लागेर बसे परिवर्तन कसले गरिदिन्छ भनेर हामीलाई नै सिकाउनु हुन्थ्यो', उनकी पत्नी कल्पना वयलकोटीले भावविह्वल हुँदै भनिन्।

सहिद परिवारका चन्द्र वैशाख ९ गते भोटाहिटीमा सुरक्षाकर्मीको अश्रुग्याँस र लाठीबाट गम्भीर घाइते भए। उनलाई लुकाउने सुरक्षाकर्मीले प्रयास गरे पनि मानवअधिकारवादी र सुरक्षाकर्मीबीच तानातानसमेत भयो। दिनहुँ गोंगबुमा कर्फ्यु र सरकारी निषेधाज्ञा तोड्दै अघि बढ्ने वयलकोटीको परिवारमा उनी घाइते भएदेखि नै समस्या थपिँदै थियो। काम गर्दागर्दै जेनतेन परिवार धान्न सक्ने उनको परिवारमा अब कमाइ गरेर ल्याउने कोही छैन, ठमेलको सडकमा जुत्ता सिलाएर २ छोरी र १ छोरा सरकारी विद्यालयमा पढाउँदै आएका वयलकोटी परिवारमा अहिले अन्योल छाएको छ।

वैशाख ९ गते उनलाई भोटाहिटीमा छातीमा अश्रुग्याँस लागेर ढलेपछि सुरक्षाकर्मीले अमानवीय तवरले फिलामा कुटेका थिए। उनको कृत्रिम श्वासप्रश्वासका साथ २ साता मेडिकेयर अस्पतालमा उपचार गर्दागर्दै गत शनिवार रातको पौने बाह्र बजे संसारबाट बिदा लिए। सत्र वर्षअघि राजधानीकै धुम्बाराहीकी कल्पनासँग विवाह बन्धनमा बाँधिएका वयलकोटी विवाहपश्चात् राजधानीमै जुत्ता सिलाउने काम गर्दै आएको उनका दाजु गोपाल सार्कीले बताए। एमालेका सक्रिय कार्यकर्ता वयलकोटी नेपाल उत्पीडित जातीय मुक्ति समाज काठमाडौंका सदस्य पनि हुन्।

३५ वर्षीय वयलकोटीका १४ वर्षीया छोरी मनु, ५ वर्षीया छोरी कञ्चन र ११ वर्षीय छोरा सुमन छन्। यिनीहरू क्रमशः ६, १ र ३ कक्षामा पढ्छन्। वयलकोटीको पार्थिव शरीरलाई अन्तिम श्रद्धाञ्जली दिन एमाले महासचिव माधवकुमार नेपाल, स्थायी समिति सदस्य अमृतकुमार बोहरा, नुवाकोटका एमाले सांसद महेन्द्रबहादुर पाण्डे र राजेन्द्र लोहनी तथा नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसी, नुवाकोट कांग्रेसका सभापति जगदीशनरसिंह केसी शिक्षण अस्पताल पुगेका थिए।

■ **विष्णु तारुके/काठमाडौं**

## विवाह गर्दा कुटपिट

**'मलाई र मेरी** श्रीमतीलाई माओवादीले आफ्नो नीतिविपरीत विवाह गरेको भन्दै कुटे', माओवादीका पूर्व प्लाटुन कमान्डर देवेन्द्र शिवाको भनाइ हो यो। इलाम शान्तिपुर-७ का २२ वर्षीय शिवासँगै उनकी श्रीमती २२ वर्षिया शोभा राईलाई जनमुक्ति सेनाले पार्टीको निर्देशन भन्दै निर्घात कुटपिट गरी सख्त घाइते मात्र बनाएनन्, उनीहरूलाई सहयोग नगर्न उर्दी नै जारी गरे, यो साता। शिवा र राईलाई वैशाख १९ गते घरमै बसिरहेका बेला १५-२० जनाको संख्यामा आएका माओवादीले अपहरण गरेका थिए।

पीडित राईका अनुसार जनमुक्ति सेनामा कार्यरत रहेका बेला शिवासँग प्रेम सम्बन्ध गाँसिएको थियो। दुवैले पार्टीसमक्ष विवाह प्रस्ताव राख्दा पनि पार्टीले अनुमति नदिएपछि उनीहरू भागेका थिए। राई भन्छिन्, 'पार्टीले अनुमति नदिएपछि हामीले धनकुटाबाट पार्टी छाडेर विवाह गर्‍यौं।' घटना विवरण अनुसार कुटाइपश्चात् देवेन्द्र शिवा सोही रात माओवादी हिरासतबाट भागेका थिए भने श्रीमती शोभा पनि वैशाख २० गते राति भागेकी थिइन्। घाइते अवस्थामा रहेका शिवा दम्पतीलाई माओवादी जनमुक्ति सेनाले खोजिरहेकोमा उनीहरू गाउँमै लुकेर बसेका थिए।



▲ बिहे गर्दा कुटाइ खाएका देवेन्द्र आफ्नो पीडा व्यक्त गर्दै

उनीहरूलाई इन्सेक इलामका प्रकाश अधिकारी र झापाका इन्सेक प्रतिनिधि अर्जुन बस्नेत, हरेक्डका नारायणप्रसाद पराजुली र हर्क, इलामका ईश्वर लुईंटेल सम्मिलित मानवअधिकारकर्मीहरूको एक टोलीले उद्धार गरेको थियो । शिवाको स्वास्थ्य स्थिति गम्भीर बन्दै गएको छ। घाइतेको बिर्तामोडस्थित कञ्चनजंघा हस्पिटलमा उपचार गराइएको थियो। पीडितद्वय हाल बिर्तामोडमा आफन्तकोमा बसेका छन्। माओवादी पार्टीले भने घटनाका सम्बन्धमा केही बताएको छैन।

■ **मदन खरेल/झापा** (तस्वीर पनि)



▲ पण्डित नारायणप्रसाद पोखरेलको हत्याको एक वर्ष बित्यो तर रहस्य अझै पत्ता लागेन

# खुलेन रहस्य

**वाचनशिरोमणि पण्डित** नारायणप्रसाद पोखरेलको हत्या भएको एक वर्ष पुगेको छ, तर उनको हत्याको छानबिन अझैसम्म हुन सकेको छैन । गम्भीर मौनताले उक्त हत्या प्रकरण रहस्यको गर्भमै बिलाइरहेको छ ।

भागवत कथावाचनको क्रममा रूपन्देहीको रामापुरमा आएका बेला गत वर्ष वैशाख २३ गते शनिवार बिहान पोखरेलको हत्या गरिएको थियो । उनको हत्याको जिम्मा माओवादी निकट दलितमुक्ति मोर्चाले लिए पनि माओवादी नेतृत्वले घटनाबारे हालसम्म खुलस्त बोलेको छैन ।

रामापुर उच्च माविको सहयोगार्थ सञ्चालित धनधान्याचल महायज्ञको छैटौं दिन पोखरेलको हत्या गरिएको थियो । माओवादीले घटनाको जिम्मेवारी अस्वीकार गरेको त छैन भने जायज भएको बताउन पनि सकेको छैन । न त अन्यत्रका केही घटनामा जस्तै छानबिन गरी क्षमा नै मागेको छ ।

पोखरेल हत्या लगत्तैदेखि घटनाको निष्पक्ष छानबिन गर्न चौतर्फी दबाव उत्पन्न भए पनि शाही सरकार र माओवादीको उदासीनताले अहिलेसम्म छानबिन हुन सकेको छैन ।

हत्या प्रकरणाप्रति पटक्कै चसो नदेखाएको तत्कालीन शाही सरकार ढलेपछिको परिवर्तित परिस्थितिमा छानबिन गर्न सजिलो हुने ठहर गर्दै उनका अनुयायीहरूले नयाँ सरकारले छिटो छानबिन गर्नु पर्ने राय व्यक्त गरेका छन् । स्वयं उनका छोरा दीनबन्धु पोखरेलले पनि उनलाई धार्मिक सहिद घोषणा गर्नु पर्ने र नयाँ सरकारले हत्याको छानबिन गर्नु पर्ने माग गरेका छन् ।

छुवाछूत र राजहठका प्रस्ट विरोधी भनिएका पं. पोखरेलको हत्याबारे माओवादी नेतृत्व मौन रहेपछि सो हत्या प्रकरणमा पोखरेलको समानान्तर विश्व हिन्दु महासंघ चलाउने अतिवादी नेतृत्वकर्ता जनरल भरतकेशर सिंह र राज्यकै संलग्नता भएको हुन सक्ने शंका गर्नेहरू पनि धेरै थिए । यद्यपि, लामो समय बित्दासमेत माओवादी नेतृत्वबाट जिम्मेवारी अस्वीकार गरिएको कुरा नआएपछि त्यस्ता आशंका गर्नेहरूको तर्क सेलाउँदै गएको छ । बरु माओवादीले नै हत्या गरेको कुरालाई नपत्याउने धेरै जना त्यति बेला घोर आश्चर्यमा परे, जति बेला घटनाको केही महिनापछि माओवादी निकट दलित मुक्ति मोर्चाले हत्याको जिम्मेवारी लिएका पर्चा, पम्प्लेट हत्या भएकै ठाउँ र स्थानीय मन्दिरमा टाँसे ।

धार्मिक प्रवचनका माध्यमबाट खास गरी शिक्षालय र विकास निर्माणका लागि करोडौं रुपैयाँ जुटाएका पं. पोखरेलको हत्या हुनु स्वयंमै रहस्यपूर्ण विषय हो । हत्या हुँदा उनी प्रवचनकै तयारीका लागि बिहानको नित्यकर्म सक्दैथिए ।

अन्तर्राष्ट्रिय चर्चामा रहेका र छुवाछूतविरोधी सन्देश दिने गरेका उनको हत्या छुवाछूत अन्त्य हुनु पर्ने एजेन्डा नै बोकेको माओवादीको दलित मुक्ति मोर्चाले गरेको र छुवाछूतलाई प्रश्रय दिएको आरोप लगाएको घटनाले धेरैलाई अचम्म पारेको थियो । यो कुरा धेरै दिनसम्म अपत्यारिलो बने पनि आजसम्म हत्याको अरू कोही जिम्मेवार भएको पुष्टि भएको छैन ।

शाही सरकारले पनि उक्त प्रकरणलाई ओझेलमै पारिदिएको थियो । शाही सरकारका संचारमाध्यमहरूले हत्याप्रकरणको समाचारलाई कत्ति पनि स्थान दिएका थिएनन् । छानबिनका लागि चौतर्फी दबाब उत्पन्न हुँदा न त शाही सरकारले छानबिन गऱ्यो, न त माओवादीले नै ।

शाही पार्श्ववर्ती भरतकेशर सिंह अध्यक्ष रहेको विश्व हिन्दु महासंघको समानान्तर संस्थाका अध्यक्ष पोखरेल शाही सरकारद्वारा नरुचाइएका व्यक्ति थिए । उनको हत्याले उन्का प्रतिद्वन्दीका इच्छालाई बल पुऱ्याएको टिप्पणी गर्नेहरू धेरै छन् ।

### नासो बन्दै छ क्याम्पस

हत्याको ठिक एक वर्ष पुगेको दिन रामापुर सुनसान थियो । हत्याको अघिल्लो दिनसम्म उनले प्रवचन दिएको यज्ञस्थलको यज्ञमण्डप अझसम्म पनि भत्काइएको थिएन, तर जीर्ण मण्डपमा बाख्रा बसिरहेका थिए । त्यसको अघिल्तिर नयाँ भवन ठडिइरहेको थियो । त्यो त्यही निर्माणाधीन भवन हो, जसको निर्माणका लागि पं. पोखरेलले प्रवचन दिइरहेका थिए र यज्ञ नसकिँदै उनको हत्या भएको थियो ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष डिल्लीराज ज्ञवालीले भने, 'उहाँको सपना पूरा गर्न यो क्याम्पस भवन निर्माणलाई द्रुत गतिमा अगाडि बढाएका छौं ।' उनको भनाइअनुसार क्याम्पसको आधुनिक भवनको निर्माण कार्य सकिनै लागेको छ । यसका लागि स्थानीय गाविस तथा संघसंस्थाले पनि दिल खोलेर सहयोग पुऱ्याइरहेका छन् । भवनको अघिल्तिर निर्माणाधीन गेटमा पं. पोखरेलको मूर्ति राखिनेछ, तर हत्याको लगत्तै कुरा उठेझैं क्याम्पसको नाम उनको नाममा रूपान्तरण भने गरिएको छैन ।

गत वर्ष सो ठाउँमा पोखरेलले प्रवचन दिएका दिनमा झन्डै ४५ लाख रुपैयाँ उठेको थियो । अझ झन्डै आठ लाख रुपैयाँ उठ्न बाँकी रहेको अध्यक्ष ज्ञवालीले जानकारी गराए । उनको हत्यापछि केही महिनाअघि उनका छोरा दीनबन्धु पोखरेलले सोही ठाउँमा प्रवचन दिएका थिए । वार्षिकीको सन्दर्भमा पनि रामापुरमा उनले नै प्रवचन दिने कार्यक्रम तय भएको थियो, तर लोकतान्त्रिक आन्दोलनले गर्दा त्यसको तयारी गर्न नभ्याइएको अध्यक्ष ज्ञवालीले बताए ।

वार्षिकीका अवसरमा रूपन्देहीमा श्रद्धाञ्जली सभाहरू भएका थिए । ती सभामा हत्याको छानबिन हुनु पर्नेमा जोड दिइएको थियो । हिरण्यमान थैव, प्रद्युम्नलाल श्रेष्ठ, अशोक कसौधन, अम्बिका पौडेल, वेनबहादुर पौडेलगायतको भनाइ थियो, 'परिस्थिति बदलिएको छ, हत्याको छानबिन गर्नु पर्छ ।'

■ **दीपक ज्ञवाली/बुटवल** (तस्वीर पनि)

# सुरुङबार निर्माण रोकियो

**तीन दशकभन्दा** लामो समयदेखि हात्ती आतंक झेल्दै आएका झापालीको समस्या समाधानको लागि जिविसले ३० लाखको लगानीमा बनाउन थालिएको सुरुङबारको निर्माण कार्य स्थगित भएको छ।

भारतीय सिमानामा पर्ने हात्ती छिर्ने मुख्य नाका बाहुनडाँगी गाविसको आठ किमी क्षेत्रफलमा सुरुङबार निर्माण सुरु गरिएको थियो, तर योजना निर्माण सम्पन्न हुनुअगावै स्थानीयवासीले विरोध गरेपछि निर्माण कार्य रोकिएको हो। बाहुनडाँगी गाविसको तिरिङ खोलादेखि मेची नगरपालिकासम्म सुरुङबार निर्माण गर्ने योजनाअनुरूप मंसिर ८ गतेदेखि निर्माण कार्य सुरु गरिएको थियो। योजनानुसार ७ फिट गहिराइको खाल्डो खनेर १० फिटको अग्लो बालुवाको पर्खाल लगाएर पक्की संरचना निर्माण हुनु पर्ने थियो।

तर सुरुङबार निर्माणका क्रममा जग्गा मिचिने जग्गाधनीले निर्माणका लागि क्षतिपूर्ति नदिएको भन्दै काममा अवरोध सिर्जना गरेपछि काम रोकिएको हो। यसका साथै हात्ती पीडित स्थानीय बासिन्दाले सुरुङबार निर्माणका क्रममा रकम दुरुपयोग गरी पारदर्शी कार्य नभएको बताएका छन्। समस्या समाधान हुन नसके यसै आर्थिक वर्षभित्र निर्माण सम्पन्न गर्ने जिविसले लक्ष्य लिएको बताइए पनि हालसम्म एक चौथाइ समेत काम हुन नसकेको निर्माण समितिका पदाधिकारीहरू नै बताउँछन्।

स्थानीय उपभोक्ता समितिमार्फत निर्माण सुरु गरेको जिविसले अहिलेसम्म सो कार्यको लागि



नारायण खड्का

▲ अब यो सुरुङबार कहिल्यै बनिनसक्ने भयो

१० लाख ६० हजार रकम खर्च भइसकेको जनाएको छ। स्काभेटर प्रयोग गरी निर्माण सम्पन्न गर्ने लक्ष्यअनुरूप काम सुरु गरिएको भए पनि सडक विभागबाट ल्याइएको स्काभेटर समेत फिर्ता भइसकेको छ। दैवीप्रकोप न्यूनीकरण कार्यक्रम अन्तर्गतको बजेट विनियोजन गरी निर्माण सुरु भएको सो योजना सोचे जसरी कार्य हुन नसकेको तत्कालीन जिविस सभापति राजेन्द्र लिङदेनले स्विकारेका छन्। हात्ती प्रवेश गर्ने मुख्य नाकामा हात्तीलाई प्रवेश गर्न नदिने उद्देश्य स्वरूप निर्माण सुरु गरिए पनि सो प्रभावकारी हुन नसकेपछि निर्माण कार्य स्थगित गर्नु परेको निर्माणमा संलग्न व्यक्तिहरू बताउँछन्।

जिविसले योजना सुरु गरेपछि सो निर्माणस्थलमा पर्ने स्थानीयवासीको जमिनको कुनै क्षतिपूर्तिको व्यवस्था नगरेपछि स्थानीयवासीले योजना निर्माणको लागि जग्गा उपलब्ध गराएनन्, जसका कारण योजना निर्माण स्थगित हुन पुगेको निर्माण समितिका निर्देशक अशोक सुब्बा सुनाउँछन्। निर्माणका लागि ल्याइएको ढुंगा, गिट्टी लगायतका सामग्री चोरी समेत हुन थालेको छ।

जिविसले सुरुङबारको योजना अगाडि ल्याउँदा नै सो क्षेत्रका बासिन्दाले यस योजनाको विरोध गरिएको बताउँछन्। हात्ती आतंक झेल्न बाध्य बासिन्दाले सुरुङबारले हात्ती आतंक नियन्त्रण नहुने बरु यसको सट्टा हात्ती छिर्ने मुख्य नाकामा विद्युतीकरण गरिनु पर्ने प्रस्ताव राखेका थिए।

■ **नारायण खड्का/बाहुनडाँगी, झापा**




गोरखकाली रबर उद्योग लिमिटेड

मुख्य कार्यालय : मजुवा, देउराली, गोरखा। फोन नं. (०६५) ५४००७९, (०६५) ५४००४६, फ्याक्स न. (०६५) ५४००८०

काठमाडौं कार्यालय : कालिमाटी, काठमाडौं। फोन नं. ४२७११०२, ४२७४५३७, ४२७६२७४, फ्याक्स नं. ९७७-१-४२७०३६७

पो.ब.नं. १७००, ईमेल : grul@wlink.com.np



तस्वीरहरू : विश्वमणि पोखरेल

▲घर बनाउन होइन घडेरी बेच्न गरिएको डिपिसी

# लालध्वज र राताडाँडा

**लमही बजारछेउको राताडाँडामा अस्थिपञ्जरजस्ता देखिने सयौं सिमेन्टका खम्बाहरू प्रतीक हुन् सशस्त्र द्वन्द्वको एक दशकसम्म ठप्प भएको विकासको र पीडित भएका अर्धसहरिया मध्यमवर्गको ।**

■ **विश्वमणि पोखरेल/लमही, दाङ**

**सत्र वर्षअगाडि** दाङ-देउखुरी उपत्यकाको राताडाँडामा असिनपसिन हुँदै चेन र फित्ता तानिरहेका डा. बाबुराम भट्टराई र उनको मेहनत देख्नेहरू भन्ने गर्थे, 'अब त राताडाँडामा सुन्दर सहर बन्ने भयो ।' त्यति बेला एउटा कुशल आर्किटेक्ट इन्जिनियरका रूपमा त्यहाँ क्रियाशील डा. बाबुराम कालान्तरमा सशस्त्र विद्रोही नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को दोस्रो ठूलो नेता कमरेड लालध्वजका रूपमा भूमिगत भए र राताडाँडाको सहर बन्ने सपना पनि त्योसँगै तुहियो ।

उर्वर देउखुरी उपत्यकाका दसवटा गाविसको व्यापारिक नाका हो, लमही बजार । त्यसकै शिरानमा सुन्दर बस्ती बसाल्ने, इलाकास्तरका सरकारी कार्यालय स्थापना गर्ने र बजार विस्तार गर्ने गुरुयोजनाको खाका तयार गरेका थिए, डा. बाबुराम भट्टराईले ।

राप्ती नदी किनारको लमही उपत्यका भौगोलिक रूपले दाङको सदरमुकाम घोराहीभन्दा भिन्न र टाढा छ । थारू समुदायको बाहुल्य भएको यो क्षेत्रमा बेग्लै प्रशासनिक र व्यापारिक केन्द्र हुनु पर्छ भन्ने वर्षौं पुरानो मागलाई ध्यानमा राखी यो गुरुयोजना तयार भएको थियो ।

पंचायतको आखिरी कालमा आवास विभागअन्तर्गत राताडाँडामा बस्ती र बजार बसाल्ने कामको प्रारूप कोर्ने जिम्मा डा. बाबुरामले पाएका थिए ।

त्यति बेला खयर र सालको जंगलमा असिनपसिन हुँदै डा. बाबुरामले फित्ता तानेको सम्झँदै एमाले नेता तीलक केसी भन्छन्, 'उनी गुरुयोजना तयार गर्ने प्रमुख इन्जिनियर थिए, तैपनि फित्ता तान्न पछि पर्दैनथे ।'

डा. बाबुरामले त्यसै बेला बनाएको योजना साँच्चै नै सुन्दर र चटक्क छ । उत्तरमा कलकल बग्ने अर्जुन खोला अनि चुरेपर्वत शृंखला, दक्षिणपूर्वमा राप्तीको फराकिलो उर्वर फाँट र पर राप्ती नदी । करिब ८२ बिघाको राताडाँडालाई डा. बाबुरामले स-साना चिरा चिरा पार्न सुझाएका थिए । सरकारी कार्यालय, बैंक, बिजुली अफिस र खानेपानी, दूरसंचार कार्यालय, अस्पताल, कलेज, पार्क, व्यापारिक भवन अनि स-साना घडेरीहरू योजनामा परेका थिए । व्यापारिक क्षेत्र, पार्क र सरकारी कार्यालय क्षेत्रका लागि आवासीय क्षेत्रको तुलनामा धेरै क्षेत्रफल र चौडा सडक रहनु यसका विशेषता हुन् ।

राताडाँडाको गुरु योजना बनाउने डा. बाबुराम अहिलेका माओवादी नेता लालध्वज नै हुन् भन्ने कुरा स्थानीय बासिन्दाका लागि चासोको विषय बने पनि नबने पनि डा. बाबुरामले फित्ता तानेको नजिकबाट अनुभव गरेका एमाले नेता तीलक

भन्छन्, 'त्यति मेहनती मानिस कसरी हतियार उठाएर काटमारमा लाग्न सकेका होलान् ?'

डा. बाबुरामले यो नयाँ सहरको योजना बनाउनु र हतियार उठाउनुका बीचमा कुनै सरोकार हुनु नपर्ने हो, तर होइन। यहाँका जान्ने बुझ्नेहरू भने उनी र उनको समूहले हतियार उठाएकाले यो सहर बन्नुअगाडि नै उजाड भएको मान्छन्। माओवादी विद्रोहको एक दशकमा मूलतः अर्धसहरिया मध्यमवर्गीय समाज कसरी पीडित भयो भन्ने असर हेर्नु पर्‍यो भने राताडाँडा पुगे हुन्छ। अहिले त्यहाँ योजना छ, जग्गा छ र छन् कंक्रिटका पिलरहरू पनि छैनन् त सहरमा बस्ने मानिसहरू मात्र।

केसी भन्छन्, 'बाबुरामहरूले हतियार नउठाएको भए लमही मध्यपश्चिमकै नमुना सहर बनिसक्ने थियो।' लमहीको सहरीकरणप्रति प्रत्यक्ष सरोकार राख्ने तीलक जस्तै सबै जानकार छैनन्, राताडाँडाबारे। त्यसैले महेन्द्र राजमार्ग भएर ओहरदोहर गर्ने जो कोहीको मनमा प्रश्न उठन सक्छ, 'सिमेन्टका पिलरहरू मात्र किन ठडिएको भनेर ?' स्थानीय बासिन्दाले राताडाँडा भन्ने गरेको रातो पाखोमा सिमेन्टका सयौं पिलरहरू देखिन्छन्। लहरै एकैनासका घरहरू बनाउने उद्देश्यले धेरै मानिसले डिपिसी गरेका होलान् भनेर पत्याउन पनि गाह्रो छ। अलपत्र परेको सरकारी योजनाजस्तो देखिन्छ राताडाँडा, तर यथार्थमा त्यहाँ सयौं मध्यमवर्गीयको पैसा डुबेको छ।

घडेरी किन्ने तर घर नबनाउने रोगबाट मुक्ति पाउन त्यति बेला नगरविकासले घडेरी किनेको २२ महिनाभित्रै डिपिसी उठाउनु पर्ने बाध्यात्मक प्रावधान राख्यो। नगरविकासले २०५७ देखि घडेरी किनेको २२ महिनाभित्र डिपिसी नगरेमा जग्गा पास नगर्ने बरु उल्टो २५ प्रतिशत रकम कट्टा गरेर पैसा फिर्ता दिने बाध्यात्मक व्यवस्था पनि थोपरिदिएको थियो। यो नीतिले घर बनाउन प्रोत्साहित गरेन बरु राताडाँडा सिमेन्टको अस्थिपञ्जर बन्न पुग्यो। राताडाँडा सिमेन्टका पिलरले ढाकिएको छ। सुरु सुरुमा घडेरी किन्न मरिमेट्नेहरू अहिले कसरी बेच्ने भन्ने चिन्तामा डुबेको स्थानीय भैरवबहादुर रावत बताउँछन्। कतिपय डिपिसी भत्किन थालेबाट घर बनाउने चाहना नभएको स्पष्ट हुन्छ।

राताडाँडा लमही नगरविकास आयोजनाका पूर्व अध्यक्ष कुलराज न्यौपाने पनि माओवादी विद्रोहको आर्थिक प्रभाव कति पर्‍यो भन्ने प्रत्यक्ष प्रभाव राताडाँडामा देखिने बताउँछन्। न्यौपाने भन्छन्, 'द्वन्द्वका कारण बसाइँसराइ र खरिदबिक्री ठप्प भयो।' न्यौपाने लमहीमा बसाइँ सरेका कतिपय मानिस नेपालगन्ज, बुटवल, नारायणघाटजस्ता ठूला सहरमा विस्थापित भएको जानकारी पनि दिन्छन्।

निश्चय नै बाबुरामले गुरुयोजनाको प्रारम्भिक काम गरेको नाताले त्यसको कार्यान्वयन हुन नसक्नुको दोष उनलाई दिन मिल्दैन, तर बाबुरामले २०५२ सालमा हतियार उठाएर सशस्त्र विद्रोह सुरु गरेपछि मध्यपश्चिमको तीव्र गतिमा सहरी र बजारीकरणतर्फ उन्मुख लमहीमा त्यसको मारमा परेको कुरा कसैले



▲ डिपिसी पनि जीर्ण भइसक्यो

चाहेर पनि लुकाउन सक्तैन।

बाबुरामको 'जनयुद्ध' बाक्लिँदै गएपछि त्यहाँ घर बनाएर बसोवास गर्नेभन्दा पिलर उठाएर घडेरी बेच्ने प्रवृत्ति विकसित भएको छ। घडेरी किनबेच गर्न डिपिसी गर्नु पर्ने बाध्यात्मक नीतिका कारण राताडाँडा छतविनाका पिलरहरूले ढाकिएको हो।

राताडाँडा मध्यमवर्गीय जागिरेहरूका लागि केन्द्रित गरेर परिकल्पना गरिएको सानो सहर हो। सातदेखि १२ धुरसम्मका स-साना घडेरीका रूपमा जग्गा चिरा पारेबाट योजनाले सानो जागिरे परिवारको आवश्यकतालाई ध्यान दिएको देखिन्छ। मध्यपश्चिम र पश्चिमका पहाडी क्षेत्रमा जागिरेहरूलाई राताडाँडामा चिटिक्क परेका घर बनाउने र राप्ती उपत्यकाको धान खुवाउने सुन्दर कल्पनामा गुरु योजना तयार भएको थियो।

माओवादी विद्रोह सुरु हुनुअघि महेन्द्र राजमार्गको छेउको राताडाँडामा सुन्दर बस्तीमा घडेरी जोड्ने र घर बनाउन चाहनेहरूको ओइरो नै लागेको थियो। अहिले त्यस्तो प्रतिस्पर्धा स्मृतिमा मात्र छ। माओवादी विद्रोह फैलँदै गएपछि माओवादीको विशेष क्षेत्र भनिने मध्यपश्चिमको लमही नगरविकास आयोजना मर्नु न बाँच्नुको दोसाँधमा उभिएको छ।

सरकारी ढिलासुस्ती, जग्गाअधिग्रहण तथा सरकार परिवर्तनसँगै नगरविकासको अध्यक्ष परिवर्तन हुने रोगका बीच आयोजना सुरु सुरुमा सल्बलाएको देखिन्छ, तर बाबुरामको हतियार बलियो हुँदै गएपछि त्यसको प्रत्यक्ष मार मध्यपश्चिमको आर्थिक कारोवारमा परेको ज्वलन्त उदाहरण बनेको छ, राताडाँडा। १५ सयभन्दा बढी घडेरीमा रूपमा चिरा परेको राताडाँडामा चारपटकको प्रतिस्पर्धाबाट ५४२ घडेरीमात्र बिक्री भएका छन्। २०५४ साल जेठमा पहिलोपटक आवासीय र व्यापारिक गरेर २०९ वटा घडेरी बिक्रीका लागि आह्वान गर्दा १ हजार २ सय आवेदन परेका थिए। सुरुमा दाङ जिल्लाका मानिसले मात्र घडेरी किन्न पाउने व्यवस्था थियो। त्यस बेला ८४ हजार मूल्य तोकिएका घडेरी ५ लाखसम्म किनबेच भएको लमही नगरविकास आयोजनाका लेखापाल एकराज चौधरी जानकारी दिन्छन्।

माओवादी सशस्त्र द्वन्द्व बाक्लिँदै गएपछि घडेरीको किनबेच घटेको र मोलमोलाइ पनि हुन छोडेको आयोजनाको तथ्यांकले देखाउँछ। पोहर जेठमा आवासीय र व्यापारिक गरेर बिक्रीका लागि खोलिएका ८६ घडेरीमध्ये १९ वटा घडेरी बिक्री नै भएनन्।

एक दशकको अवधिमा २०-२५ वटा घर बनेका छन्। सरकारी कार्यालय र बैंकका छतबाट हतियारधारी शाही सेनाले माओवादीको निगरानी राख्छन् भने नजिकैको सशस्त्र प्रहरीको ब्यारेकले सुरक्षा होइन भय सृजना गरेको अनुभव गर्दैछन् स्थानीय बासिन्दा। २०५८ चैतमा लमहीको इलाका प्रहरी कार्यालय र वाणिज्य बैंकमा माओवादीले आक्रमण गरेपछि त्यहाँ सशस्त्र प्रहरी र सेना तैनाथ गरिएको हो, तर ठूला र आधुनिक हतियारधारी सुरक्षाकर्मीको उपस्थितिपछि आर्थिक कारोवारमा उल्टो प्रभाव पारेको व्यवसायी बताउँछन्। लमहीका एक व्यापारी भन्छन्, 'सकेसम्म कारोवार कम गर्ने नियति भोग्नु परेको छ।' राताडाँडामा व्यापारिक प्रयोजनका लागि घडेरीसमेत किनेका ती व्यापारीले थपे, 'त्यहाँ घर बनाउन थाल्नु भनेको माओवादीलाई कमिसन ठिक्क पार्नु हो। त्यस्तो जोखिम किन लिने ?'

घडेरी किन्नेहरूमा अधिकांश प्यूठान, अर्घाखाँची, रोल्पा, सल्यान, गुल्मीका सरकारी जागिरे, मध्यमखाले व्यापारी र लाहुरेहरू भएको स्थानीय भैरवबहादुर रावत बताउँछन्। उनी भन्छन्, 'सुरु सुरुमा घडेरीको भाउ बढ्छ भनेर धेरै पैसा हालेर जग्गा किन्नेहरू अहिले कसरी बेच्ने भन्ने चिन्तामा डुबेका छन्।'

नेपाल विद्युत् प्राधिकरणमा कार्यरत भोजराज भट्ट सुरुमा महँगोमा किनेको घडेरी बेच्न हतारिनेमध्येका हुन्। उनी भन्छन्, 'एक त सुरुमा हालेको जति मूल्य पाउन गाह्रो छ, त्यसमा पनि डिपिसी गरेपछि मात्र बेच्न पाइने कडा व्यवस्थाले अझ मर्कामा पारेको छ।'

त्यसो त अझै राताडाँडाले काँचुली फेर्ने आशा मरेको छैन। स्थानीय समाजसेवी दिलीप खनाल राताडाँडामै घर बनाएर बस्ने थोरैमध्येका हुन्। बाहिरबाट आएका मानिसले द्वन्द्वका कारण घर नबनाएको उनको विश्लेषण छ। खनाल भन्छन्, 'यहाँ सबै पूर्वाधार छ, तर आर्थिक कारोवार ठप्प भएकाले सिमेन्टका पिलरको जंगल बनेको छ।' तर, उनी आशावादी छन्, 'शान्ति हुनेबित्तिकै राताडाँडा गुल्जार हुनेछ।'

डा. बाबुरामहरूले हतियार उठाएपछिको एक दशकमा मुलुकको आर्थिक सामाजिक क्षेत्रमा कस्तो असर पर्‍यो भन्ने एउटा सजीव तस्बीर हो, सिमेन्टको अस्थिपञ्जर बनेको राताडाँडा। अहिले लालध्वजले हतियार बिसाएको घोषणा गरेका छन्। के अब स्थानीय समाजसेवी खनालको आशा यथार्थमा परिणत भएर राताडाँडा गुल्जार होला त ? ■

# छेपारे नेताबाट पीडित

**कर्णालीका नौनी मानिएकाहरूले कर्णालीवासीलाई धोका दिएपछि यति बेला मुलुकको पन्ध्र प्रतिशत भूभाग ओगटेको यो क्षेत्र आवाजविहीन बनेको छ । छेपारे नेता चुन्नुको फल भोग्दै छन्, कर्णालीवासी ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

**यति बेला आवाजविहीन छ,** कर्णाली, तर यो अहिलेको समस्यामात्र होइन । राणा शासनदेखि प्रजातन्त्र हुँदै पञ्चायत र त्यसपछि अहिलेसम्म पनि समस्या एउटै हो- कर्णालीका नेता हावा जता चल्यो आफ्नो स्वार्थका लागि त्यतै पल्टिदिने पीपलपाते गुणमा निपुण छन् ।

प्रजातन्त्र पुनःस्थापनापछि केन्द्रले कर्णालीप्रति प्राथमिकतामा राखे पनि यिनै नेताहरूको छेपारे प्रवृत्तिका कारण केन्द्रले दिएका अवसर उपयोग हुन सकेनन् । २०४६ सालअगाडि जति पञ्चहरूको प्रभुत्व थियो, ०४६ पछि पनि तिनकै हालीमुहाली रह्यो । प्रजातन्त्रपछि पनि कर्णालीका जनताका लागि राजनीतिक परिवर्तन आएन । केन्द्रमा पाउन सकिने अवसरहरूलाई व्यक्तिगत स्वार्थका लागि दुरुपयोग गर्न सक्ने क्षमतालाई नै कर्णालीका नेताहरूले उपलब्धि माने । यो चलनले निरन्तरता पाउने क्रम अहिले पनि जारी छ ।

अहिले मुलुकभरि चलेको जनआन्दोलनको तौल नाप्ने क्रम र दोषीमाथि कारबाहीको माग हुँदा कर्णालीको आवाज संसद्मा मन्द छ । मुलुकले अग्रगमनतिरको पाइला चाल्दै गरिरहेका बेला कर्णालीका नेतृत्ववर्गमा देखिने अस्थिरताले कर्णालीमा राजनीतिक रिक्तताको सम्भावना झनै बढेको बताउँछन् कर्णालीवासीहरू । 'अवसरको खोजीमा मात्र लागिरहने नेतृत्व वर्गका लागि असोज १८ र माघ १९ पछिको समय नौनी खाने अवसर सावित भयो । पाँचजनाको मात्र प्रतिनिधित्व भएको अञ्चलमा दुईजना कारबाहीमा परिसकेको अवस्थामा केन्द्रका लागि आवाज उठाउने र नीति नियम बनाउनेमा कर्णालीको भूमिका झन् शून्य देखिएको छ', कालिकोटका पूर्व सांसद तीलकप्रसाद न्यौपाने भन्छन् ।

भक्तबहादुर रोकाया (जुम्ला), हस्तबहादुर मल्ल (मुगु) र मोतीप्रसाद पहाडीजस्ता अवसरवादी र दरवारपरस्तहरूले देखाएको चरित्रबाट वाक्क भएर उनीहरूलाई पाखा लागाइसकेपछि पनि मण्डले प्रवृत्तिहरूकै हावी छ । 'यिनीहरू जतिखेर पनि परिवर्तन हुन सक्छन् र अञ्चलमा सिद्धान्तमाथि अडिग हुनेहरूको अभाव छ', हुम्लाका दलबहादुर फडेरा बताउँछन् ।

नेताहरूमात्र होइन कर्णालीका नौनी मानिने कुलबहादुर रोकाया र रत्नाकर देवकोटाजस्ता व्यक्तिहरू पनि प्रतिगमनको नौनी खानमा रमाए । यिनीहरूले पनि कर्णालीमा देखिने राजनीतिक अस्थिरतालाई मलजल गरेको आरोप छ जनताको, तर 'अञ्चलमा पकड बनाउनका लागि प्रशासन र प्रहरी प्रशासनको मात्र चाकडी गर्ने नेताहरूको परिपाटीकै कारणले नेतृत्वमाथिको विश्वास हटेको' दाबी गर्छन् पछिल्लोचोटि राजाको कदमको समर्थन गरेर प्राज्ञ बनेका रत्नाकर देवकोटा । उनी भन्छन्, 'नेतृत्वबाट केही पाउन नसकिएपछि हामीमाथि रहेको विश्वास हट्नुलाई अवसरवादी बनेको मान्न मिल्दैन ।'

प्रजातन्त्र प्राप्तिपछि पनि राजनीतिक विचलनको बढी सिकार कर्णाली नै बनेका स्विकार्दै मजदुर किसान पार्टीबाट विजयी बनेर २०५२ मा एमालेतिर लागेका डिल्लीबहादुर महत भन्छन्, 'हामीमा अडान कम छ, हामीले पनि आत्ममूल्यांकन गरेका छौं ।'

'हामी आन्दोलनमा सरिक भएनौं भन्नुको मतलब हामी सधैं राजा परस्त हौं भन्न मिल्दैन, विचारको भिन्नता हामीले राख्न पाउँछौं, तर हामी जनताको पूजा गर्छौं', जितको श्रेयमाथि दाबी गर्दै डोल्पाका सदावहार नेता नरबहादुर बुढा भन्छन् ।

'प्रत्येक वर्ष कता शक्ति छ उतै गएर बिक्ने परिपाटीले कर्णालीमा जग हालेका कारण यो समस्यालाई अबको युवा नेतृत्वले मात्र कायापलट गर्न सक्छ', तीलक न्यौपाने भन्छन् ।

प्रजातन्त्र पुनःस्थापनालगत्तै नेपाल मजदुर किसान पार्टीको पकड मानिएको कर्णालीमा डिल्लीबहादुर महत रोहितलाई धोका दिएर एमाले बने, तर धोका दिने क्रम रोकिएन र अन्ततः एमालेको सिद्धान्तमाथि बुई चढेर नेतृत्व गरेकाहरू समेत मण्डले बने । 'रोहितसँग सिद्धान्त नमिलेका कारणले मैले नेमकिपा त्यागें, एमालेमा जानुबाहेक मेरो उति खेर विकल्प पनि थिएन', पार्टी त्याग्ने परिपाटी सुरु गर्ने डिल्लीबहादुर महत भन्छन् । कर्णालीलाई प्राथमिकतामै पारेर एमालेले दिएको अवसरको सदुपयोग गर्दै केन्द्रमा आएर मन्त्रीसम्म बनेका प्रेमहादुर सिंह असोज १८ पछि एमालेलाई नै लात्ती हानेर राजाको कित्तामा पुगे ।

'अब हामीलाई केन्द्रले समेत भन्ने मौका पाएको छ', कर्णालीभित्रको राजनीतिलाई दुई दशकदेखि नजिकबाट हेरिरहेका दल रावल भन्छन् । प्रेमबहादुर शाही, नरबहादुर शाही, यज्ञराज न्यौपाने, दत्त रोकाया, चक्र फडेराजस्ता नेताले माघ १९ को राजाको कदमलाई समर्थन गरेर छेपारे प्रवृत्ति नै देखाए । २०४८ मा डोल्पाबाट कांग्रेसको नेतृत्व गरेर जितेका क्याबु बुढा, मुगुका पदमराज र डोल्पाकै लक्ष्मीनारायणजस्ता 'आदर्श नेता'हरू पनि मण्डले कित्तामा गए ।

केन्द्रबाट पाएको शक्तिको दुरुपयोग गर्नेमा डोल्पाका नेता नरबहादुर बुढा अग्रणी छन् । राजाका बफादार हुँदाहुँदै पनि विजय हासिल गर्नका लागि मात्र एमाले निकट बनेका बुढालाई अहिले पार्टीले साधारण सदस्यतासमेत नपाउने गरी कारबाही गरेको छ । आफ्नो छेपारे प्रवृत्ति देखाउँदै बुढा भन्छन्, 'जनआवाज र जनआन्दोलनप्रति हाम्रो कहिल्यै नकारात्मक धारणा रहेन ।'

स्थिर भएर बस्ने नेता कर्णालीमा कमै छन् । 'अञ्चलमा राजनीतिक खडेरी देखियो र विचारमा अडिगता देखिएन । यो हामी नेताहरूका लागि लाजमर्दो अवस्था हो', लामो समयदेखि आफ्नो सिद्धान्तमा अडिग रहेको दाबी गर्ने कालिकोटका पूर्व सांसद न्यौपाने भन्छन् ।

कर्णालीमा देखिने ढुलमुले नेतृत्वको अभाव पूर्ति गर्न एमालेले कालिकोटका प्रेमबहादुर सिंहलाई छान्यो । कालिकोटबाट केन्द्रमा पुगेर सही स्थान र शक्ति पाउँदा पनि अवसरकै खोजीमा दौडिए पछि उनीमाथिको विश्वासलाई पनि एमालेले त्याग्नै पर्‍यो । अहिले जनता र पार्टीकै लागि पनि कर्णालीमा राजनीतिक रिक्तता महसुस हुन थालेको अवस्था छ ।

प्रतिनिधिसभा पुनःस्थापना भएपछि मुलुकको १५ प्रतिशत भूभाग ओगटेको क्षेत्रका लागि तीनजना संसद्ले मात्र नेतृत्व गरेको अवस्था छ । नयाँ संविधानको आवाज बुलन्द बनिरहेका बेला १५ प्रतिशत भूमि ओगटेको क्षेत्रका लागि राजनीतिक अपूर्णता मात्र होइन, सरकारको भागबन्डामा समेत कर्णालीको कोटा खाली रहेको छ । ■



# फितलो अनुसन्धान

■ किरण भण्डारी/काठमाडौं

**माओवादी द्वन्द्व र अनुसन्धानको फितलोपनले समाजको आपराधिक चरित्र संगठित र आधुनिक बन्दै गएको छ। अपराधका लागि खुकुरी र तरवारभन्दा पेस्तोलको प्रयोग गर्ने चलन लगभग स्थापित भइसकेको छ, तर परिवर्तित अपराध चरित्रलाई नियन्त्रण गर्न अहिले पनि बीसौं वर्ष पुरानो अनुसन्धान संयन्त्रले नै काम गर्नु पर्ने अवस्था छ।**



**काठमाडौं उपत्यकामा** संगठित अपराधको जालो कति सशक्त भइसकेको छ भन्ने पछिल्लो उदाहरण काठमाडौं मेडिकल कलेजका प्रिन्सिपल हेमांग दीक्षितमाथिको आक्रमण बनेको छ। वरिष्ठ बालरोग विशेषज्ञ दीक्षितमाथि वैशाख २१ गते बानेश्वर हाइटमा भएको आक्रमणमा संलग्न व्यक्तिहरूको एक सातासम्म पहिचान हुन नसक्नुले अपराधी र प्रहरी अनुसन्धानबीचको खाडल बढ्दै गएको पुष्टि भएको छ।

दीक्षितमाथि गोली प्रहार भएको भोलिपल्टै डिआइजीको नेतृत्वमा अनुसन्धान टोली गठन गरी अनुसन्धानमा तत्परता दिएको सन्देश दिएर जनआक्रोश मत्थर पार्न सफल भए पनि हत्यारा समूहको पहिचान हुन नसक्नुले प्रहरी अनुसन्धान फितलो देखिएको छ। यसले अपराधको दुनियाँमा प्रचलित भनाइ 'प्रहरीभन्दा अपराधी सधैं एकदम अगाडि हुन्छ' भन्ने भनाइ एकपटक फेरि प्रमाणित भएको छ। उपत्यका अपराध अनुसन्धान शाखाले धम्क्याएर पैसा असुल्न पल्केका समूहले गोली प्रहार गरेको निष्कर्ष निकाले पनि थप उपलब्धि हासिल गर्न सकेको छैन।

घटनाविवरणअनुसार डिल्लीबजारस्थित निवासबाट मेडिकल कलेज जान लागेका दीक्षितमाथि बानेश्वर हाइटमा गोली प्रहार गरिएको थियो। घाँटीमा दुइटा गोली लागेका उनको स्वास्थ्यस्थितिमा अहिले सुधार आइरहेको छ।

मोटरसाइकलमा आएका दुई व्यक्ति गोली प्रहार गरी फरार भएका थिए। कलेजका अन्य संचालकलाई जस्तै दीक्षितलाई पनि अज्ञात समूहले धम्क्याउने र मोटो रकम माग गर्ने गरेकाले आपराधिक समूह योजनाबद्ध ढंगले लागेको प्रहरीले जनाएको छ।

उस्तै प्रकृतिका चेतावनी र लाखौं रुपैयाँको मागलाई अटेर गरेकै कारण अर्का संचालक बिबिएस राणामाथि साढे दुई महिनाअघि गोली प्रहार भएको थियो। संयोगले राणालाई गोली लागेको थिएन। दीक्षित घटनाले संगठित गिरोह पछि लागेको पुष्टि गरे पनि अपराधीलाई पक्राउ पर्ने बिन्दुसम्म नपुगुन्जेल उसका बारेमा थप जानकारी दिँदा अनुसन्धान प्रभावित हुने अपराध अनुसन्धानका डिएसपी पीताम्बर अधिकारी बताउँछन्।

झन्डै दुई वर्षदेखि कलेजका अन्य संचालकहरूलाई पनि यस्तै किसिमका धम्की आउने गरेको जानकारी अस्पताल स्रोतले दिएको छ। पेसेवर गुन्डा वा माओवादीको नाममा लाख/करोड भन्दै ५ करोड रुपैयाँसम्म माग गरिएको थाहा भएको छ। डेढ वर्षअघि यसै समूहले अस्पतालमा बम राखिदिएका छौं भन्ने धम्की दिएर सबैलाई त्राहि त्राहि पारेका थिए।

धम्की दिने समूहकै डर र कतिपय अवस्थामा माओवादीको नाम पनि जोडिने हुँदा यस्ता धम्की पाएका व्यक्तिहरू प्रहरीसम्म नपुग्ने घटना प्रशस्त भएको जानकारहरू बताउँछन्। चिकित्सा क्षेत्रका अन्य व्यक्तिलाई समेत यस्तो धम्की आउने गरेको रहस्य खुल्न थाल्नुले यस्ता प्रकृतिका अपराध तीव्र गतिमा बढिरहेको ठोकुवा गर्न सकिन्छ।

स्रोतका अनुसार बी एन्ड बी अस्पतालका संचालकद्वय अशोक वास्कोटा र जगदीशलाल वैद्य तथा ॐ नर्सिङ होमले पनि उही प्रकृतिको समस्या झेलिरहेका छन्। यो अस्पतालका संचालकहरू ओम पाण्डे र शशिराज पाण्डेलाई पनि दीक्षितकै प्रकृतिको धम्की आउने गरेको थियो, जुन अहिले भने रोकिएको छ।

चिकित्साकर्मी वा अस्पतालका संचालक मात्र होइन उच्च आर्थिक हैसियत भएका जुनसुकै पेसा व्यवसायका व्यक्तिसँग विभिन्न नाममा मोटो रकम माग गर्ने र नदिएमा यस्ता आपराधिक क्रियाकलापमा उत्रने प्रवृत्ति पछिल्ला दिनमा बढिरहेको छ। डरले गर्दा त्यस्ता व्यक्तिहरू प्रहरीको सहायताका लागि समेत नआउने हुँदा संख्या यकिन गर्न असम्भव भएको अधिकारीहरू बताउँछन्।

'धम्क्याएर पैसा माग्ने यस्ता समूहसँग मोलतोल गरेरै भए पनि पैसा तिर्ने प्रचलन बढ्दो छ', डिएसपी अधिकारी भन्छन्, 'प्रहरीलाई खबर दिएर गुन्डा, माओवादी वा विभिन्न नाममा धम्की दिनेहरूसँग दुस्मनी मोल्न नचाहने प्रवृत्तिले यस्तो अपराध झनै मौलाएको छ।'

माओवादी द्वन्द्वसँगै हतियारको प्रयोग भएर अपराधका घटना क्रम बढ्दो छ। प्रहरी, माओवादी कार्यकर्ता वा अन्य आपराधिक समूहको सहजै हतियारमा पहुँच भएकाले पनि अपराध बढ्दो छ। सर्ट गन, रिभल्वर जस्ता हतियारको प्रयोग सामान्य मान्नु पर्ने अवस्था पछिल्ला दिनमा आइरहेको छ। यस्ता आपराधिक गतिविधिमा माओवादी त्यागेका व्यक्ति, सेना र प्रहरीको तल्लो तहका व्यक्ति संलग्न हुने गरेको डरलाग्दो अवस्था अहिले सृजना भएको छ।

गत वर्ष पाइलट रमेश आचार्यलाई अपहरण गरी १ करोड फिरौती माग गरिएको घटनाका सात अभियुक्तमध्ये दुई प्रहरी हुनुले पनि यो प्रवृत्तिलाई पुष्टि गरेको छ। यो घटनामा पीडितहरूले मोलमोलाइपछि १५ लाख रुपैयाँ बुझाएका थिए। यस्ता आपराधिक गतिविधिमा सुरक्षाकर्मीहरूसँगै माओवादीसमेतको संलग्नता रहेको अनुमान लगाउन गाह्रो पर्दैन। जिल्ला प्रहरी कार्यालय काठमाडौंका डिएसपी गणेश केसीका अनुसार



# नसुल्झिएका रहस्यहरू

■ क्यासिनोका कर्मचारी विदुर कार्कीलाई २०५९ असार ३१ गते हात्तीसारमा गोली हानी हत्या । उनको हत्यामा संलग्न सिन्धुली लदाभिर-१ का मीनबहादुर मिश्र र मदनबहादुर मिश्र अझै फरार ।

■ सुनपसले माधवनारायण बनेपालीको भक्तपुर नगरपालिका-३ दत्तात्रयमा गोली हानी हत्या । गत वर्ष वैशाख २२ गतेको घटनाको दोषी अहिलेसम्म पत्ता लाग्न नसकेको ।

■ दरवारमार्गस्थित रोयल डिस्कोका राकेश लिम्बूको २०५९ माघ ३ गते तरवार प्रहार गरी हत्या । अभियुक्त राजेन्द्रबहादुर गोर्खाली फरार ।

■ प्रकाश रोडवेजका संचालक विनोद गुप्तामाथि अज्ञात समूहद्वारा गोली प्रहार गरी हत्याको प्रयास । अनुसन्धान जारी भनिए पनि कसैमाथि शंका गर्ने अवस्थासमेत नरहेको ।

■ अछाम रिडकोट घर भई कामपा-३ ज्याठास्थित डल्फिन रेस्टुराँका संचालक रमेश स्वाँरको गत चैत २३ मा हत्या । अभियुक्त पत्ता लाग्न नसकेको ।

'असहमति जनाएर माओवादी त्यागेकाहरू चन्दा असुली, फिरौती माग्नेलगायतका काममा लागेका भेटिएका छन् ।' माओवादी त्यागेकै भनिए पनि त्यस्ता व्यक्ति हतियारसहित उत्रने गरेका उदाहरण प्रशस्त भएको केसी बताउँछन् ।

लुटपाट, ठगी, फिरौती माग्ने जस्ता आपराधिक क्रियाकलापमा प्रहरीका तल्ला तहका कर्मचारीको संलग्नता पुष्टि भएका घटना दर्जनौं छन्, तर कतिपय मुद्दामा अधिकृत कर्मचारीको समेत प्रत्यक्ष संलग्नता पुष्टि भएको छ । पछिल्लो र ताजा उदाहरण बनेका छन्, आइजिपीका निजी सचिव इन्स्पेक्टर सुरेश ढुंगाना । ठगी काण्डमा संलग्न भएको पुष्टि भए पनि उनी प्रहरीकै सदासयताका कारण उनी फरार हुन सफल भएका छन् ।

काठमाडौं उपत्यकामा अपराध वृद्धि हुनुमा द्वन्द्व नै प्रमुख कारण देखिएको छ । गाउँ, जिल्ला सदरमुकाम बस्न नसकेका कारण काठमाडौंमा तीव्र सहरीकरण भएकाले पनि अपराध चुलिएको जानकारहरू बताउँछन् । राजधानीमा रहेको अर्धदक्ष प्रहरीको सीमित संख्याले लाखौं जनसंख्यामा सुरक्षा सेवा पुग्न सक्दैन । काठमाडौं उपत्यका सुरक्षासम्बन्धी एक अध्ययनमा दुई सय सर्वसाधारणका लागि एकजना प्रहरी चाहिने अवस्था देखाइए पनि राजधानीमा नै पनि सात सय सर्वसाधारण बराबार एक प्रहरीले सेवा पुऱ्याइरहेको अवस्था छ । तर, नेपाल प्रहरीको संगठन बीसौं वर्ष पुरानो संरचनाभन्दा नयाँ शैलीमा जान सकेको छैन । अपराधका प्रवृत्तिहरूमा आकाशजमिन फरक आउँदा पनि संस्थागत स्वरूपमा समेत परिवर्तन नआउनु प्रहरीको असफलताको प्रमुख कारक हो ।

प्रहरीको सुधार गर्ने सम्बन्धमा प्रहरी सुधार सुझाव आयोग, २०५१ ले दिएका सुझावहरू पूर्णतः बेवास्ता गरिएको छ । पूर्व गृहसचिव वीरबहादुर शाहीको अध्यक्षतामा बनेको उक्त आयोगले निर्दिष्ट गरेका केही सुझाव मात्र ग्रहण गर्न सके प्रहरीको लागि फाइदाजनक हुने अधिकारीहरू बताउँछन् । अपराध अनुसन्धानमा विद्यमान फितलोपन चिर्न प्रहरी सेवालाई विभिन्न विषयमा विशिष्टीकृत बनाउनु पर्ने प्रस्ताव मात्र अनुसरण गरेको भए अहिलेभन्दा प्रहरी संगठन धेरै सक्षम हुने जानकारहरू बताउँछन् ।

'अब राणाकालीन शैलीमा प्रहरी संगठन संचालन हुन सक्दैन', पूर्व डिआइजी कुमार कोइराला भन्छन्, 'संगठनमा आमूल परिवर्तन गरेमात्र समस्याको तगारोसँग जुध्न सकिन्छ ।' टालटुले सुधारबाट प्रहरी संगठनलाई दक्ष बनाउन कुनै हालतमा सम्भव नहुने उल्लेख गर्दै उनी बदलिएको परिप्रेक्ष्यमा प्रहरीमा व्यापक सुधारको खाँचो औंल्याउँछन् ।

पूर्व प्रहरी महानिरीक्षक ध्रुवबहादुर प्रधानका भनाइमा विश्वव्यापीकरणसँगै अपराधको प्रकृतिमा पनि व्यापक परिवर्तन आएको छ । 'तर हाम्रो प्रहरी भने अहिले पनि पुरातन शैलीमा नै संचालन भइरहेको छ', उनी भन्छन् । अपराध संगठित भइसकेको अहिलेको सन्दर्भमा 'प्रिभेन्टिभ, प्रो एक्टिभ' भूमिका सशक्त बनाउन आवश्यक रहेको औंल्याउँदै उनी माओवादीको नाममा जिम्मेवारी पन्छाउने प्रवृत्ति र केही वर्षदेखि सुरु भएको युनिफाइड कमान्डको अवधारणा सामाजिक अपराध नियन्त्रणमा बाधक भएको उल्लेख गर्छन् । ■




तेजबहादुर बस्नेत




# संक्रमणको भयावहता अझै

■ मनीष गौतम/काठमाडौं

- डेढ वर्षअघि एचआइभीको आशंकामा रगत परीक्षण गरिएका ७१ महिलामध्ये ३४ जना संक्रमित पाइए । एचआइभी संक्रमित सुदूरपश्चिमी जिल्ला डोटीका ती महिलामध्ये ३३ महिला २० देखि ३० वर्ष उमेरका विधवा थिए । उनीहरुका पतिहरूको एड्सका कारण मृत्यु भएको थियो ।
- काठमाडौं उपत्यकामा सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्नेमध्ये ५२ प्रतिशतभन्दा बढी एचआइभी संक्रमित छन् । लागूपदार्थ प्रयोग गर्ने ९० प्रतिशतभन्दा बढी पुरुषका महिला यौनसाथी रहेको अध्ययनले पुष्टि गरेका छन् । उनीहरू कन्डम प्रयोग कमै गर्छन् ।
- किशोरावस्थामै अधिकांश महिला यौनपेसामा होमिएका छन् । एक अध्ययनअनुसार झन्डै ३० प्रतिशत महिला यौनकर्मीको उमेर २० वर्षभन्दा कम रहेको छ । ४० प्रशितशभन्दा बढी महिला यौनकर्मी विवाहित छन् र यीमध्ये झन्डै २० प्रतिशतले पतिसँगको यौनसम्पर्कमा कन्डम प्रयोग गर्ने गरेका छन् ।
- भारतको मुम्बई सहरमा रहेका नेपाली महिला यौनकर्मीमध्ये ५० प्रतिशत एचआइभी संक्रमित रहेका छन् ।

मुलुकको एचआइभी/एड्सका प्रतिबिम्ब हुन्, जसले जेलिएको संक्रमणको भयावह प्रस्तुत गरेका छन् । यी दृश्य प्रतिवेदनमा समाहित भई आगामी तीन सातापछि न्युयोर्कमा हुन गइरहेको एचआइभी/एड्ससम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष महासभा (अनग्यास)मा प्रस्तुत हुनेछन् ।

यस विशेष महासभामा नेपालले एचआइभी/एड्सको क्षेत्रमा काम गर्ने प्रतिबद्धता देखाई प्राथमिकता निर्धारण गरे दातृ समुदायलाई सहयोगका लागि आश्वस्त तुल्याउन सकिने बताइएको छ । नेपालस्थित युएनएड्स राष्ट्रिय संयोजक आरोरिता मेन्डोजा भन्छिन्, 'यसका लागि राजनीतिक प्रतिबद्धता आवश्यक छ ।'

नेपालले एचआइभी/एड्सको क्षेत्रमा उपलब्ध स्रोतको सदुपयोग गर्न नसकेको आरोप दातृ समुदायले लगाउँदै आएका छन् । उपलब्ध स्रोत परिचालनका लागि प्रभावकारी क्षमता नहुनु, नेतृत्वको अभाव तथा सरकारको प्रतिबद्धता नदेखिनु र एचआइभी संक्रमण न्यूनीकरण गर्नका लागि आवश्यक पूर्वाधार नभएको बताउँदै दातृ समुदायले सरकारप्रति आलोचना गर्दै आएका छन् । 'एकातिर एड्समा उपलब्ध स्रोतको सही उपयोग यहाँको संयन्त्रले गर्न सकेको छैन भने सरकारले स्वास्थ्यमा उपलब्ध गराएको कुल बजेटको एक प्रतिशत पनि एड्सको क्षेत्रमा छुट्याएको छैन', मेन्डोजा भन्छिन्, 'यस अवस्थामा नेतृत्व तहबाट हामीले प्रतिबद्धता प्रकट भएको मान्ने आधार छैन ।'

सरकारले वार्षिक बजेटअनुसार एड्सका लागि २२ लाख रुपैयाँ मात्र छुट्याएको छ । अरू स्वास्थ्य समस्याको तुलनामा एड्सको क्षेत्रमा ओइरिएको रकमको कुनै लेखाजोखा छैन । 'अनग्यास'मा प्रस्तुत नेपालको प्रतिवेदनमा सन् २००५-०६ का लागि दातृ समुदायले १ अर्ब ६५ करोड रुपैयाँ छुट्याएकोमध्ये १ अर्ब १ करोड रुपैयाँ निकासा गरेको उल्लेख छ, तर यो रकम कहाँ कसरी खर्च भयो भन्ने पारदर्शिता छैन । एड्समा उपलब्ध रकम गरिब नेपाली आक्रान्त हुने क्षयरोग वा औंलोरोगमा भएको लगानीको तुलनामा धेरै माथि रहेको स्वास्थ्य विशेषज्ञहरू बताउँछन् ।

'दातृ समुदाय जहिल्यै पनि सरकार पारदर्शी छैन भन्ने आरोप लगाउँछन्, तर उनीहरू पनि पारदर्शी हुनु पर्‍यो', राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डा. श्यामसुन्दर मिश्र भन्छन्, 'डाडुपन्यु सबै हातमा लिएर उनीहरू मनपरी गर्छन्, दोषजति सरकारलाई थोपर्छन् ।'

विभिन्न दातृ समुदायबाट उपलब्ध हुने स्रोत व्यवस्थापनका लागि युएन एमएसए (म्यानेजमेन्ट सपोर्ट एजेन्सी) खडा गरिएको छ । युएन एमएसएको बजेटमात्रै सुरुको चरणमा झन्डै १९ करोड नेपाली रुपैयाँ छुट्याइएको थियो । स्रोतका अनुसार अबको ५ महिनापछि सुरु हुने दोस्रो चरणका लागि झन्डै ५० करोड रुपैयाँ युएन एमएसएका लागि छुट्याइने तयारी गरिएको छ । 'क्षमता वृद्धि गर्ने ठेक्का लिएको युएनले एड्समा आएको पैसा तलब र सुविधामा सकेको छ', डा. मिश्र भन्छन्, 'अनि पैसा खर्च गर्न सकेन र अपारदर्शी भयो भन्ने दोषजति हामीलाई लगाउँछन् ।' डा. मिश्रका अनुसार विगत एक वर्षदेखि युएन एमएसएले राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रलाई कुनै पनि बैठकमा सहभागी गराएको छैन ।

दातृ समुदायको 'प्रभाव'मा मुलुकको एचआइभी/एड्ससम्बन्धी रणनीति तयार हुने गरेका छन् । 'एड्सको क्षेत्रमा दातृ संस्थाको उल्लेख्य प्रभाव छ र सहयोग गर्ने मुलुकको एजेन्डामा सहयोग आउँछ', नेपाल एचआइभी/एड्स अलायन्सका अध्यक्ष ऋषि ओझा भन्छन्, 'एचआइभीको संक्रमण न्यूनीकरणका लागि हाम्रो प्राथमिकता यो हो भनेर सरकारले भन्न सकेको छैन ।'

## अनग्यासमा नेपालको छैन एजेन्डा

एचआइभी/एड्सबारे युएनएड्सको सहयोगमा तयार पारिएको 'कन्ट्री रिपोर्ट'बाहेक अनग्यासमा उठाउने

# प्रतिबद्धता कति प्रभावी ?

**पाँच वर्षअघि** संयुक्त राष्ट्रसंघीय महासभामा नेपालले एचआइभी/एड्ससम्बन्धी एघारबुँदे प्रतिबद्धताका घोषणामा हस्ताक्षर गरेको थियो जुन निम्न प्रकार छन्

१.सबै तहमा नेतृत्व
२.संक्रमण रोकथाम नै मुख्य आधार
३.सेवा, सहयोग तथा उपचार आधारभूत तत्त्व
४.एचआइभी/एड्स न्यूनीकरणमा मानवअधिकारको प्रत्याभूति
५.जोखिम न्यूनीकरणमा प्राथमिकता
६. एड्सका कारण टुहुरा बनेका बालबालिकालाई विशेष सहयोग उपलब्धता
७. दिगो विकासका माध्यमबाट एचआइभी/एड्सले पारेको सामाजिक तथा आर्थिक असर हटाउने
८. उपचार तथा प्रभावकारी प्रतिक्रियाका लागि अनुसन्धान र विकास
९. द्वन्द्व र प्रकोप प्रभावित क्षेत्रमा ध्यान दिइने
१०.चुनौती सामनाका लागि स्रोत परिचालन
११. एचआइभी/एड्समा भएका कार्यक्रमको गति निर्धारणका लागि पुनर्मूल्यांकन तथा अनुगमनको आवश्यकता ।

मुलुकमा सरकार परिवर्तन हुनुअगावै संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले एचआइभी/एड्ससम्बन्धी यस विशेष महासभामा सहभागी हुन राजा ज्ञानेन्द्रलाई निमन्त्रणा पठाएका थिए, तर प्रजातान्त्रिक मुलुकका राष्ट्राध्यक्ष उपस्थित हुने यस समारोहमा आफ्नो कुनै भूमिका नरहने देखेपछि राजा ज्ञानेन्द्रले सहभागी नहुने बताएका थिए । त्यसैले यस महासभामा तत्कालीन स्वास्थ्यमन्त्रीको नेतृत्वमा उपस्थिति हुने भनिए पनि सरकार परिवर्तन भएकाले तोकिएका सबै कार्यक्रम रद्द भएका छन् । प्रजातान्त्रिक सरकारको आगमनपछि यस विशेष महासभामा हुने उपस्थितिबारे केही निर्णय भएको छैन ।■

केही एजेन्डा नेपालसँग छैन । 'कन्ट्री रिपोर्ट'मा एड्सको हालसम्मको अवस्थाबारे उल्लेख भए पनि भावी रणनीतिबारे मौन रहेको छ । पाँच वर्षअघि संयुक्त राष्ट्रसंघीय महासभामा नेपालले एचआइभी/एड्स सम्बन्धी एघारबुँदे प्रतिबद्धताका घोषणामा हस्ताक्षर गरे पनि ती प्रतिबद्धता पूरा भएका छैनन् । हालसम्म एड्समा उपलब्ध स्रोतले मुलुकका तीस जिल्लालाई मात्र छुन सकेको यसको मुख्य प्रमाण हो ।

युएनएड्सका अनुसार नेपालमा कामको खोजीमा बसाइँसराइ गर्ने पुरुष जनसंख्या, महिला यौनकर्मी तथा उनीहरूका ग्राहक, सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्ने व्यक्तिलाई एचआइभी संक्रमणको अत्यधिक जोखिम समूह हुन्, तर एचआइभी संक्रमणको अधिक मारमा परेका यी समूहको प्रत्यक्ष यौनसम्पर्कमा आउने ठूलो हिस्सालाई मुलुकमा रहेका एचआइभी/एड्स सम्बन्धी कार्यक्रमले समेट्न सकेका छैनन् । 'एचआइभीको संक्रमण निरन्तर फैलँदो छ र यसलाई नियन्त्रण गर्न सकिएको छैन', मेन्डोजा भन्छिन्, 'एचआइभी संक्रमणको अधिक जोखिम समूहमा रहेका यी जनसंख्यामा प्रभावकारी रोकथाम तथा नियन्त्रण कार्यक्रमको आवश्यकता छ ।'

संयुक्त राष्ट्रसंघीय महासभामा दातृ समुदायलाई आश्वस्त तुल्याई एड्सको क्षेत्रमा थप स्रोत भित्र्याउन नेपालले धेरै कसरत गर्नु पर्ने देखिन्छ । अन्तर्राष्ट्रिय समुदायको ध्यान सरकारले निश्चित एजेन्डाका साथ मुलुकको प्राथमिकता निर्धारण गर्नु पर्ने हुन्छ । नेपालले अहिलेसम्म पनि महासभामा प्रस्तुत गरिने कुनै पनि एजेन्डा नेपालले तयार पारेको छैन । 'त्यहाँ गएर कसले प्रतिनिधित्व गर्छ भन्ने निर्क्योल हुन सकेको छैन', स्वास्थ्य मन्त्रालयअन्तर्गतको 'पोलिसी प्लानिङ एन्ड फरेन एड' विभागका प्रमुख डा. अर्जुनबहादुर सिंह भन्छन्, 'यस अवस्थामा त्यहाँ प्रस्तुत गरिने एजेन्डाका बारेमा कुनै छलफल भएको छैन ।'■





**परैबाट लिर्बिर-लिर्बिर गर्दै आएको टेम्पो पल्टेर नहरमा खसेको थियो। 'पानीभरि केटाकेटीको तरै लागेको थियो', मनकुमार लिम्बूले भने। टेम्पो खस्नेबित्तिकै स्थानीय युवाले नहर थुनेर पानीको सतह घटाई बालबालिका खोज्न थाले, तर त्यति बेलासम्म धेरै ढिलो भयो, तेह्रजना नानीको ज्यान गइसकेको थियो।**

# भवितव्य हैन, लापर्वाही

■ ओमआस्था राई/झुम्का (सुनसरी) (तस्वीर पनि)

**खाना खाइवरी** झोलामा 'टिफिन' राखेर, टाटा गर्दै स्कुल हिँडेका छोराछोरीलाई एक घन्टा नबित्दै लासको रूपमा पाउँदा सीताराम गुरागाईंले होस सम्हाल्नै सकेनन्। छिमेकीले पानी छिटेपछि मात्रै उनी बौरिए, तर उनका आँखा अझै घरिघरि आँसुले डम्म भरिन्छन्। सुनसरीको भादगाउँ सिनवारी-५स्थित मुनलाइट एकेडेमी बोर्डिङ स्कुलको टेम्पो वैशाख २६ गते झुम्का-चतरा नहरमा खस्दा ज्यान गुमाउने १३ बालबालिकामा सीतारामकी छोरी सात वर्षीया सुस्मिता र छोरा पाँच वर्षीय सन्दीप पनि थिए। सन्तानको नाममा सीतारामका एक छोरा र एक छोरीमात्रै थिए।

अझ, जितबहादुर खड्काको त वंशै नाश भएको छ। जितबहादुर र उनका भाइ हरिबहादुरले दुई-दुईजना छोराछोरी गुमाउनु पर्‍यो। जितबहादुरका छोरा ११ वर्षीय सौगात र छोरी ८ वर्षीया सलिना उद्धारकर्मीको हात लाग्दा निष्प्राण भइसकेका थिए। हरिका छोरा ५ वर्षीय सरोज र छोरी ४ वर्षीया पवित्रा पनि बाँचेनन्। सीताराम, जितबहादुर र हरि एकै गाउँ बक्लौरीका बासिन्दा हुन्। दुर्घटनामा ज्यान गुमाउनेमध्ये सबैभन्दा बढी दसजना बक्लौरीका परे, तीमध्ये तीनजना बालिका थिए। सिङ्गियाका एक बालिकासहित तीनजनाको मृत्यु भयो। दुर्घटनाको खबर फैलिनेबित्तिकै शोकमा डुबेका परिवार र आफन्तले अझै आफूलाई सम्हाल्न सकेका छैनन्।

दुर्घटनामा बक्लौरीका ४ वर्षीय अर्जुन खड्का, ११ वर्षीय उपेन्द्र खड्का, १० वर्षीय विवश रायमाझी र सञ्जीव श्रेष्ठको पनि मृत्यु भयो। भर्खर स्कुल जान थालेका सिङ्गियाका ३ वर्षीय गगनसिंह थापा पनि बाँचेनन्। सिङ्गियाकै ११ वर्षीया सरस्वती चौधरी र १० वर्षीय नरेश चौधरी पनि दुर्घटनाको सिकार भए। बक्लौरी, महेन्द्रनगर र सिङ्गियाका २७ जना बालबालिका लिएर आउँदै गरेको को.१ ह ३५० नं.को टेम्पो तीन बल्ड्याङ पल्टिएर सुनसरी-मोरङ सिँचाइ आयोजनाको झुम्का-चतरा नहरमा खस्दा नौजना घाइते भए। अन्य ५ जनाचाहिँ फाल हानेर बाँचे। चालक कुमार श्रेष्ठलाई पनि केही भएन।

प्रत्यक्षदर्शी मनकुमार लिम्बूका अनुसार परैबाट लिर्बिर-लिर्बिर गर्दै आएको टेम्पो पल्टिँदै नहरमा खसेको थियो। 'पानीभरि केटाकेटीको तरै लागेको थियो', लिम्बूले भने। टेम्पो खस्नेबित्तिकै स्थानीय युवाले नहर थुनेर पानीको सतह घटाई बालबालिका खोज्न थालेका थिए। पानीमा बालबालिका बग्छन् भनी नहरको दुई ठाउँमा जाली हालिएको थियो, तर सबैलाई बचाउन सकिएन। उद्धारकर्मीले नहरबाट लास निकाल्नेबित्तिकै शोकाकुल आफन्तहरू 'बच्चा बाँचेका छन् कि' भन्ने झिनो आशा लिएर अस्पताल दौडिन्थे। निर्दोष बालबालिकाको वियोगमा गाउँलेको विलौना साँच्चिकै हृदयविदारक थियो।

तेह्रजना बालबालिकाको ज्यान जाने गरी भएको झुम्का दुर्घटनाको कारण पत्ता लाउन र दोषीलाई कानुनी कारबाही गर्न जिल्ला प्रहरी कार्यालय, सुनसरीले सर्वपक्षीय छानबिन समिति बनाउने भएको छ। यसबाहेक प्रहरी आफैंले पनि छुट्टै अनुसन्धान गर्नेछ। वैशाख २६ गते जिल्ला अस्पताल, इनरुवामा मृतक बालबालिकाका परिवार र आफन्तलाई सान्त्वना दिँदै सुनसरी प्रहरीका उपरीक्षक वीरेन्द्रबाबु श्रेष्ठले दोषीलाई कुनै हालतमा नछोडिने बताएका थिए। प्रहरीले टेम्पो चालक उमेश श्रेष्ठलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ।

प्रहरी अनुसन्धान र सर्वपक्षीय छानबिन समितिको निष्कर्ष केही समयपछि सार्वजनिक होला। स्थानीयवासी अहिले नै दुर्घटना





लापर्वाहीको कारण भएको ठोकुवा गर्छन् । बस सुविधा दिने वाचा गरी भर्ना गरिएका विद्यार्थीलाई टेम्पोमा चढाउने गरिएको, टेम्पो थोत्रो भइसक्दा पनि मर्मतमा ध्यान नदिइएको र क्षमताभन्दा बढी बालबालिकालाई टेम्पोमा खाँदिएकाले दुर्घटना भएको उनीहरूको ठहर छ । क्षमताभन्दा बढी तौल थेग्न नसकेर ढिलो हिँड्ने, बीच-बीचमा बिग्रिने टेम्पोको चालक बस्ने अगाडिको भागमा मात्र हैन, पछाडि पनि बेन्च राखेर टन्न विद्यार्थी खाँदिएको थियो । दुर्घटना भएको दिन भित्र बस्ने ठाउँ नपुगेर तीनजना बालक पछाडि झुन्डिएका थिए ।

स्थानीय बासिन्दाका अनुसार टेम्पो चालक श्रेष्ठले दुर्घटनाको अघिल्लो दिन 'एक्सिलेटर' भाँचिन लागेकाले फेर्नु पर्ने सुझाव स्कुलका प्रिन्सिपल उमेश थापालाई दिएका थिए, तर प्रिन्सिपल थापाले 'त्यो (एक्सिलेटर) फेर्ने पैसाले त बस पो बनाउँछु' भन्दै टेम्पो मर्मतप्रति चासो नदिएकाले चालक श्रेष्ठ खिन्न थिए । मुनलाइट स्कुलको एउटा बस पनि छ, जुन टेम्पोजस्तै जीर्ण छ ।

'भवितव्य भनी चित्त बुझाउने ठाउँ छैन', भादगाउँ सिनवारी-५, झुम्काका तेजबहादुर काफ्ले भन्छन्, 'यो लापर्वाहीको परिणाम हो ।' उनका अनुसार पहिले मुनलाइटको टेम्पोले बक्लौरीका विद्यार्थीलाई महेन्द्र राजमार्गमै पर्ने कान्छी चौकको पक्की बाटो हुँदै विद्यालयसम्म ल्याउँथ्यो, तर सिङ्गिया र महेन्द्रनगरका विद्यार्थी थपिएपछि टेम्पो झुम्का-चतरा नहर किनारको कच्ची बाटोमा चल्न थाल्यो । 'पक्की छोडेर कच्ची बाटोमा टेम्पो नहिँडेको भए दुर्घटनालाई भवितव्य मान्न सकिन्थ्यो', काफ्ले भन्छन्, 'यहाँ त माफ गर्ने कुनै ठाउँ नै बाँकी रहेन ।'

झुम्का-चतरा नहर किनारको कच्ची बाटोमा राम्रो अवस्थाका गाडीलाई पनि हिँड्न मुस्किल पर्छ । अझ 'एक्सिलेटर' नै भाँचिन लाग्दा पनि मर्मत नगरिएको जीर्ण टेम्पोलाई एकै खेपमा बढीभन्दा बढी विद्यार्थी ओसार्न कच्ची बाटो हिँडाई विद्यालयले बालबालिकाको सुरक्षालाई बेवास्ता गर्दै आएको आरोप स्थानीय बासिन्दाले लाएका छन् । हुन पनि यो त्यही बाटो हो, जहाँ २०५१ सालमा भएको बस दुर्घटनामा २१ जनाको मृत्यु भएको थियो । त्यसैगरी केही वर्षअघि बोलबम मेला भर्न चतरा हिँडेको गाडी पल्टिँदा थुप्रै तीर्थयात्रीको ज्यान गएको थियो ।

यस भेगका अधिकांश निजी विद्यालयले मुनलाइटले झैं थोत्रो टेम्पो र रिक्सालाई 'स्कुल बस'को रूपमा प्रयोग गर्दै आएका छन् । लामो समयदेखि मर्मत नगरिएको थोत्रो टेम्पो वा रिक्साले 'स्कुल बस'को रूपमा भेडाबाखाझैं विद्यार्थी खाँदेर ओसार्दै आएका छन् । सुनसरीका करिब १ सय ७० निजी विद्यालयमध्ये झन्डै आधाजसोले थोत्रो टेम्पो र रिक्सा नै चलाउँछन् । यसैले यस्तो दुर्घटना फेरि नहोला भन्न सकिँदैन ।

हुनत सुनसरी प्याब्सनको वैशाख २७ गते बसेको बैठकले अब आफू मातहतका कुनै पनि विद्यालयलाई 'सरकारी मापदण्ड'भित्र नपर्ने पुराना गाडी, टेम्पो र रिक्सालाई 'स्कुल बस'का रूपमा प्रयोग गर्न नदिने निर्णय गरेको छ । मुनलाइट स्कुलको जीर्ण टेम्पोले क्षमताभन्दा बढी विद्यार्थी ओसारेकैले १३ बालबालिकाको ज्यान गएको ठहरका साथ सुनसरी प्याब्सनले यस्तो निर्णय गरेको हो, तर यो निर्णय कति प्रभावकारी होला ? त्योचाहिँ प्रश्नकै घेराभित्र छ । सुनसरी प्याब्सनका अध्यक्ष शंकर थापा भन्छन्, 'मापदण्ड बनाएरमात्र हुँदैन, हामी आफैं सचेत नभई यस्ता अप्रिय घटना रोक्न सक्दैनौं ।' यस्तै प्रकारको निर्णय प्याब्सनको केन्द्रीय सचिवालयले पनि गर्दै बालबालिका ओसारपसारमा असुरक्षित सवारीसाधन प्रयोगमा रोक लगाउन माग गरेको छ । प्याब्सनले उक्त घटनाको छानबिनका लागि खगेन्द्र पाण्डेको अध्यक्षतामा सातसदस्यीय समिति पनि गठन गरेको छ ।

यसैगरी उक्त कार्यालयले पनि घटनाप्रति दुःख व्यक्त गर्दै वैशाख २८ गते शोक मनाउनका लागि मुलुकभरिका विद्यालय बन्द गरेको छ भने मृतकका परिवारलाई १० हजार र घाइतेका परिवारलाई २ हजार रुपैयाँ राहतस्वरूप दिने निर्णय पनि गरेको छ । ■

## खै, कसरी बाँचें ?

**सागर थापा** (१३)



दुर्घटनामा बाँचेका बालक

**टेम्पोमा बस्ने ठाउँ थिएन ।** अगाडि पछाडि सब टन्न थिए । पछाडि ठाउँ नपुगेर एउटा बेन्च तेर्स्याइएको थियो, त्यहाँ पनि अटी-नअटी साथीहरू बसेका थिए । त्यसैले म टेम्पोको पछाडि भागमा झुन्डिएको थिएँ । अरू दुईजना साथी प्रेम चौधरी र उमेश चौधरी पनि मसँगै झुन्डिएका थिए ।

हामी धेरै जना भएकाले टेम्पो छिटो कुद्न सकिरहेको थिएन । स्कुलदेखि करिब ५ सय मिटर उत्तरको 'चिनियाँ क्याम्प' छेउ आइपुग्दा टेम्पो बिग्रिएकोजस्तो आवाज आयो । मुन्टो तन्काएर अगाडि हेर्दा एउटा फलाम फुस्किएको देखें अनि टेम्पो फर्लक्कै पल्टिन पुग्यो । पछाडि झुन्डिएकाले मलाई फाल हाल्न सजिलो भयो । म फुत्त उफ्रिएँ, प्रेम र उमेश पनि फाल हानें । अरू एक-दुईजना साथी पनि फाल हानेछन् ।

तर, अरू साथी निस्किनै सकेनन् । टेम्पो तीन बल्ड्याङ खाएर पानीमा डुब्यो । साथीहरू चिच्याउँदै थिए । एकै क्षणमा पानीभरि छरपस्ट हुँदै डुबे । कतिलाई टेम्पोले नै किच्यो । मन मिल्ने साथीहरू पनि पानीमा डुबे । मैले त्यति बेला केही सोच्नै सकिनँ । अहिले आफैं छक्क पर्दै छु, म कसरी बाँचें ? ■



तस्वीरहरू : भास्कर ओझा

## सरकारको दुई साता

- संचार, सूचना प्रविधि प्रतिष्ठान, स्थानीय प्रशासन, समाज कल्याण, निर्वाचन र वन्यजन्तुसम्बन्धी सहित ६ अध्यादेश खारेज
- निष्क्रिय- राजदरवार खर्च व्यवस्था, मानवअधिकार आयोगलगायत ४ अध्यादेशको म्याद वैशाख २३ गतेदेखि समाप्त
- १२ देशका राजदूत फिर्ता
- क्षेत्रीय, अंचल प्रशासकको व्यवस्था खारेज
- जिल्ला विकास समितिका मनोनीत सभापति-उपसभापति र पदाधिकारी हटाइए
- नगरनिर्वाचन अवैध घोषित गर्दै मेयर, उपमेयर र पदाधिकारी पदच्युत
- असोज १८ यताका सबै राजनीतिक नियुक्ति बदर।
- विभिन्न औद्योगिक, सेवा, उत्पादन, वित्तीय संस्थान, विकास समिति, आयोग र स्वतन्त्र ऐनबाट गठित निकायसहित असीभन्दा बढी संस्थाका अध्यक्ष, कार्यकारी प्रमुखका साथै तीन दर्जन नगरविकास समितिका पदाधिकारीसहित पाँच सयभन्दा बढीको नियुक्ति खारेजी हुने क्रम जारी।
- माघ १९ लगत्तै अतिरिक्त समूहमा पुऱ्याइएका तीन सचिव र सहसचिवलाई महत्त्वपूर्ण कार्यभार।

# धमाधम काम

■ **किरण भण्डारी/काठमाडौं**

**राजाको प्रत्यक्ष** शासनको सुरुवात असोज १८ पछिका सबै राजनीतिक नियुक्ति खारेज गर्ने सरकारको निर्णयले सरकारी तथा अर्धसरकारी निकायका पाँच सयभन्दा बढी उच्च अधिकारीहरूले जागिरबाट हात धुनु पर्ने भएको छ।

पछिल्लो साढे तीन वर्षको राजनीतिक नियुक्ति खारेज गर्ने वैशाख २५ गतेको मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन हुने क्रम अहिले जारी छ। मन्त्रिपरिषद् सचिवालयले नियुक्ति खारेज हुने व्यक्तिहरूको सूची तयार गरेर सम्बन्धितलाई धमाधम अवकाश पत्र प्रेषित गरिरहेको छ।

आफ्नू मातहत भएका निकायका यस्ता अधिकारीको सूची तयार गर्ने कार्यमा मन्त्रालयहरू व्यस्त छन्। उद्योग, अर्थ, सूचना संचार, स्थानीय विकास, कृषि, कानुन मन्त्रालयअन्तर्गत राजनीतिक नियुक्तिको सूची लामो हुने हुँदा ती मन्त्रालयमा यस्तो कामको चाप बढी देखिएको छ। प्रतिनिधिसभा र सरकारलाई डोऱ्याउने वैधानिक मार्गबारे टुंगोमा पुग्न नसकेको सरकारले दुई सातामा व्यापक प्रशासनिक हेरफेर गरेको छ। प्रारम्भिक तथ्यांकअनुसार सार्वजनिक संघसंस्थानमा राजनीतिक नियुक्ति लिएका पदाधिकारीको संख्या पाँच सय हाराहारी पुग्छ। झन्डै चालीसको हाराहारी रहेको संस्थान, ३५ विकास समिति, सरकारी आयोग, छुट्टै ऐनबाट बनेका स्वतन्त्र निकायसहित यस्तो संख्या नब्बेको हाराहारी पुग्छ। तीन दर्जनको संख्यामा रहेको नगरविकास समितिका पदाधिकारीलाई समेत जोड्दा एउटै निर्णयले अवकाश पाउनेको संख्या पाँच सयभन्दा बढी पुग्छ।

सम्बन्धित निकायको कार्यकारी प्रमुख पदमा एक तहमुनिको वरिष्ठतम अधिकारीबाट पदोन्नति भएकाबाहेक सबैलाई राजनीतिक नियुक्तिको परिभाषाभित्र समावेश गरेका छन्। यसअनुसार संस्थाभित्रैबाट नियुक्त गभर्नर विजयनाथ भट्टराईदेखि बाहिरबाट ल्याइएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हरिश्चन्द्र शाहसमेत राजनीतिक नियुक्तिको परिभाषामा समेटिएका छन्।

कार्यकारी प्रमुख, अध्यक्ष, संचालक समितिका सदस्य राजनीतिक तवरबाट नियुक्त हुने हुँदा संख्या ठूलो हुन्छ। अध्यक्ष र संचालक सदस्य सरकारी कर्मचारी छन् भने उसलाई राजनीतिक

हाेइन कि पदेन मानिन्छ ।

प्रत्येक संघसंस्थाको उच्च तहमा भएको यो अपरेसनले सरकारको कार्यशैली र वातावरणमा परिवर्तन आएको सन्देश एकसाथ दिएको छ । साथै मुलुकको अग्रणी संस्थामा 'फ्रेस ब्लड'को लागि अवसरसमेत सृजना भएको छ । संस्थान वा समितिहरूमा भागबन्डाको चरम राजनीतिकरण सम्भावित चुनौती हो ।

मुलुकका राजनीतिक व्यवस्थामा आमूल परिवर्तन आएको सन्देश १२ मुलुकका राजदूतलाई फिर्ता बोलाउने सरकारको निर्णयले एकसाथ विश्वभरि गएको छ । यद्यपि, यसले ती महत्त्वपूर्ण मुलुकमा नेपाल केही समयका लागि प्रतिनिधित्वविहीन भएको छ । त्यसैले सरकार यथाशीघ्र राजदूत नियुक्तिको गृहकार्यमा जुट्नु पर्छ ।

राजाको अवैधानिक शासनको प्रतिरक्षाका लागि पदीय मात्र होइन व्यक्तिगत र अनौपचारिक सन्दर्भमा समेत सक्रिय रहेका र तत्कालीन सरकारको पक्षमा 'झूटको खेती' गर्नेहरूलाई फिर्ता डाकिएको परराष्ट्रका एक अधिकारीले बताएका छन् ।

राजनीतिक नियुक्तिकामध्ये बेल्जियमका राजदूत नारायणशमशेर थापाबाहेक सबै डाकिएका छन् । उनलाई स्वास्थ्यका कारणले यथावत् राखिएको छ भने कर्मचारीका हैसियतले राजदूत बनेका सातजनामाथि आन्तरिक छानबिन प्रारम्भ भइसकेको छ । स्रोतका अनुसार कर्मचारीबाट राजदूत बनेकाहरूमध्ये आधालाई फिर्ता डाक्ने बलियो सम्भावना छ । दुर्गाप्रसाद भट्टराई, ज्ञानचन्द्र आचार्य र मदन भट्टराई तुलनात्मक रूपमा सुरक्षितमध्ये हुन् ।

मुलुकको छवि धुमिल बनाउन तल्लीन र माघ १९ को विपक्षमा रहेकासँग सामाजिक सम्बन्ध राख्नसमेत हिचकिचाएको आरोपमा कर्मचारीमध्ये संयुक्त राष्ट्रसंघका राजदूत मधुरमण आचार्य सबैभन्दा तारो बनेका छन् ।

कांग्रेससँग निकट रहेर भरपूर फाइदा उठाएका आचार्यले देउवाको पछिल्लो अमेरिका भ्रमणको क्रममा पूर्व प्रधानमन्त्रीलाई सामान्य शिष्टाचारसमेत नदेखाएको आरोप छ । देउवा सरकारले वरिष्ठ सहसचिवलाई पन्छाउँदै सचिव बनाएको गुण बिर्सेको भन्दै प्रजातान्त्रिक कांग्रेसका नेताहरू उनीसँग रुष्ट छन् ।

परराष्ट्रमा राजदूत मात्र होइन आन्तरिक प्रशासनिक सुधारसमेत थालिएको छ । निवर्तमान परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेको ठाडो आदेशमा भारतको नियोग उपप्रमुखबाट सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा फालिएका प्रदीप खतिवडा अहिले पुनः परराष्ट्र पुगेका छन् र निमित्त सचिवको जिम्मेवारी पाएका छन् ।

परराष्ट्र मात्र होइन समग्र प्रशासनयन्त्रमा परिवर्तनको लहर भित्रिसकेको छ । माघ १९ लगत्तै शाही सरकारले अतिरिक्त समूहमा पुऱ्याएका तीन सचिवले 'गोल्डेन पोस्टिङ' पाएका छन् । राजदूत फिर्ता बोलाउने क्याबिनेटले नै गरेको निर्णयानुसार भोजराज घिमिरे अर्थ, टीकादत्त निरौला जलस्रोत र उमेश मैनाली गृहसचिव बनेका छन् । उनीहरूसँगै शिक्षा मन्त्रालयबाट शान्ति सचिवालयमा फालिएका विद्याधर मल्लिक भने यथास्थानमै छन् । कर्मचारी वृत्तमा शान्ति सचिवालय 'मेच, टेबुल, कोठा र पिएसहितको अतिरिक्त' भनी परिचित छ । माघ १९ लगत्तै अतिरिक्त पुऱ्याइएका शशिकान्त मैनालीले वैशाख र विजयराज भट्टराईले माघमा अवकाश पाएका थिए ।

प्रशासनिक नेतृत्वमा वा राजनीतिक नियुक्तिमा शुद्धीकरण सुरु भए पनि यसले केही प्रश्न र अन्योल एकसाथ उब्जाएको छ । राजनीतिक नियुक्तिको परिधि के हो भन्नेबारे अस्पष्ट भएर वैशाख २५ र २६ गते संसद् सचिवालयका महासचिव सूर्यकिरण गुरुङ, लोकसेवा आयोगका अध्यक्ष तीर्थमान शाक्य कार्यालय नै आएनन् । उनीहरूमात्र होइन अरू संवैधानिक निकायका पदाधिकारीमा समेत यो अन्योल देखियो ।

सरकारले नामै किटेर कसैलाई राख्ने वा हटाउने निर्णय नदिई घुमाउरो पारा अपनाएकाले कर्मचारीहरू आफूलाई चित्त नबुझेका हाकिमविरुद्ध संघर्ष गरिरहेका छन् । यसले अराजकताको अवस्था सृजना हुन्छ । तरल राजनीतिक अवस्था र हाकिमको मनोबल गिरेको चाल पाएर कर्मचारीहरू आक्रामक रूपमा उत्रेका उदाहरण पशुपति विकास कोषदेखि पर्यटन बोर्डसमेत बनेका छन् । यस्तो अराजकता नियन्त्रण नगरे सरकारलाई नै घाटा हुन्छ ।

आन्दोलन सफल हुँदै गएपछि थपिएको भीड कतै अहिलेको व्यवस्थालाई बदनाम गर्न अराजकतामा उत्रेको त हैन ? सचेत हुनु पर्ने विषय बनेको छ । अर्कोतिर जागिर वा पदको पर्वाह नगरी आन्दोलनमा होमिएका कर्मचारीको आक्रोशलाई बढाउने काम केही उच्चपदस्थहरूबाट अझै भइरहेको छ । आन्दोलनमा कर्मचारीविरुद्ध खनिएका सचिवहरूले रंग फेरेर थालेको अनधिकृत चुरीफुरीले उनीहरू आक्रोशित बनेका छन् । कायममुकायम सचिवमा ६ महिना पुगेकाले स्वतः पुरानै पद सहसचिवमा झरे पनि उही ठाँटका

## पन्ध्र लाखको भोज !

**सबै पूर्ववर्ती मन्त्रीहरूको** कीर्तिमान सानदार अन्तरले तोड्दै निवर्तमान परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले चालू आर्थिक वर्षमा मात्र १५ लाख रुपैयाँभन्दा बढी रकमको पार्टी गरेको खुलासा भएको छ ।

विदेशी पाहुनाका नाममा पाण्डेको घरमा दिइएको पार्टीमा लागेको खर्चमध्ये मन्त्रालयले १० लाख भुक्तानी गरिसकेको छ भने बजेट अभावले ५ लाखको बिल अड्केर बसेको छ ।

विदेशी कुटनीतिज्ञलाई शीतलनिवासमा नै मादकपदार्थरहित लन्च वा डिनर दिने र अतिथि सत्कार विभागले त्यसको व्यवस्थापन गर्ने गरेकोमा उनले ऱ्याडिसन र सांग्रिला होटलबाट खाना मगाएर घरमा नै आयोजना गरेको दर्जनौ बिल पेस गरेका छन् । त्यसमा विदेशी रक्सीको बिलको रकम ठूलो छ ।

पाण्डेले विदेशी कुटनीतिज्ञका नाममा खुवाएको खानाको बिल मन्त्रालयमा सुरक्षित भए पनि उनले परराष्ट्रमन्त्रीका हिसाबले गरेको भ्रमण र भेटघाटको कुनै अभिलेख छैन । 'भोज खाएकोबाहेक उहाँको कुनै इन्स्टिट्च्युसनल मेमोरी छैन', परराष्ट्रका एक कर्मचारी भन्छन्, 'विदेश गएर आउँदासमेत सानो टिपोटसम्म दिनु भएको छैन ।'



रमेशनाथ पाण्डे

विदेश भ्रमणका क्रममा टोलीमा गएका अन्य सदस्यलाई भेटघाटमा सामेल नगराउने उनको स्वभावले गर्दा संस्था सूचनाको हिसाबले शून्यमा नै रह्यो । चीन भ्रमणमा बाहेक सँगै गएका कर्मचारीलाई उनले कहिल्यै भेटघाटमा सामेल गराएनन् ।

चीनका राष्ट्रपति हु जिन ताओसँगको भेटघाटमा भने राजदूत नरेन्द्रराज पाण्डेले पनि एकसाथ भेट्ने सूची पहिले नै तयार भएकाले मात्र रमेशनाथले एक्लै भेट्न नपाएका हुन् ■

## सरकारको ढिलाइ

- सभामुख चयन
- कार्यसम्पादन नियमावली संशोधन
- राजदरवार खर्च कटौती
- राजप्रासाद सेवाको खारेजी
- राजपरिषद् खारेजी
- संसद् र सरकार मातहत सेना
- स्थानीय निकायको टुंगो
- पदीय मर्यादा नाघेर निरंकुशताको वकालतमा उत्रेका संवैधानिक निकायका पदाधिकारीमाथि कारबाही
- माओवादीसँग वार्ताको लागि टोली निर्माण



▲ मन्त्रिपरिषद्ले दुई सातामै निकै काम भ्याइसकेको छ

# 'सेरिमोनियल किङ'को पक्षमा छु म

■ प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला

**अबको नेपालमा** राजाको अस्तित्व, स्थान र भूमिकाबारे छलफल चर्किरहेका बेला कांग्रेस सभापति एवं प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफू 'सेरिमोनियल किङ'को पक्षमा रहेको बताएका छन्।

सडकमा राजाविरुद्ध चर्का नारा लाग्ने क्रम चलिरहे पनि जनआन्दोलनका नेता कोइरालाले आलंकारिक मात्र भएर बस्न राजी भए आफूहरू त्यसमा राजी हुन बाध्य हुने बताए। 'पशुपतिनाथ जस्तो सम्मानित भएर राजा बस्न खोजेमा आपत्ति प्रकट गर्न सकिँदैन', *समय*सँग संक्षिप्त कुराकानी गर्दै कोइरालाले भने, 'यो मेरो र पार्टीको धारणा हो।'

गणतन्त्र र प्रजातन्त्रको मध्यमा बस्न राजी भएमा राजाको अस्तित्व कायम रहने धारणा उनले व्यक्त गरेका छन्। आम सर्वसाधारण राजतन्त्रको विपक्ष र लोकतन्त्रको पक्षमा भए पनि राजाका लागि संविधानसभापछि पनि स्थान सुरक्षित राख्ने आशय कोइरालाले व्यक्त गरेका छन्, तर जनताले गर्ने फैसला सर्वोपरी र मान्य हुने पनि उनले समयसँग बताए।

राजासँगको सम्बन्ध कस्तो छ ? भनी सोधिएको प्रश्नमा कोइरालाको जवाफ थियो- ठिकै छ। राजाबारे कुरा गरिरहँदा उनको मुहारमा कुनै तिक्तता झल्किएको थिएन। राजाबारे नरम धारणा व्यक्त गर्दा अलोकप्रिय हुन सकिने खतराको पर्वाह नगरी कोइरालाले दाजु विपी कोइरालाको परिकल्पनानुसार मेलमिलापको पक्षमा आफूलाई उभ्याएका छन्।

आपसी मेलमिलापमै राष्ट्रिय अस्तित्व पनि सुरक्षित हुने र अन्तर्राष्ट्रिय जगत्मा प्रतिष्ठापूर्ण भूमिका निर्वाह गर्न सकिने कोइरालाको विश्वास छ। मेलमिलापको खाकाभित्र नै मुलुकको अस्तित्व सुनिश्चित हुन्छ।

कोइरालाले आफ्नो एजेन्डामा सात दलको पूर्ण सहयोग पाउने विश्वास व्यक्त गरेका छन्। कोइरालासँग रुष्ट भएर पार्टी विभाजन गरेका शेरबहादुर देउवाले समेत 'जस्तो पनि समर्थन दिन तयार छु' भनेर उनका काँधमा चुनौती थपिदिएपछि उनको इच्छाशक्ति झनै बढेको छ।

संविधानसभाको निर्वाचन सम्पन्न हुनुअघिको अवधिमा मुलुकमा राजनीतिक र संवैधानिक रिक्तता सृजना हुन नदिन सरकार प्रतिनिधिसभा र संविधानलाई यथावत् क्रियाशील गराउने पक्षमा आफू रहेको प्रधानमन्त्री कोइरालाले बताएका छन्। सात दल गठबन्धनका घटक, नागरिक समाज र दबाव समूहहरूबीच 'अबको बाटो वर्तमान संविधान कि अन्तरिम विधान' भन्ने विषयमा वहस भइरहेका बेला कोइरालाले उक्त धारणा व्यक्त गरेका छन्।

आन्दोलनका स्पिरिटलाई संशोधनमार्फत संविधानमा संस्थागत गर्न सकिने बताउँदै उनले माओवादीसँग वार्ता गरेर ठोस निष्कर्षमा पुगिसकेपछि भने केही लचिलो हुन सक्ने बताए। 'माओवादीसँग वार्ता भइसकेर संविधानसभातर्फ अघि बढ्दा यही संविधानमा आवश्यक संशोधन गरेर अन्तरिम विधान ल्याउन सकिन्छ', कोइरालाले भने। उमेर र स्वास्थ्यका कारण माओवादी विद्रोह यथाशक्य चाँडो समाधान होस् भन्ने पक्षमा रहेको उनले दोहोऱ्याएका छन्। एक वर्षभित्र संविधानसभाको निर्वाचन सम्पन्न गराउन सकियोस् भन्ने ध्याउन्नमा आफू रहेको उनले बताए। ■

साथ उही नेम प्लेट, उही कोठा, कुर्सीमा घुम्नेमा राष्ट्रिय सतर्कता केन्द्रका कृष्णकुमार श्रेष्ठ, जलशक्ति आयोगका शीतलबाबु रेग्मी र भूमिसुधारका युवराज भुषाल छन्। जनआन्दोलनताका कर्मचारी सरुवा गरी चरम विवादमा पसेका भुषाल कायममुकायम फुस्केको दुई साता नाघिसक्दा पनि भूमिसुधार आउन छोडेका छैनन्। उनको दरबन्दी सामान्य प्रशासन मन्त्रालय अतिरिक्त समूहमा छ।

स्थायी सरकार भनिने प्रशासनमा जबरदस्त लादिएको क्षेत्रीय र अंचल प्रशासक खारेज भएको छ। राजनीतिक नेतृत्वको सट्टा क्षेत्रीय प्रशासन कार्यालय माघ १९ अघिको झैं प्रशासनिक बनाउने तयारी भइरहेको गृह मन्त्रालय स्रोतले जानकारी दिएको छ। क्षेत्रीय प्रशासनको जिम्मा पूर्ववत् कर्मचारीलाई जानेबित्तिकै विशिष्ट श्रेणीको रिक्त पद १३ पुग्छ। मन्त्रिपरिषद् विस्तारपछि रिक्त सचिव पदमा कायममुकायम नियुक्ति गर्ने सहमति भएको बुझिएको छ। क्षेत्रीय प्रशासन कर्मचारीको नेतृत्व कायम भएपछि जनआन्दोलनमा अतिवादी भूमिका रहेका केही सचिवलाई ती पदमा सरुवा गर्ने तयारी भइरहेको छ। राजाको अवैधानिक कामका सारथी बनेका संवैधानिक निकायका पदाधिकारीलाई पदमुक्त गर्नु पर्ने माग घनीभूत हुँदै गए पनि यसतर्फ खासै अग्रसरता देखिएको छैन।

मुख्यसचिव लोकमानसिंह कार्की जस्तै पदमुक्त हुने निश्चित भए पनि संवैधानिक निकायका पदाधिकारीलाई कुन प्रक्रियाबाट बिदा गर्ने भन्ने खाका अहिलेसम्म बनेको छैन। असोज १८ पछि नियुक्त संवैधानिक निकायका पदाधिकारीलाई राजीनामा दिन अनुरोध गर्ने सहमति बनेको छ। प्रधानमन्त्री वा वरिष्ठ मन्त्रीमार्फत गरिने त्यस्तो अनुरोध नमाने संसद्मा महाभियोग ल्याउनु पर्नेमा प्रमुख दलहरू एकमत छन्। असोज १८ पछिका सबै संवैधानिक नियुक्ति अवैधानिक तवरबाट भएकाले संसद्ले सीधै उनीहरूलाई पदच्युत गरेको घोषणा गर्न सक्छ भन्ने अवधारणा पनि बलियो बन्दै गएको छ।

संवैधानिक निकायका पदाधिकारीमध्ये प्रमुख निर्वाचन आयुक्त र महालेखापरीक्षक संवैधानिक परिषद्को सिफारिस फेरेर नियुक्त भएका व्यक्ति हुन्। २०६० भदौमा प्रधानमन्त्री सूर्यबहादुर थापाको अध्यक्षतामा बसेको परिषद्ले ती पदमा क्रमश: भोजराज पोखरेल र दीपेन्द्रपुरुष ढकाललाई सिफारिस गरेको थियो।

संवैधानिक पदाधिकारीमध्ये अख्तियारका तीन आयुक्त इन्द्रकुमार श्रेष्ठ, ललितबहादुर लिम्बू, वेदप्रसाद शिवाकोटी, लोकसेवा आयोग सदस्य विजया केसी र निर्वाचन आयोगका चार आयुक्त २०६० मंसिरमा नियुक्त भएका हुन्। संवैधानिक परिषद्को विधिवत् सिफारिसमा परेर पनि राजाले संवैधानिक निकायमा नियुक्त नगरेकामा श्रीकान्त रेग्मी, उषा नेपाल र श्रीप्रसाद पण्डित हुन्। रेग्मीको अख्तियार आयुक्त, नेपाल निर्वाचन आयुक्त र पण्डितलाई लोकसेवाको सदस्यमा सिफारिस भएकोमा राजाले संविधान मिचेर आफ्नै मनखुसीले

# दरवारको आफ्नै सुर

**राजतन्त्रविरुद्ध** जनताले आन्दोलन चर्काइरहेका बेला राजदरवारले भने राजाको सुविस्ताका लागि विशेष सुविधायुक्त कार खरिद गर्न सरकारसँग १० करोड रुपैयाँ माग गरेको खुलासा भएको छ ।

राजदरवारबाट अर्थ मन्त्रालयलाई वैशाख ५ गते प्राप्त पत्रमा जिल्ला भ्रमण र कच्ची बाटोमा राजाको सवारीका लागि 'माइन प्रुफ' गाडी आवश्यक भएको भन्दै उक्त रकम माग गरिएको छ ।

जनआन्दोलनको सफलतापश्चात् राजदरवारको अधिकार कटौती भइसकेको भए पनि वैशाखको अन्तिम सातासम्म उक्त रकमका लागि दरवार प्रशासनले अर्थ मन्त्रालयलाई ताकेता लगाइरहेको छ ।

अर्थ मन्त्रालय बजेट महाशाखाका प्रमुख सुवर्णलाल कर्माचार्य उक्त रकम निकासा दिन हतारिएको भए पनि विभिन्न प्राविधिक कारणले गर्दा अहिलेसम्म दरवारको मागमाथि निर्णय भने भएको छैन ।

सरकारले दरवारका लागि ४० करोड बजेट विनियोजन गरेकोमा थप १० करोड दिने अवस्था नरहेको व्यहोराको जवाफ दिनु पर्ने


नारायणहिटी राजदरवार

तेजबहादुर बस्नेत

मातहतका कर्मचारीको रायलाई पन्छाउँदै महाशाखामा अहिले पनि उक्त फाइल ओपन नै राखिएको छ ।

'रकम मात्र माग गर्ने गाडीको नाम र मोडेलबारे जानकारी नदिने राजदरवारको परम्परानुसारकै पत्र भएकाले कुन कम्पनीको मोटर किन्न खोजिएको भन्नेबारे हामीलाई पनि थाहा छैन', अर्थ मन्त्रालयका एक कर्मचारी भन्छन्, 'वीरेन्द्रले जीवनभरि दुईवटा मोटर चढे, देश झन् गरिब भएको थाहा हुँदाहुँदै अहिलेका राजालाई बर्सेनि किन गाडी थप्नु परेको हो ? हामीले बुझ्न सकेका छैनौं ।'

राजा ज्ञानेन्द्रकै निजी प्रयोगको लागि गत तीन वर्षमा ३७ करोड रुपैयाँ बराबरको कार भन्सार छुटमा ल्याइसकिएको छ । संसारमै अत्यन्त सुविधासम्पन्न धनाढ्यहरूले चढ्ने रोल्स रोयस, लिमोजिन र जगुवार कार भित्र्याइसकेका राजाको अहिले कुन कम्पनीमा कारमा आँखा लागेको होला भनी जान्न केही महिना कुर्नै पर्छ । ■

उनीहरूलाई पाखा लगाएका थिए ।

निर्वाचन आयोगले स्वच्छ, सहभागितामूलक र निष्पक्ष भनी मान्यता दिएको नगरनिर्वाचन अवैधानिक भन्दै खारेज गर्ने हैसियत राख्ने सरकारले त्यसका पदाधिकारीहरूलाई यथावत् बहाल रहन दिने हो भने विरोधाभासपूर्ण हुन्छ । शाही शासनमा प्रमुख आयुक्त राजभण्डारीले लोकमानसिंह कार्कीलाई उछिन्दै दलहरूलाई अपमान गर्ने र निरंकुशताको तावेदारी गर्नमा आफूलाई एकाग्र राखेको सबैको स्मृतिमा ताजै छ ।

संवैधानिक पदाधिकारीमध्ये प्रधानन्यायाधीश दिलीपकुमार पौडेल र न्यायाधीश पवनकुमार ओझाको पनि लगातार राजीनामा माग भइरहेको छ । राजीनामा नदिए महाभियोग दर्ता गर्ने चेतावनी सांसदहरूले प्रतिनिधिसभाको रोस्ट्रमबाट नै दिइरहेका छन् । प्रधानन्यायाधीशभन्दा पनि ओझाप्रति जनआक्रोश बढी छ । पछिल्ला दिनमा नेपाल बारले प्रधानन्यायाधीशप्रति नरम नीति अख्तियार गरेको देखिएको छ ।

अदालत वा न्यायाधीशबारे संविधान/कानुनले निर्दिष्ट गरेका प्रक्रिया अवलम्बन नगरी आक्षेप मात्र लगाउँदा विधिको शासनको खिल्ली उड्नेतर्फ सचेत हुन आग्रह गर्दै कतिपय कानुनव्यवसायीले महाभियोगमा जानु पर्ने धारणा सार्वजनिक गर्दै आइरहेका छन् । ।

## आन्दोलनको माग विस्मृतिमा

राजनीतिक नियुक्ति खारेजी, कुटनीतिक क्षेत्रमा परिवर्तन र प्रशासनिक हेरफेरमा बढी ध्यान केन्द्रित गरेको सरकारले जनआन्दोलनको मैदानमा उठेका मागलाई संस्थागत गर्नेतर्फ भने कम प्राथमिकता दिएका छन् ।

जनबलमा बनेको वर्तमान सरकार आन्दोलनको भावनालाई समेट्न बाध्य भनिए पनि आफैले सडकमा घन्काएका नारालाई संस्थागत गर्न अपेक्षित चासो देखाएका छैनन् ।


जनआन्दोलन सफल हुनुअघि सात दलका दस्तावेजमा ठूला अक्षरले लेखिएका र आन्दोलनमा गगनभेदी नारा लागेका विषय हुन्- राजपरिवारको सम्पत्ति विवरण र विदेशमा रहेको रकम फिर्ता ल्याउनुपर्ने माग, राजप्रासाद सेवाको खारेजी, राजपरिषद्को खारेजी, राजदरवारको खर्च कटौती, सेना सरकार र प्रतिनिधिसभाको मातहत आदि आदि । तर सरकारको पहिलो पन्ध्र दिन सडकमा घन्केका कुनै पनि नारा सरकारको उच्च प्राथमिकता बन्न सकेको छैन ।

असोज १८ लगत्तै संशोधन गरेर राजाले आफूलाई शक्तिशाली बनाएको कार्यसम्पादन नियमावलीको संशोधनसम्म हुन सकेको छैन । सरकारले निर्णय प्रक्रिया र काम कारबाहीका क्रममा नियमावली अनुसरण नगरेको भए पनि कानुनतः त्यसको संशोधन नगरी गरिएका काम भोलि अवैधानिक घोषणा हुने खतरा हुन्छ ।

सेनाको जवाफदेहिता र वफादारिताको टुंगो लगाउने छलफल चर्किरहेका बेला बेलवारी र नगरकोट हत्याकाण्डको सत्यतथ्य छानबिन गर्न आयोग बनाउने प्रस्ताव भने प्रतिनिधिसभाले टुंगो लगाएको छ ।

यसै प्रसंगमा शाही सेना र माओवादी सेनालाई समदूरीको व्यवहार गर्नु पर्ने राज्य कुनै एक पक्षप्रति बढी आग्रही र अर्कोप्रति बढी नरम बन्न नहुने आवाज उठेको छ । अन्याय अत्याचारमा शाही सेना मात्र हैन, माओवादी सेनाको पनि उत्तिकै संलग्नता हुने हुँदा छानबिन हुनु पर्छ । यस अवधारणासँग प्रधानमन्त्री कोइराला र शीर्षस्थ नेताहरूबीच सहमति भइसकेको बताइएको छ ।

नागरिक समाज अधिकारका नाममा सरकारलाई डिक्टेसन मात्र गराउन उद्यत भएको भन्दै केही मन्त्रीले आक्रोशसमेत व्यक्त गरेका छन् । ■



तस्बिरहरू : तेजबहादुर बस्नेत

# आन्दोलनको भावनाअनुसार सरकार अघि बढ्छ

■ केपी ओली
उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री

**सरकारको गति तीव्र बनेन भन्ने भनाइलाई कसरी हेर्नु हुन्छ ?**

यस्तो भनाइमा आंशिक सत्यता छ। प्रधानमन्त्रीको स्वास्थ्यका कारण तत्काल काम सुरु गरिहाल्न समस्या भयो, तर मन्त्रिपरिषद्को विस्तारसँगै त्यो स्थितिमा परिवर्तन आएको छ। बिर्सन नहुने कुरा, मन्त्रिपरिषद्का पुरा गर्नै पर्ने प्रक्रिया हुन्छन्। विषयहरू मन्त्रालयबाट उठाउने, मन्त्रिपरिषद्मा पुऱ्याउने, सात दल र मन्त्रिपरिषद्मै सहमति बनाउनेजस्ता प्रक्रिया मन्त्रिपरिषद्ले पूरा गर्नै पर्छ। पर्याप्त गतिमा काम भएन भन्ने गुनासो गर्ने ठाउँ भए पनि कामहरूले जुन दिशा समातेको छ, काम भएन र ढिलो भयो भन्ने स्थिति छ भन्ने मलाई लाग्दैन। अतिरिक्तमा भएका केही सचिवको पुनःस्थापना र १२ देशका राजदूतलाई फिर्ता बोलाइएको छ। जनआन्दोलन दबाउनेहरूमाथि कारबाहीका लागि उच्चस्तरीय छानबिन आयोग बनेको छ। घाइतेहरूको स्थिति बुझ्न, उपचारका लागि लगत निर्माण गर्न र उपचार गर्न बजेटसहित समिति बनेको छ। सहिदका परिवारलाई गर्ने सहयोग सम्बन्धमा निर्णय भएको छ। पुरानो सरकारले गरेका राजनीतिक नियुक्ति खारेज गरिएको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा पनि सरकारले काम थालेको छ। अन्तर्राष्ट्रिय सहयोग धमाधम फुकुवा हुने शृंखला सुरु भएको छ। त्यसकारण आन्दोनमा अभिव्यक्त भावना र चाहनानुसार हिँड्ने कुरामा सरकारको अनिच्छा हो कि भन्ने शंका गर्नु पर्ने स्थिति होइन भन्ने स्पष्ट छ।

**माघ १९ को राजाको कदमलाई साथ दिने संवैधानिक अंग र सुरक्षानिकायमाथि सरकारले के गर्छ ?**

सडकका माग र राज्यका प्रक्रिया अलि फरक हुन्छन्, तर जनआन्दोलनको भावनालाई कदर नगर्ने वा त्यस दिशामा नबढ्ने भन्नेमा सरकार छैदै छैन। अहिलेको सरकारको मुख्य जोड भनेको विगतबाट शिक्षा लिने, विगतका कमजोरी र उल्टा काम सुल्टाउने, जनता, मुलुक र प्रजातन्त्रको भविष्य बनाउने र शान्ति स्थापना गर्ने विषयमा लाग्ने हो। सरकार जनआन्दोलनको भावनानुसार अघि बढ्न, आन्दोलनका उपलब्धिको रक्षा गर्न र ती उपलब्धि संस्थागत गर्न कृतसंकल्पित छ। शान्ति स्थापना गर्ने सन्दर्भमा पनि माओवादी विद्रोहीमाथिको 'रेडकर्नर नोटिस' हटाइएको छ, उनीहरूमाथिको पक्राउ आदेश रद्द गरिएको छ, थुनामा रहेकालाई क्रमशः रिहा गर्दै जाने भनिएको छ, युद्धविराम गरिएको छ र युद्धविरामसम्बन्धी आचारसंहितामाथि छलफल जारी छ। स्थिति नियन्त्रणमा लिने र त्यसलाई सकारात्मक दिशामा अघि बढाउनेमा सरकार लाग्नै पर्छ, लागिरहेको छ।

**संवैधानिक निकाय प्रमुखहरूबारे सरकारको आगामी कदम प्रस्ट पारिदिनुस् न ?**

काम गर्नु एउटा हो र काम नगर्न अनेक भन्नु अर्को हो। सात दलका सहमत बुँदा छन्, संसद्ले पारित गरेका निर्देशन छन्, जनआन्दोलनमार्फत जनताले व्यक्त गरेका अभिमत छन्, तिनीहरूलाई ध्यान दिने र अघि बढ्ने सन्दर्भमा मैले माथि नै भनिसकेको छु। सार्वभौमसत्ता जनतामा छ, संसद्ले जनताको त्यो अधिकार प्रदत्त गर्छ र सरकारले संसद्को। त्यसकारण हरेक मन्त्रीले सार्वभौम आफैं हुँ भनेझैं बोल्नु मनासिव हुन्न, तर जनतामा सार्वभौम र राजकीयसत्ता छ र त्यसको स्रोत जनता हुन् भन्ने आधारभूत प्रस्तावनाअनुरूप सरकार निर्बाध ढंगले अघि बढ्छ भन्नेचाहिँ म स्पष्ट पार्न चाहन्छु।

**आन्दोलनमा तपाईंहरूले कहिल्यै नखोसिने प्रजातन्त्र ल्याउने बताउनुभएको थियो, कसरी ल्याउनु हुन्छ त्यस्तो प्रजातन्त्र ?**

सैद्धान्तिकरूपमा नखोसिने लोकतन्त्र आइसक्यो। सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा भएको तथा राज्यशक्तिका स्रोत जनता हुन् भनेपछि सैद्धान्तिक हिसाबले लोकतन्त्र खोसिने कुनै सम्भावना छैन, तर प्रतिगामी तत्त्वहरू फेरि कुनै प्रकारको षड्यन्त्रको ओथारो बस्दैनन् भन्न सकिँदैन र त्यसप्रति जनता सचेत हुनु पर्छ तथा खबरदारी गर्नु पर्छ। प्राप्त उपलब्धिको रक्षा गर्ने, संस्थागत गर्ने र पूर्णता दिनेमै अहिलेको लडाइँ हो। यसैलाई नखोसिने प्रजातन्त्र भनिएको हो। यसको व्याख्या हामीले पहिले पनि गरेका छौं।

**सेना जनप्रतिनिधि मातहत ल्याइने भन्न खोज्नुभएको हो ?**

सेना देश, जनता र संविधानप्रति वफादार, संसद्प्रति उत्तरदायी तथा सरकारबाट संचालन

हुने व्यवस्था नै हो, सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिको स्रोत जनतामा भनेको । यसलाई संवैधानिक र कानुनीरूपमा त्यसैअनुरूप व्यवस्थित गरिनेछ । नयाँ संविधान निर्माणतर्फ हामी जाँदै छौं । मैले माथि भनेको आन्दोलनका उपलब्धि संस्थागत गर्ने र पूर्णता दिने विषयभित्र नै सेना पनि पर्छ । सेना एउटा पक्ष, सानो दायरा, एउटा संस्थाको पक्षमा र त्यसैप्रति वफादारीमा प्रयोग हुनु हुँदैन । सेनालाई राष्ट्रिय सेनाको मर्यादितस्तरमा लानु पर्छ ।

**यो सैद्धान्तिक मान्यता व्यवहारमा लैजाने सरकारको कस्तो योजना छ ?**

विगतमा सेना यो मान्यतानुसार चलेको थिएन भन्ने साँचो हो, तर अहिलेको व्यवस्थानुसार सेना मैले माथि भनेअनुसार उन्मुख छ भन्ने स्पष्ट छ । अब संवैधानिक र व्यवहारिकरूपमा ती व्यवस्था गर्न अर्थात् संवैधानिक, कानुनी र व्यवहारिक रूप दिन विभिन्न आवश्यक काम गर्नु पर्छ ।

**राजालाई सत्ता लिन उक्साउनेमा दरबारमा रहेको राजप्रासाद सेवा महत्त्वपूर्ण हो भनिन्छ । त्यसबारे दल र सरकारले बोलेको पाइन्न नि ?**

अब दलहरूले बोल्नेभन्दा काम गर्ने हो । दलहरू किन बोल्दैनन् भन्नुको अब केही अर्थ छैन, सरकारले किन गरेन भन्ने हो अब । सार्वभौमसत्ता, राजकीयसत्ता र राज्यशक्तिका स्रोत जनतामा रहेको प्रस्तावनानुसार गर्नु पर्ने गरिन्छ र सच्याउनु पर्ने सच्याइन्छ । जन्माउनु पर्ने संस्था जन्माउनु पर्छ, फाल्नु र हटाउनु पर्ने संस्था हटाउनु पर्छ ।

**शान्ति स्थापनाका निम्ति सरकारले समिति बनाएर माओवादीसँग छिटो वार्ता गर्न किन नखोजेको हो ?**

सरकारले पहल गरिरहेको छ । सरकारले एक सातामा जस्ता काम गरेको छ, त्यसलाई पहल नगरेको भन्न मिल्दैन । युद्धविराम भएको छ, आचारसंहिताको प्रस्ताव गरिएको छ र त्यसमा हस्ताक्षर गर्ने कुरा अघि बढ्दै छ । जनताको चाहना सबै काम एकैचोटि झ्यापझुप्पै होस् भन्ने रहन्छ, तर उपलब्धि संस्थागत गर्ने काम रातारात त हुँदैन । सबै काम गर्नु पर्छ, तर अनावश्यक हतारोले कहिलेकाहीँ सकारात्मक परिणाममा पुगिँदैन भन्ने बिर्सनु हुँदैन ।

**माओवादीसँगको वार्ता अघि बढ्छ ?**

निकट भविष्यमै हुन्छ । सरकार यसका निम्ति तीव्रतासाथ काम अघि बढाउन चाहन्छ । हिंसाका सम्भावना र द्वन्द्वलाई सरकार सकेसम्म छिटो र सधैंका निम्ति समाप्त पार्न चाहन्छ ।

**वार्ताको पूर्वसर्तका नाममा माओवादीका मागलाई कसरी हेर्नु हुन्छ ?**

माग त विभिन्न हुन सक्छन्, तर माग हुनेबित्तिकै कन्सिरी तताइहाल्नुपर्ने आवश्यकता छैन । सबै मागबारे सहमति भइहाल्छ भन्ने पनि होइन । त्यसो हुन्थ्यो भने त कुनै एक पक्षले आत्मसमर्पणको घोषणा गरिदिए भइहाल्यो । वार्ता र संवादबाट सहमति प्राप्त गर्नु पर्‍यो, सरकार खुला दिलसाथ वार्ता गर्न तयार छ । शान्ति प्राप्त गर्ने अभियानमा एक-अर्काप्रति अविश्वास र आशंकाबाट वार्ता थाल्नु हुन्न । विश्वासबाट प्रयासहरू थालनी गर्नु पर्छ ।

**संविधानसभा निर्वाचन प्रक्रियाबारे सरकार के सोचिरहेको छ ?**

प्रक्रियाबारे पनि सहमति चाहिन्छ । अहिले नै मैले केही बोले त्यो नै फेरि अल्झो हुन सक्छ । हामी कोही पनि आफ्ना आग्रहअनुसार चल्ने हो भने त्यसैमा अल्झिरहन्छौं । त्यसो गरियो भने शान्ति स्थापना गर्ने कठिन तर अत्यावश्यक बाटो पार गर्न सकिन्न ।

**संविधानसभाको निर्वाचनअघि विद्रोही माओवादीको हतियार व्यवस्थापन कसरी गर्ने विचार छ ?**

त्यसबारे अहिले म विस्तृतमा जान चाहन्नँ । किनभने अहिले नै मैले बोल्दा जटिलता र उल्झन पैदा हुन सक्छ । हामीले विश्वासबाट काम थाल्नु पर्छ । विश्वासबाट थाल्ने भनेको समाधानविना समाधान खोज्ने होइन । त्यसकारण समाधानमा पुग्न समाधान उन्मुख हुनु पर्छ ।

**सात दल–माओवादीको बाह्रबुँदे समझदारी त्यसमा स्पष्ट छैन र ?**

बाह्रबुँदे समझदारीले आधारभूतरूपमा थुप्रै कुरा संकेत गरेको छ । त्यसले धेरै परसम्मका लागि आधार प्रदान गरेको छ । त्यो समझदारी धेरै महत्त्वपूर्ण छ र शान्ति स्थापना सन्दर्भमा त्यो कोसेढुंगा नै हो । तानाशाही व्यवस्थाको ठाउँमा लोकतन्त्र स्थापना भइसक्दा पनि बाह्र बुँदा त्यतिकै नयाँ र उज्यालो छ । सोहीअनुसार अघि बढ्न सात दल र सरकार प्रतिबद्ध छन् ।

**माओवादी पनि बाह्रबुँदे समझदारीप्रति प्रतिबद्ध भएको बताउँछ, सात दल र सरकार पनि त्यही भन्छन् । त्यसो भए समस्या कहाँ छ त ?**

माओवादीहरू कहिलेकाहीँ त्यस्तो बोल्छन् । जस्तो, वैशाख १२ गते बिहान नै सात दलले बाह्रबुँदे समझदारीअनुसार काम गरेनन् भन्ने माओवादीको वक्तव्य आयो । माओवादी नेताहरू तिक्ष्ण रहेछन्, चौबीस घन्टामै उनीहरूले बुझे, तर सधैं सबै कुरा चौबीस घन्टामै बुझिन्छ भन्ने हुँदैन । माओवादीले बाह्र बुँदाप्रति देखाएको प्रतिबद्धता र अग्रसरताप्रति म खुसी छु । माओवादीप्रति शंकै गर्नु पर्छ भन्ने मलाई लाग्दैन । त्यसकारण समस्या बाँकी छ भन्ने कुरै होइन ।

**त्यसो भए खबरदारी गर्न जनतालाई किन आह्वान गरिरहनुभएको छ त ?**

वार्तामा कसैले नाजायज कुरा गर्छ भने त्यसमा जनताले खबरदारी गर्नु पर्छ, तर नेताहरू खुट्टा कमाउलान् भनिएको छ, त्यो सही होइन । जनताका अधिकार खोस्न खोज्लान् भनेर खवरदारी गरिनुचाहिँ ठिक हो । नेताहरूप्रति खवरदारी आवश्यक छैन, किनभने आन्दोलनबाटै आएका हुन्, नेताहरू । खवरदारी गर्ने नाममा प्रदीप ज्ञवाली जस्ता नेता पिटिनुले के अर्थ लाग्छ ? त्यसले कसलाई खुसी पार्छ र कसलाई बलियो बनाउँछ ?

**संसारबाट नेपाललाई एकल्याउने विगत १४ महिनाको कूटनीतिलाई कसरी सच्याउनु हुन्छ ?**

लोकतान्त्रिक आन्दोलनको सफलताको एक झट्काले संसद् र सरकारको समर्थनमा विश्वजनमत अगाडि आइसक्यो । अब, त्यसलाई



मूर्त र सबल बनाउने तथा विभिन्न योजना र कार्यक्रममा त्यो सहयोगलाई प्रतिबिम्बित बनाउने काम बाँकी छ, तर त्यो प्रारम्भ भएको छ ।

**सन् १९५० को भारतसँगको सन्धि पुनरावलोकन कुरा नि ?**

एकैपटक सबैतिर कुद्न खोज्नु सम्भव र जायज हुँदैन । हामी तात्कालिक प्राथमिकतामै लाग्नु पर्छ ।

**सात दलमा मन्त्रीको बाडँफाँडबारे देखिएको विवादलाई के भन्नु हुन्छ ?**

भिन्न दल एक ठाउँमा बस्दा भिन्न विचार आउँछन् र त्यसमा छलफल हुन्छ । चुनौती सामना गर्न एक भएर अघि बढ्नु प्रमुख कुरा हो र त्यस दिशामा सात दल अघि बढिरहेका छन् ।

**त्यही विषयमा एमाले पनि विवादित बन्यो र प्रदीप नेपालले स्थायी समिति सदस्यबाटै राजीनामा दिनुभयो ?**

लामो समयपछि सरकारमा पार्टीबाट नेतृत्व गर्ने टोली नेताको नाममा एमालेमा यसपटक सर्वसम्मतिले निर्णय भएको हो । स्थायी समितिले त्यसबारे बोल्नु पर्ने कुरा बोलिसकेकाले मेरो थप केही भन्नु छैन ।

**केही संचारमाध्यम र विद्रोही माओवादीबाट जनआन्दोलनप्रति तपाईंको प्रतिबद्धतामा प्रश्न उठाइएको छ, यसप्रति तपाईं के भन्नु हुन्छ ?**

त्यसको जवाफ दिइरहनु पर्छ जस्तो लाग्दैन । किनभने आन्दोलनमै म ४० वर्षदेखि संलग्न छु । टाढाबाट हेरेका मान्छेले भन्ने कुराको केही अर्थ छैन । मेरो कामको मूल्यांकन पार्टी र कमिटीले गर्ने हो । म कसैले भनेको कुरा सजिलैसँग मान्ने मानिस होइन, किनभने म एमालेको मानिस हुँ । पार्टी दृष्टिकोण र निर्णयानुसार मैले बोल्ने गरेको छु । माओवादी नेताहरूकै कुरा गर्ने हो भने, उनीहरूसँग मेरो चिनजान छ र कुराकानी पनि भएको छ । मलाई उनीहरूले पनि चिन्दैनन् भन्ने लाग्दैन, सबैले चिन्छन् । चिनेर विरोध गरेका हुन् भने मेरो भन्नु केही छैन । भुलचुकले विरोध गरेका हुन् भने समयक्रममा उनीहरूको धारणामा परिवर्तन आउँछ । परिवर्तन नल्याउने कसम खाएका छन् भने चाहिँ बेग्लै कुरा हो ।

■ **सुवास देवकोटा/काठमाडौं**

वार्तासमितिको नेतृत्व प्रचण्डले गर्ने चर्चा चलेका बेला महरा आउनुले माओवादी अहिले नै समस्या समाधान हुनेमा विश्वस्त नभएको संकेत दिन्छ । स्रोत भन्छ, 'समस्या समाधानमा सरकार गम्भीर र इमानदार देखिए वार्तासमितिमा वरिष्ठ नेताहरू संलग्न हुने सम्भावना समाप्त भएको छैन ।'


कृष्णबहादुर महरा


देव गुरुङ


दिनानाथ शर्मा

# आचारसंहिता टुंगोमा

**सरकार-माओवादी** वार्ताका लागि बनाइएको आचारसंहिता दुई पक्षबीच धेरै पटक ओहोरदोहोरपछि अन्तिम टुंगोमा पुगेको छ । विद्रोही माओवादीले प्रवक्ता कृष्णबहादुर महराको नेतृत्वमा देव गुरुङ र दीनानाथ शर्माको वार्तासमिति बनेको घोषणा गरेको छ । सरकार र माओवादीका निरन्तरका प्रतिक्रियाले वार्ता तत्काल सुरु हुने लक्षण देखा पर्छन्, तर बहुप्रतिक्षीत सरकार-माओवादी वार्ता सुरु हुने मात्र होइन, माओवादी वार्ताटोली राजधानीमा सार्वजनिक हुने मिति पनि निश्चय भएको छैन ।

वार्ता सुरु हुन नसक्नुमा सरकारी लुम्सोपन प्रमुख कारण देखिन्छ । सरकारले आफैं वाचा गरेअनुसार माओवादी बन्दी रिहा गरेको छैन भने मन्त्रिपरिषद्लाई पूर्णता दिन अझै विलम्ब गरिरहेको छ । प्रतिनिधिसभाका सभामुखको टुंगो नलागेर मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको सरकारसम्बद्ध स्रोतले बताए पनि आफ्नै गति रोक्ने सरकारको यो काम कसैले जायज ठहऱ्याउन सक्दैन । सरकारले पूर्णता नपाई वार्तासमिति नबन्ने निश्चित भएकाले अहिले माओवादीसँगको वार्ता सुरुवातमा मन्त्रिपरिषद् विस्तार नै व्यवधान भएको स्पष्ट छ ।

तर, वार्ता व्यवस्थित र सफल बनाउन धीमा गतिमा भए पनि सरकार-माओवादीबाट काम अघि बढेकै छ । माओवादीद्वारा प्रस्तावित बाइसबुँदे वार्ता आचारसंहितामा सरकारले केही थपघट गरी बाइसवटा बुँदा नै माओवादीलाई पठाएको छ, जसलाई उसले पनि स्विकारेको स्रोत बताउँछ । स्रोतअनुसार राष्ट्रियहित जस्ता संवेदनशील विषय र विकास निर्माणमा सरकार र माओवादी दुवै पक्षको सहमतिमा मात्र काम गर्ने दुईवटा बुँदालाई सरकार पक्षले स्विकारेन भने केही बुँदा सरकारले थपेर पठाइदिएको छ । बाइसबुँदे सहमतिमा 'दुवै पक्षले संवेदनशील क्षेत्रमा एकअर्कामा उत्तेजित पार्ने खालका गतिविधि नगर्ने' र 'दुवै पक्षको सहमतिले आचारसंहिताको अनुगमन टोली बनाउने'जस्ता बुँदा पनि आचारसंहितामा रहेको स्रोत बताउँछ । दुवै वार्तासमितिको हस्ताक्षरपछि सार्वजनिक हुने भनिएको उक्त आचारसंहिता गोप्य राख्न सरकार र माओवादी दुवै पक्ष प्रतिबद्ध देखिएका छन् ।

विगत जनआन्दोलनका सहयात्री सात दलको सरकारसँग वार्ताका निम्ति रणनीति निर्माणमा व्यस्त माओवादीद्वारा निर्मित वार्तासमितिको हैसियत विगतकाभन्दा कमजोर रहेकोमा भने सात दलसम्बद्ध नेताहरू नै आश्चर्यमा छन् । विगतका वार्तामा माओवादीले वरिष्ठ नेताहरू डा. बाबुराम भट्टराई र रामबहादुर थापा 'बादल'लाई पठाएको थियो । अहिले माओवादीले संयोजक बनाएका महराको हैसियत त्यसबेला तेस्रो मात्र थियो । वार्तासमितिको नेतृत्व अध्यक्ष प्रचण्ड स्वयंले गर्ने चर्चा रहेका बेला महराको नेतृत्वमा वार्तासमिति बन्नुले माओवादी अहिले नै समस्या समाधान हुनेमा विश्वस्त नभएको संकेत दिन्छ । माओवादी स्रोत भन्छ, 'समस्या समाधानमा सरकार गम्भीर र इमानदार देखिए वार्तासमितिमा वरिष्ठ नेताहरू संलग्न हुने सम्भावना समाप्त भएको छैन ।' कमजोर वार्तासमिति निर्माण सरकारमाथि दबाब दिने माओवादी रणनीति भएको पनि कतिपयको विश्लेषण छ ।

केही दिनदेखि केन्द्रीय समितिको बैठकमा व्यस्त माओवादीले युद्धविराम र वार्ताको अवसरलाई आफ्नो पक्षमा भरपूर प्रयोग गर्न वार्तासमितिमा नरहेका केही नेता पनि सार्वजनिक गर्ने रणनीति बनाएको स्रोत उल्लेख गर्छ । अहिले नै पनि राजधानीबाहिर ठूला सभा गर्ने माओवादी अभियान जारी छ, तर अझै माओवादीका केन्द्रीय समितिका सदस्यहरू सार्वजनिक सभामा वक्ता बनेका छैनन्, जनवर्गीय संगठन प्रमुख र पूर्व केन्द्रीय सदस्यहरूलाई खटाएको छ । ९५ सदस्यीय माओवादी केन्द्रीय समिति गत असोजमा घटेर ३२ जनाको भएको थियो र रवीन्द्र श्रेष्ठ र मणि थापाको बहिर्गमनपछि अहिले ३० जनाको केन्द्रीय समिति छ । भारत र नेपालका जेलमा रहेका पाँच नेतासहित माओवादी केन्द्रीय समिति ३५ सदस्यीय हुन्छ ।

यसैगरी माओवादीले जनवर्गीय संगठनहरूको कार्यालय स्थापना गर्ने अभियान पनि तीव्र पारेको छ । पश्चिम नेपालबाट सुरु भएको यो अभियान राजधानीमा समेत आइसकेको छ । यसै साता माओवादी जनवर्गीय संगठन अखिल क्रान्तिकारीको केन्द्रीय कार्यालय काठमाडौं, बागबजारमा खोलेको छ । गत वार्ताकालमा माओवादीले काठमाडौंमा सम्पर्क कार्यालय खोले पनि जनवर्गीय संगठनका कार्यालय स्थापनाको यस्तो अभियान चलाएको थिएन ।

■ सुवास देवकोटा/काठमाडौं

Hot Course
Certified Ethical Hacker
New Horizons®
Computer Learning Centers

Today, for young IT aspirants, the field of networking offers the best growth prospects, best salaries and the chance to work with the best organizations.

In fact, the demand is growing from estimated 5 lac jobs in 2005 to 10 lac in 2010 (E&Y-ET Survey).

New Horizons is the worlds largest IT training company and has been conducting high end training for corporate clients in Nepal. Our collaboration with industry has ensured that we understand what skills are required and hence, have developed a unique course to meet the needs of the industry.

Introducing
NH-CNE
(New Horizons Certified Network Engineer)

Nepal Administrative Staff College
Compound, Jawalakhel, Nepal.
Ph: 5550505,5550507,5551616
www.newhorizons.com



भास्कर ओझा

▲ प्रतिनिधिसभा बैठकमा सहभागी हुँदै सांसदहरू

# अल्झियो स–साना विषयमा

**एमाले जिल्ला कमिटी** दोलखाका सदस्य परशुराम काफ्लेले बुधवार प्रतिनिधिसभाको बैठकमा भाग लिन जान लागेका नेपाली कांग्रेस उपसभापति सुशील कोइरालालाई ञ्याखञ्याख्ती पारे। सुशील काफ्लेमाथि जाइलाग्नुका पछाडि जनआन्दोलनका क्रममा सडकमा उठेका माग सरकारले नबिर्सियोस् भनेर सम्झाउनु थियो। प्रतिनिधिसभाको बैठकमा दर्शक बन्न आएका काफ्लेलाई सुशीलले धन्दा नमान्न सुझाए, 'सबै थोक भइहाल्छ।'

काफ्ले र सुशीलको पुरानो चिनाजानी हो, तर उनी सुशीलबाट आश्वस्त हुन सकेका थिएनन्। उनी बैठकको कार्यसूची हेरेपछि अझ निरास बने। काफ्लेले *समय*सँग भने, 'आज त ठूलठूला कुरा ल्याउँछौ भन्थे, तर केही रहेनछ।'

शाही नेपाली सेनालाई नेपाली सेना बनाउने, श्री ५ को सरकारको सट्टा नेपाल सरकार लेख्न थाल्ने, राजपरिषद् खारेजी जस्ता राजासँग जोडिएर उठेका जल्दाबल्दा विषयमा प्रतिनिधिसभामा प्रस्ताव आउँछ भन्ने मानसिकता बनाएर काफ्ले त्यहाँ पुगेका थिए, तर २ दिनपछि बसेको प्रतिनिधिसभाको बैठकमा नगरकोट र बेलबारी आमहत्याकाण्ड तथा सिरहाका एमाले सांसद हेमनारायण यादवको हत्याबारे संसदीय छानबिन समिति गठन गर्ने प्रस्ताव आयो र अनुमोदन गरियो। बैठकको कार्यसूचीमा मसिना विषय आउनुका पछाडि गत एक सातादेखि आन्तरिक गृहकार्यमा अल्झिएका सात राजनीतिक दलहरूबीच प्रमुख राजनीतिक मुद्दामा सहमति कायम हुन नसक्नु नै हो। आन्दोलनकारी सात राजनीतिक दलका प्रतिनिधिहरू रहेको कार्यसम्पादन कार्यदल छ, कार्यदलले छलफलबाट टुंगो लगाएका विषयहरू नै प्रस्ताव गर्ने चलन बसालिएको छ।

तर, सदनले सर्वसम्मतिबाट अनुमोदन गरिसकेको संविधानसभामा जाने प्रमुख राजनीतिक निर्णयलाई कसरी कार्यान्वयन गर्ने भन्ने विषयमा सैद्धान्तिक र व्यवहारिक मतमतान्तर छन्। एकथरि २०४७ सालको संविधानलाई टेकेर अगाडि बढ्नु पर्छ भन्ने मान्यता राख्छन्, जसमा नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकका अधिकांश सदस्य उभिएका छन्। केही वर्ष यताको मौलिक चरित्र अनुरुप नै एमालेले ठोस रूपमा कुनै निर्णय गरेको छैन, पार्टीले भरतमोहन अधिकारीको संयोजकत्वको कार्यदल राजनीतिक र संवैधानिक समस्या केलाउन व्यस्त छ। बुधवारको बैठकमा एमाले नेता प्रदीप नेपालले अन्तरिम संविधान जारी गर्ने कि भइरहेको संविधान संशोधन गरेर अगाडि बढ्ने सन्दर्भमा संशोधन गरेर अगाडि बढ्न सकिने संकेत गरे। नेपालले संविधान संशोधन गर्न राष्ट्रियसभाले पूर्णता पाउनु पर्ने र त्यसका लागि स्थानीय निकाय पनि पुनःस्थापना हुनु पर्ने माग राखे। उता एमाले पार्टीको कार्यदलका सदस्यहरू अन्तरिम संविधानको पक्षमा भए पनि त्यसको कार्यान्वयन र कसरी जारी गर्ने भन्ने प्रश्नमा अलमलिएका छन्। एक जानकार सदस्य भन्छन्, 'अन्तरिम संविधान कार्यान्वयमा संविधानविद्हरूले जटिलता देखाएका छन्।'

सद्भावना र जनमोर्चा भने २०४७ को संविधानमा अल्झिँदा संविधानसभामा पुग्न नसकिने स्पष्ट धारणा राख्दै आएका छन्। अन्तरिम संविधान वा अहिलेकै संविधान संशोधन गरेर अगाडि बढ्ने प्रमुख मुद्दाबाहेक सात राजनीतिक दलको कार्यदलका सदस्यहरूबीच राजाको संवैधानिक हैसियलाई लिएर विवाद छन्। कार्यदलका एक सदस्य (गैर कम्युनिष्ट) भन्छन्, '२०४७ को संविधानमा व्यवस्था भएको 'किङ इन पार्लियामेन्ट, किङ इन क्याबिनेट'को अवधारणा अहिल्यै हटाउन सकिने अवस्था छैन।'

यसबाहेक स्थानीय निकायको पुनःस्थापना पनि उत्तिकै विवादास्पद विषय बनेको छ। एमाले पुनःस्थापनाको पक्षमा छ भने अन्य राजनीतिक दलहरूले यसलाई प्राथमिकतामा राखेका छैनन्। कार्यदलका सदस्यहरूले सबै खाले विवाद थाती राखेका छन्। पटक पटकका बैठकमा पनि टुंगो लाग्न नसकेपछि सात दलका केन्द्रीय नेताहरूबीच पन्छाउने नीति लिइएको छ, तर शीर्षस्थ नेताहरूको बैठकमा कार्यदलमा विवादास्पद बनेका जटिल राजनीतिक मुद्दाले प्राथमिकता पाउन सकेको छैन।

मुलुकको राजनीतिमा अहिले तीनखाले प्रवृत्ति देखिएका छन्। प्रतिनिधिसभाका बैठकमा तीनैखाले प्रवृत्ति प्रकट हुने गर्छन्। सडक राजनीतिको प्रतिनिधित्व दोलखाका काफ्लेजस्ता दर्शकले गरिरहेका हुन्छन् भने सडकभन्दा अलिक नरम किसिमले सडककै एजेन्डा लिएर प्रस्तुत हुन थालेका छन्, प्रतिनिधिसभाका सांसदहरू। सांसदहरूले शून्य समयमा जमेर सरकारको ध्यानाकर्षण गर्ने र माओवादीको निष्ठामा प्रश्नचिन्ह लगाउने काम पनि गर्दै छन्। सरकारले सडक र सदन दुवैको भावनालाई सम्बोधन गर्न सकिरहेको छैन। प्रतिनिधिसभाका बैठकमा सांसदहरूले माओवादीबाट चन्दा संकलन भइरहेको जानकारी गराउने कामलाई प्रमुखताका साथ प्रस्तुत गर्न थालेका छन्। बुधवारको बैठकमा पूर्व गृह राज्यमन्त्री देवेन्द्रलाल कँडेलले माओवादीबाट आफूसँग १ लाख चन्दा माग भएको जानकारी दिँदै माओवादीको पत्र सभामुखसमक्ष टेबुल गरे। कँडेलले भने, 'एकातिर वार्ताको टेबुलमा आउँछौं भन्ने अर्कोतर्फ बाध्य बनाएर चन्दा असुल्ने ?' त्यस्तै जनकपुरका रामचन्द्र तिवारीले भने, 'माओवादीको चन्दा असुली एउटा सहरिया दादाले पैसा असुलेभन्दा फरक छैन, चन्दा असुली तत्काल रोकिनु पर्छ।'

प्रतिनिधिसभालाई सरकारले पन्छाएको आरोप पनि सांसदहरूको छ। तिवारीले माओवादीबाट सरकारलाई दिइएको आचारसंहिता सांसदहरूलाई जानकारी नगराएकोमा असन्तोष व्यक्त गरे। तिवारीले भने, 'सबै राजनीतिक निर्णयबारे पहिले सांसदहरूलाई जानकारी गराउनु पर्छ, सदनमा ल्याउनु पर्छ।'

सदनमा सभामुखको चयन अर्को राजनीतिक बखेडा बनेर उभिएको छ। नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकका सदस्यहरूले उपसभामुख चित्रलेखा यादवलाई सभामुखमा नियुक्त गर्न जोडदार माग गर्दै छन् भने एमालेले मौनता साधेको देखिन्छ। एमालेले सुवास नेम्वाङलाई सभामुख बनाउने सोच बनाएको छ। सात दलका शीर्षस्थ नेताहरूबीच नेम्वाङको नामका सहमति बनेको बताइए पनि कांग्रेस प्रजातान्त्रिक यादवकै पदोन्नतिको पक्षमा छ। यादव भने उपसभामुखबाट राजीनामा गरेर सभामुखको प्रत्यासी बन्ने पक्षमा छन्।

■ **विश्वमणि पोखरेल/काठमाडौं**

# हतारको दस्तावेज

■ मधुसूदन पौडेल/काठमाडौं

**संक्रमणकालीन अवस्थामा** गरिने केही मुख्य कामको रूपरेखासहित सरकारले श्वेतपत्र तयार पारेको छ, तर श्वेतपत्रको स्वभाविक चरित्रविपरीत जनताप्रतिका सामाजिक दायित्वमा आशातीत सम्बोधन नहुँदा यो आलोचनामुक्त रहन सक्ने देखिएको छैन ।

क्रान्तिपछि सत्तामा आउने सरकारले जनतालाई विश्वासमा लिन र अन्तर्राष्ट्रिय समुदायसमक्ष आफ्ना नीति तथा कार्यक्रमबारे जानकारी गराउन तत्कालका लागि जारी गरिने कार्यपत्र मानिन्छ, श्वेतपत्रलाई । विश्वव्यापी यसै मान्यतालाई निरन्तरता दिन सरकारले श्वेतपत्र जारी गरको हो । २०४७ सालमा जस्तै । यसपटक तयार पारिएको श्वेतपत्र सरकारको समग्र कार्यक्रमका रूपमा भन्दा पनि अर्थमन्त्रालयका गतिविधिको समीक्षाका रूपमा अगाडि आएको छ, जसले सरकारका अन्य मन्त्रालयहरूका काम कारबाहीमा व्यापक प्रभाव पार्न सक्ने अवस्था नरहेको दाबी गर्छन्, सरकारी उच्च अधिकारीहरू नै ।

वैशाख २७ गते प्रतिनिधिसभामा प्रस्तुत गर्ने भनिएको उक्त श्वेतपत्र अर्थमन्त्री डा. रामहरण महतका केही व्यस्त कार्यक्रमका कारण त्यसमा 'राजनीतिक भाषा' मिलाउने काम हुन नसकेपछि बिलम्ब भएको छ । उक्त श्वेतपत्र यथाशीघ्र सदनमा प्रस्तुत गर्ने तयारीमा उनी जुटिरहेका छन् । श्वेतपत्र तयारीमा संलग्न अर्थमन्त्रालयका उच्च अधिकारीहरूका अनुसार अर्थमन्त्री महतले राजाको अध्यक्षतामा रहेको सरकारले आर्थिक अनुशासन पालना नगरी राज्यकोष दुरुपयोग गरेको र अनुत्पादक क्षेत्रमा खर्च बढाएर मुलुकको अर्थतन्त्र संकटमा पुऱ्याएको भन्दै तीव्र आलोचना गरिएको छ । यसअन्तर्गत हतियार र सैन्य हेलिकोप्टर खरिद, रक्षा र गृह मन्त्रालयका लागि बजेटमा तोकिएभन्दा धेरै रकम निकासा र गुप्तचर परिचालनका नाममा गरिएको राज्यकोष दुरुपयोगलाई उनले दृष्टान्तका रूपमा अगाडि सारेका छन् । स्थानीय निर्वाचन र शान्ति स्थापना गर्ने नाममा करोडौं रुपैयाँ खर्च गरिएको फेहरिस्त उनले आफ्नो विवरणमा समेटेका छन् ।

विगतको सरकारका गलत आर्थिक क्रियाकलापका कारण मुलुकको वर्तमान आर्थिक अवस्था सन्तोषजनक नरहेको यथार्थ तस्बिर उल्लेख गर्दै उनले वर्तमान सरकारले खर्च घटाउने प्रतिबद्धता जनाएका छन् । माओवादीसँग वार्ता गर्ने सरकारी प्रतिबद्धताअनुरूप सुरक्षा खर्च घटाउँदै जाने र अनुत्पादक क्षेत्रको खर्चमा व्यापक नियन्त्रण गरिने वाचा श्वेतपत्रमा गरिएको छ । जसअनुसार मन्त्री र अन्य सरकारी अधिकारीहरूको विदेश भ्रमणमा नियन्त्रण, सरकारी गाडी खरिद नगर्ने, इन्धनखर्चमा कटौती र भवन निर्माण रोक्नेलगायतका विषय छन् ।

नेपालको आर्थिक वृद्धिदर विगत वर्षहरूको तुलनामा निराशाजनक अवस्थामा १ दशमलव ८ प्रतिशतमा सीमित रहने, मूल्यवृद्धि आकाशिएको र औद्योगिक उत्पादन घट्दै गएको तस्वीर श्वेतपत्र देखाइएको छ । आयात निर्यात, खासगरी तेस्रो मुलुकतर्फको व्यापार घाटा चुलिँदै गएको र पर्यटन लगायतका क्षेत्रको गिर्दो अवस्थाले समग्र अर्थतन्त्र ओरालो झरेको पनि उल्लेख गरिएको छ ।

श्वेतपत्रले चालू आर्थिक वर्षका लागि प्रक्षेपित बजेटको आकारलाई नै घटाएको छ, अप्रत्यक्षरूपमा । यो वर्ष १ सय २६ अर्ब रुपैयाँ खर्च गर्ने योजना राजा ज्ञानेन्द्रको सरकारले जारी गरेकोमा आम्दानीको अभावले उक्त रकम खर्च गर्न असम्भव बनाइदिएको छ । चालू आर्थिक वर्षमा उक्त खर्च जुटाउन शाही सरकारले करिब ८२ अर्ब राजस्व संकलन गर्ने, करिब ३२ अर्ब रुपैयाँ वैदेशिक सहायता प्राप्त गर्ने र ११ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा सरकारका मुख्य योजना नै धराशायी बनेका छन् । श्वेतपत्रमा उल्लेख गरिएअनुसार सरकारले गत नौ महिनामा राजस्वबाट ४६ अर्ब रुपैयाँमात्रै उठाएको छ । वैदेशिक सहायता करिब १४ अर्ब रुपैयाँमात्रै हात पारेको छ । यो सरकारी लक्ष्यको तुलनामा निराशाजनक अवस्था हो । जसका कारण सरकारले लक्ष्यअनुरूप आम्दानी हात पार्ने र खर्च गर्न सक्ने अवस्थाको अन्त्य भएको छ ।

केही क्षेत्रमा अनिवार्य खर्च बढाउनु पर्ने अवस्था अर्थमन्त्रीले देखाएका छन् । जनआन्दोलनका क्रममा सहिद भएकाहरूलाई राज्यले गर्नु पर्ने सम्मान, घाइतेहरूको उपचार एवं क्षतिपूर्ति, जारी संसद्को बैठक, माओवादीसँगको वार्ता र संविधानसभाको निर्वाचनका लागि सरकारले आवश्यकतानुसार खर्च गर्दै जाने प्रतिबद्धता जनाइएको छ । यसका साथै विकासको गति अगाडि बढाउनका लागि युद्धविरामको अहिलेको अवस्थामा स्थानीय निकायमा विकासका कार्यक्रम पुऱ्याउने योजना अगाडि सारिएको छ । भौतिक पूर्वाधार निर्माणमा पनि ध्यान दिइने उनले बताएका छन् । यसका लागि चालू आर्थिक वर्षका आगामी तीन महिनामा ४५ देखि ५५ अर्ब रुपैयाँ खर्च गरिने खाका प्रस्तुत गरिएको छ । सरकारलाई आवश्यक नगद र विकास खर्चका लागि मुलुकभित्रको आर्थिक क्षेत्र र दाताहरूको विश्वास आर्जन गर्दै अघि बढ्ने सरकारको सोच छ ।

बेलायतबाट सुरु भएको श्वेतपत्र जारी गर्ने परम्परा आफैमा कानुन नभए पनि संक्रमणकालीन सरकारका लागि अरू बढी महत्त्व राख्ने नैतिक दायित्व मानिन्छ भने नयाँ सरकारको सांकेतिक योजना पनि । यसले मुलुकको विगत, वर्तमान र भविष्यको चित्र प्रस्तुत गरेको त हुन्छ नै, अल्पकालीन योजनाका माध्यमबाट सरकारको दीर्घकालीन नीति पनि प्रतिबिम्बित गरिन्छ । खासगरी राजनीतिक परिवर्तनपछि जनताले स्वभाविक रूपमा अपेक्षा गर्ने सामाजिक कल्याणका प्याकेज यसमा अन्तरनिहित गुण मानिन्छ । सरकारको श्वेतपत्रले विगत सरकारका आर्थिक कमजोरी त औंल्याएको छ, तर तत्काल जनतालाई कस्तो राहत उपलब्ध गराइनेछ भन्ने विषयमा पर्याप्त ध्यान पुऱ्याएको पाइँदैन । ■



डा. रामशरण महत

समय

**जनआन्दोलनको भावना व्यवहारमा अनूदित हुनु भनेको राजा हट्नु, संविधानसभाबाट संविधान बन्नु र सरकार स्थापना हुनु मात्र होइन। युगान्तकारी परिवर्तनको पक्षमा बलिदान दिने युवाहरू चाहे ती बन्दुक उठाउने हुन् वा नारा लगाउने, रगत बगाउने हुन् वा कलम चलाउने सबैले मूल्य र मान्यताबाट च्युत भएको राजनीतिक नेतृत्वलाई विस्थापित गर्नै पर्छ। स्थापित नेताहरूको दिमागमा सामन्ती संस्कार र तानाशाहीले वास गर्दै आएको छ। देशमा सामान्य अवस्था आउनासाथ त्यसले सत्ता उन्माद देखाउन सक्छ।**



■ दुर्गा सुवेदी

# व्यवहारमा अनूदित हुनु पर्छ भावना

**२०६३ सालको** जनआन्दोलनभन्दा अघि पनि नेपाली जनताले सडकमा उत्रिएर आफ्नो राजनीतिक चाहना व्यक्त नगरेका होइनन्। प्रजातन्त्र र सामाजिक न्यायको स्थापना गर्ने उद्घोष भएको थियो ०४६ सालको जनआन्दोलनबाट पनि। आन्दोलनकै फलस्वरूप संसदीय संविधान निर्माण भयो। तदनुरूप जनप्रतिनिधिमूलक सरकारहरू बने। जनताले दिएको त्यो जिम्मेवारीलाई व्यवहारमा उतार्न तत्कालीन राजनीतिक पात्रहरू इमानदार भइदिएको भए आज जनताले सडकमा उत्रिएर रगत पसिना बगाउने क्रान्ति गर्नु पर्ने थिएन होला। यसपल्टको जनआन्दोलन क्रान्तिकै स्वरूपमा देखापऱ्यो विश्व इतिहासमा स्मरणीय प्रसिद्ध क्रान्तिकै हाराहारीमा नेपाली क्रान्ति देखियो भनेर लेखेका छन्, विश्व संचारमाध्यमले। साँच्चै नै लगभग एक करोड नेपाली जनता सडकमा आएर राजतन्त्रकै विरोध गरे। शाहवंशका राजा देश विकासको तगारो मात्र होइनन् प्रजातन्त्रका वैरी नै रहेछन् भन्ने समाचार सम्प्रेषण गऱ्यो विश्व संचारमाध्यमले।

जनआन्दोलनको भावना लोकतान्त्रिक गणतन्त्र र संविधानसभाको पक्षमा अभिव्यक्त भएको छ साथै माओवादीलाई लोकतान्त्रिक पद्धतिमा अवतरित हुन आग्रह पनि भएको छ आन्दोलनमा संलग्न लाखौं जनताबाट। माओवादी जनक्रान्तिका पक्षधरहरूले संविधानसभासम्म जान संसद्वादी दलहरू तयार भएमा द्वन्द्व व्यवस्थापन गरेर मुलुकमा दिगो शान्ति संवादबाट स्थापित हुन सक्ने सन्देश दिएका थिए जनतालाई। त्यसैले गाउँदेखि सहरसम्मका जनता आन्दोलनमा संलग्न भएका हुन निरंकुशतन्त्रविरुद्ध नेपालका परम्परागत शासक राजाहरूले जनअधिकार बारम्बार खोस्ने र जनताले रगत पसिना बगाएपछि पुनः फर्काउने नाटक गर्दै आएको लगभग साठी वर्ष भयो। वर्तमान राजाले पनि आफ्ना पूर्वजकै शैलीमा जनअधिकार अपहरण मात्र गरेनन्, क्रूर दमनको ताण्डवनृत्य नै देखाए। त्यसैको फलस्वरूप जनता क्रान्तिमा उत्रन बाध्य भएका हुन्। क्रान्ति साम्य पार्न प्रतिनिधिसभा पुनःस्थापन भएको छ राजाबाट। यसपल्टको नाटकबाट पनि राजाले आफ्नो कुर्सी बचाउने सोच बनाएका छन् भने त्यो उनको मूर्खताको पराकाष्ठा हो।

प्रतिनिधिसभा पुनर्वहाली आमजनताको माग हुँदै होइन। संसद्भित्रका दलहरूको सत्ता फिर्ता लिने चाहनामात्र थियो। राजाबाट त्यो प्राप्त भयो। त्यसैले दलहरूले अवीरयात्रा पनि गरे। ०४६ सालको जनआन्दोलनपछि निर्माण भएको संसद्का जनप्रतिनिधिहरूलाई झुप्रा र छाप्रामा बस्ने बहुसंख्यक जनताले मतदान गरेका थिए। गरिब मतदाताहरूले आफ्नो दैनिक जीवन धान्न आय आर्जन गर्न पाउने शासन व्यवस्थाको परिकल्पना गरेर मतदान गर्नु स्वभाविक कुरा हो, तर ती राजनीतिक दलका नेता जसले सरकार निर्माण गरे तिनले आ-आफ्नो परिवारलाई अरबपति र करोडपति वनाए। झुप्रामा बस्ने मतदाताले आफ्नो चुहने छाप्रो छाउने आय आर्जन गर्ने अवसर पाएनन्। संसदीय शासनको त्यही विसंगति र विकृतिकै कारण माओवादी जनयुद्धले मुलुकलाई नयाँ राजनीतिक धारतिर अग्रसर गरायो। अहिले संसद्वादी राजनीतिक दलका नेताहरू माओवादीले उठाएका राजनीतिक, आर्थिक र सामाजिक माग पूरा गर्न सिद्धान्ततः राजाबाट निगाह भएको संसद्मा बसेका छन्। हो, जनआन्दोलनको मुख्य चाहना पूरा गर्ने संकल्प प्रस्ताव पनि पारित भएको छ। संसद्भित्रका पात्रहरूले राजनीतिलाई कमाउने भाँडो बनाएर राजधानीमा खडा गरेका भव्य महल र प्राडो पजेरो गाडी बचाउन पनि जनताको घोषणा स्वीकार गर्नु परेको छ, तर माओवादीहरूले संसद्कालमा धन आर्जन गर्ने राजनेताहरूलाई न्यायालयको कठघरामा उभ्याउने उद्घोष गर्दै आएका छन्। पंचायतकालमा भएका भ्रष्टाचारलाई संसद्वादीहरूले छानबिन गरेर उनीहरूलाई दण्डित गरेनन् किनभने आफूलाई पनि त्यही पेसा गर्नु थियो। पंचायतका शासकलाई पनि उछिनेर धन जम्मा गरेका छन् संसद्भित्रका पात्रहरूले। यो आमनेपाली जनतालाई थाहा भएकै कुरा हो। त्यसैले नेतामाथि शंका गरेका हुन् जनताले।

०६३ को जनआन्दोलन आँधीबेहरीझैं देशभरी फैलिएको आन्दोलन हो। यस आन्दोलनमा आधुनिक युगका मूल्य र मान्यता बोकेको युवा पुस्ताको बाहुल्य छ। उनीहरू देशको आर्थिक, सामाजिक र सांस्कृतिक पुनर्निर्माणको पक्षमा छन्। पत्रकार वकिल, डाक्टर जस्ता पेसामा मात्र होइन राजनीतिक दलमा पनि उनीहरूको बाहुल्य छ। माओवादी दलमा त झन् नेतृत्व युवा पुस्ताको हातमा छ। नेपालको पुनर्निर्माणमा सामन्तवादी सत्ताका नाइके राजा बाधक हुन्। राजा रहन्जेल नेपाली नागरिकले आफ्नो स्वाभिमान, स्वतन्त्रता र आत्मसम्मान बचाई बाँच्न पाउनेछैनन् भन्ने निर्णयमा पुगेको छ, युवा पुस्ता। संविधान निर्माणमा यसै पुस्ताको महत्त्वपूर्ण भूमिका रहनेछ। संविधान निर्माणपछि बन्ने सरकारमा उनीहरूले आफ्नो बाहुल्य सावित गर्ने प्रयास गर्नेछन्। वर्तमान संसदीय राजनीतिक दलमा नेतृत्व दिने वृद्धतन्त्र सामन्ती संस्कार र आचारविचारबाट प्रभावित वर्ग हो। जनआन्दोलनमा लोकतन्त्र बहालीको नारा बुलन्द गर्ने राजनीतिक दलका नेताहरूले आ-आफ्नो दलभित्र लोकतान्त्रिक आचरण गरिरहेका छैनन्। त्यहाँभित्र राजतन्त्र छ वंशाणुगत नेता बन्ने र बनाउने। त्यसैले युवा पुस्ताले पहिले त आफू बसेको दललाई लोकतान्त्रिक बनाउनेतर्फ संघर्ष गर्न जरुरी छ। संक्रमणकालीन अवस्था देखाएर उनीहरूले आफ्नो स्वार्थ सिद्ध गर्ने प्रयास गर्नेछन्। अप्ठेरो नभई सजिलो हुँदैन। असहज परिस्थितिले नै हो नवनिर्माण गर्ने। जनआन्दोलनको भावना व्यवहारमा अनूदित हुनु भनेको राजा हट्नु, संविधानसभाबाट संविधान बन्नु र सरकार स्थापना हुनु मात्र होइन। युगान्तकारी परिवर्तनको पक्षमा बलिदान दिने युवाहरू चाहे ती बन्दुक उठाउने हुन् वा नारा लगाउने, रगत बगाउने हुन् वा कलम चलाउने सबैले मूल्य र मान्यताबाट च्युत भएको राजनीतिक नेतृत्वलाई विस्थापित गर्नै पर्छ। स्थापित नेताहरूको दिमागमा सामन्ती संस्कार र तानाशाहीले वास गर्दै आएको छ। देशमा सामान्य अवस्था आउनासाथ त्यसले सत्ता उन्माद देखाउन सक्छ।

राज्यको चौथो अंगको रूपमा सम्बोधन गरिएको संचार जगत्का युवापात्रहरूले यस आन्दोलनलाई अकल्पनीय ऊर्जा प्रदान गरेका छन्। संचार जगत्को विश्व संजाल लोकतन्त्र र सुशासनप्रति कति संवेदनशील र सशक्त रहेछ भन्ने कुरा थाहा पाए प्रतिगामीहरूले। नेपालको राजनीतिक द्वन्द्वमा लडेका बन्दुकहरूको बीचमा पुगेका थिए युवा पत्रकारहरू। यहाँ कलम बोक्नेहरू मारिए थुनिए। मारेर थुनेर प्रतिबन्ध लगाएर र विद्युतीय संचारमाध्यम काटेर नेपालको चौथो अंग पनि भंग गर्ने प्रयास गरे राजाले। संचारको विश्वसंरचनाले आफ्नो छुट्टै विश्वराज्य बनाइसकेको अवस्थामा प्रजातन्त्रको वैरीझैं जनतालाई दमन गर्ने नेपालका राजालाई विश्वसामु मुख नै देखाउन नसक्ने बनाइदिएका छन् पत्रकारले। अब जनआन्दोलनको भावनाअनुरूप संविधान निर्माण, शान्तिवार्ता र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने कठिन समयमा संचारमाध्यमले आन्दोलनलाई प्रदान गरेकोभन्दा महत्त्वपूर्ण बौद्धिक ऊर्जा प्रदान गर्नु पर्नेछ देशलाई। आन्दोलनको घुम्ती र विश्राममै आखिर यात्रा गर्न पाऊन् भन्ने चाहना मुख्यतः पत्रकार र नागरिक समाजले राख्नै पर्छ। तब मात्र आन्दोलनको सार्थक उपलब्धि पाउनेछ राष्ट्रले। ■

**प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणाली अपनाई नेपालले नयाँ संविधान निर्माण गरेमा देशमा विद्यमान वैचारिक, राजनीतिक, संवैधानिक तथा रणनीतिक समस्या स्वतः हटेर जानेछन्। नेपालीले शान्ति, समृद्धि, सामाजिक न्याय र स्वतन्त्रता प्राप्त गर्नेछन्।**

# मार्गचित्र कुन ?



विष्णु पाठक

**जनताद्वारा निर्वाचित** प्रतिनिधिहरूले राष्ट्रको मूल कानुन निर्माण गर्ने र त्यसको अनुमोदन गर्ने प्रक्रियालाई सामान्यतया संविधानसभा भनिन्छ। संविधानसभाको प्रयोग विश्वका प्रायः सबै 'वाद' अर्थात् पुँजीवादी, समाजवादी तथा साम्यवादी राज्यहरूमा संचालन भइसकेको छ। उदाहरणका लागि संयुक्त राज्य अमेरिका, फ्रान्स, नर्वे, अस्ट्रेलिया, रूस, जर्मनी, इटाली, ताइवान, भारत, स्पेन, एलसल्भाडोर, कोलम्बिया, दक्षिण अफ्रिकामा यसको प्रयोग गरिसकिएको छ। संविधानसभाको निर्वाचन जनतालाई सर्वभौम बनाउन, जनतामा राजकीय शासनसत्ताको सर्वोच्चता कायम गराउन, देशप्रति अपनत्व जगाउन, संविधानप्रति स्वामित्व कायम गराउन र विभिन्न जातजाति, धर्म, भाषा, क्षेत्र, पेसाका नागरिकबीच मित्रभाव कायम गराउन सफल देखिएको छ।

संविधान मस्यौदा निर्माण समितिद्वारा बनाइने संविधानलाई पुरानो संस्कारका रूपमा लिइन्छ। संसद्बाट निर्माण गर्ने पद्धतिलाई आधुनिक मानिए पनि संविधानसभाद्वारा बनाइने संविधान सबैभन्दा प्रजातान्त्रिक विधिको रूपमा लिइन्छ। नेपालमा यसअघि निर्माण गरी जारी गरिएका (२००७, २०१५, २०१९ तथा २०४७) संविधान परम्परागत संस्कारका रूपमा लिइन्छ।

## संविधानसभा नै किन ?

२०४७ सालको संविधान नेपाली कांग्रेस, संयुक्त वाममोर्चा र राजाबीचमा भएको त्रिपक्षीय सम्झौताबाट निर्माण गरिएको थियो जसमा तीनै पक्षका ३-३ जना मस्यौदाकार थिए।

यो संविधानले तत्कालीन अवस्थामा उठेका आवाज जस्तै वर्गीय, जातीय, क्षेत्रीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक आदि समेट्ने प्रयाससम्म गरेन। राजा तथा राजपरिवारको अधिकार, खर्चको फाँटवारी, श्री ५ को सरकार, राष्ट्रिय गान, सेना, पठनपाठनमा भएका राजारानीका तस्वीर, सडक तथा चोकमा टाँगिएका राजाका अर्थहीन वाणी आदिप्रति कुनै निर्णय गर्न सकेन। समग्रमा भन्नुपर्दा यो संविधान जनसंविधान थिएन।

अब यहाँ प्रश्न उठ्छ, के संविधानसभाद्वारा निर्माण गरिएका सबै संविधान सफल भएका छन् त ? फ्रान्समा फ्रान्सेली राज्य क्रान्तिपछि संविधानसभाद्वारा निर्मित संविधानले जनभावना समेट्न सकेन, जसको कारण राजनीतिक अस्थिरता छाइरहयो। सन् १९५८ मा संविधान मस्यौदा समितिद्वारा नयाँ गणतन्त्रात्मक संविधान बनाइयो, जुन हालसम्म कायम छ। सन् १९१७ मा रूसमा जारशाहीको अन्तपछि संविधानसभाको निर्वाचन गरियो। निर्वाचनमा लेनिनको बोल्सेभिक पार्टीले २४ प्रतिशत मत मात्र पाए। तर, सोसलिस्ट रिभोलुसनरी पार्टीले लेनिनको पार्टीको भन्दा दोब्बर बढी अर्थात् ५० प्रतिशत मत पायो। लेनिनले उक्त निर्वाचन परिणाम अस्वीकार गरी संविधान मस्यौदा समिति बनाई सन् १९१८ मा नयाँ संविधान जारी गरे। यस्ता एकाध घटनाबाहेक संविधानसभाको निर्वाचनद्वारा बनाइएका संविधान मस्यौदा समिति वा संसद्द्वारा निर्मित संविधानभन्दा बढी नै सफल भएका छन्।

## संविधान निर्माण गर्ने कार्यविधि

जनताको प्रत्यक्ष निर्वाचन प्रणालीद्वारा चुनिएका संविधानसभाका प्रतिनिधिद्वारा न्युफाउन्डल्यान्डमा सन् १९४६ मा संविधान निर्माण गरिएको थियो। त्यसैगरी सन् १८४७ मा अस्ट्रेलियामा अस्ट्रेलियाली संघको संविधानसभाको लागि प्रत्यक्ष निर्वाचन गरिएको थियो। जनताको प्रत्यक्ष संलग्नतामा निर्वाचन प्रणालीद्वारा संविधानसभाका सदस्यहरू छान्ने प्रथा अन्य देशले प्रयोग गरेको पाइँदैन। यदि नेपालमा संविधानसभाको निर्वाचनमा यही शैली अपनाउने हो भने हाल नेपालमा देखा परेको संवैधानिक संकट तथा अस्थिर राजनीतिक समस्या समाधान गर्न सक्दैन। फेरि पनि पैसा तथा बल प्रयोग गर्न सक्ने पार्टी वा व्यक्तिले निर्वाचन जित्ने अत्यधिक सम्भावना रहन्छ। त्यसो भएमा त्यो निर्वाचन पनि २०५६ सालको आमनिर्वाचनभन्दा फरक नहुन सक्छ। हालको प्रतिनिधिसभाका सदस्यहरूको अध्ययन गर्ने हो भने बाहुन र क्षेत्रीकै आधिपत्य देखिन्छ। हाल प्रतिनिधिसभामा ३९ प्रतिशत बाहुन, २१ प्रतिशत क्षेत्री, १४ प्रतिशत मधिसे समुदाय तथा २६ प्रतिशत जनजाति छन्। २०४८ को आमनिर्वाचनमा बाँके क्षेत्र नं. ३ बाट नेपाली कांग्रेसका उम्मेदवार कृष्णसिं परिवारबाहेक हालसम्म प्रतिनिधिसभामा दलितहरूको प्रतिनिधि छैन। महिलाको सहभागिता पनि नगण्य छ। अतः नेपालमा हुन गइरहेको भावी संविधानसभाको निर्वाचन यस्तो हुनु हुँदैन।

सशक्त क्रान्ति गरी ब्रिटिस साम्राज्यको उपनिवेशबाट स्वतन्त्र भएपछि तिनै क्रान्तिका अगुवाहरूको सक्रिय सहभागितामा संयुक्त राज्य अमेरिकाको फिलाडेल्फियामा जम्मा भएका राजनीतिक सम्मेलनका प्रतिनिधिको भेलाले संवैधानिक सम्मेलन गर्ने निर्णय गर्‍यो। सन् १७८७ मा उक्त संवैधानिक सम्मेलनले गणतन्त्रात्मक प्रजातान्त्रिक संविधानको मस्यौदा गर्‍यो। उक्त मस्यौदालाई १३ राज्यमध्ये १२ (रोडे आइल्यान्डबाहेक) राज्यका ५५ जना प्रतिनिधिद्वारा अनुमोदन गरियो। सबभन्दा छोटो कठिन संविधान भनेर चिनिएको अमेरिकाको संविधान २१९ वर्षमा २६ पटक संशोधन भइसकेको छ। केही लेखकले अमेरिकाको संविधानलाई 'आत्मनिर्णयको औजार' पनि भनेका छन्।

दोस्रो विश्वयुद्धको समाप्तिसँगै बेलायतको लेबर सरकारले सन् १९४७ मा भारतीय स्वतन्त्र ऐन पारित गर्दै भारतमा क्याबिनेट मिसन प्लानअन्तर्गत संविधानसभाद्वारा नयाँ संविधान निर्माण गर्ने घोषणा गर्‍यो। तर, जनताको प्रत्यक्ष निर्वाचन पद्धतिद्वारा नभएर ब्रिटिस सरकारद्वारा चुनिएका र गभर्नरद्वारा छानिएका प्रान्तीय व्यवस्थापिका सदस्यहरूले मात्र भाग लिएको निर्वाचनले ३८९ सदस्यको निर्वाचन गर्‍यो। निर्वाचनमा भारतीय राष्ट्रिय कांग्रेसले ७५ प्रतिशत सिट जित्यो। त्यसको निकटतम प्रतिद्वन्द्वी मुस्लिम लिगले १९ प्रतिशत सिटमा मात्र जित हासिल गरेको हुनाले स्वतन्त्र पाकिस्तानको माग राखी प्रजातान्त्रिक संविधान निर्माणको लागि भाग नलिने निर्णय लिएपछि डा. भीमराव अम्बेडकरको अध्यक्षतामा सन् १९४७ मा संविधान मस्यौदा समिति गठन गरियो। मुस्लिम सदस्यहरूले भाग नलिएपछि बाँकी रहेका २९९ सदस्यहरूमध्ये ९५ प्रतिशतले हस्ताक्षर गरी सन् १९४९ नोभेम्बर २६ तारिखमा गणतन्त्रात्मक प्रजातान्त्रिक संविधान अनुमोदन गरियो।

प्रत्यक्ष निर्वाचनको प्रक्रियाद्वारा भन्दा अप्रत्यक्ष पद्धति बढी चलन चल्तीमा आएको देखिन्छ। सबैभन्दा बढी जनसंख्या भएको प्रजातान्त्रिक राष्ट्र भारतले समेत यही प्रक्रिया अपनाएको थियो, तर हाल आएर यो विधि पनि पुरानो भइसकेको छ। यदि प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन प्रणाली अपनाई नेपालले नयाँ संविधान निर्माण गरेमा देशमा विद्यमान वैचारिक, राजनीतिक, संवैधानिक तथा रणनीतिक समस्या स्वतः हटेर जानेछन्। नेपालीले शान्ति, समृद्धि, सामाजिक न्याय र स्वतन्त्रता प्राप्त गर्नेछन्।

मिश्रण विधि अर्थात् प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचन पद्धति सन् १९७७ मा स्पेन, १९९४ मा दक्षिण अफ्रिका आदिले अपनाएको पाइन्छ। हालको विश्वमा दक्षिण अफ्रिकाको संविधानसभाको निर्वाचन प्रक्रिया र त्यसले पाएको सफलता चर्चित छ।

बहुधार्मिक, बहुसांस्कृतिक तथा बहुजातीय राष्ट्र दक्षिण अफ्रिकाका बहुसंख्यक काला जाति अल्पसंख्यक गोरा शासकबाट सदिऔंदेखि शोषित, पीडित रहँदै आएका थिए। सन् १९९० मा अन्तर्राष्ट्रिय मध्यस्थतामा तत्कालीन राष्ट्रपति एफ डब्लु डेक्लर्क तथा अफ्रिकी राष्ट्रिय कांग्रेसबीच एक ऐतिहासिक सम्झौता भयो। उक्त सम्झौताको मुख्य लक्ष्य दसकौंदेखि जारी हिंसा रोकी शान्ति कायम गर्नु थियो। त्यसका लागि बहुदलीय सम्मेलन गरी संविधानसभाको निर्वाचनद्वारा नयाँ संविधान निर्माण गर्ने निर्णय लिइयो। संविधानसभाको निर्माण पूर्व राजनीतिक

सम्मेलनबाट ३४ बुँदे ऐतिहासिक संवैधानिक सिद्धान्त जारी गरिएका थिए । ती सिद्धान्तले नयाँ संविधानको घोषणापूर्व अन्तरिम संविधानको रूपमा काम गर्ने निर्णय गरिएको थियो ।

सन् १९९४ अप्रिल २७ तारिखका दिन प्रजातान्त्रिक विधिद्वारा चुनिएका ४९० (४०० राष्ट्रियसभा र ९० सिनेट) सदस्यले संविधानसभा सदस्यको रूपमा काम गरे । उक्त संविधानसभाका सदस्यको लागि गरिएको निर्वाचनमा ८६ प्रतिशत जनताले मत दिए, जसमा राष्ट्रिय कांग्रेसका दुई तिहाइ सदस्य निर्वाचित भए । त्यसैगरी गोरा जातिको पार्टीले दोस्रो मत प्राप्त गऱ्यो । केही सिटमा हतियार उठाएका विद्रोहीले पनि जिते । साथै गैरसरकारी संघसंस्था, नागरिक समाज तथा जनता पनि अप्रत्यक्ष रूपमा संविधान निर्माणमा सहभागी भए । सरकारी तथा गैरसरकारी संघसंस्थाले जनतालाई जागरुक बनाउन संविधान मस्यौदा पूर्व विभिन्न जनवकालत तथा अधिकारमुखी कार्यक्रम सक्रियतापूर्वक संचालन गरेका थिए । जनसहभागिता कार्यक्रममा संवैधानिक सार्वजनिक बैठकहरू, संवैधानिक शिक्षा अभियानहरू, राष्ट्रिय सुनुवाइ कार्यक्रमहरू आदि संविधान सुझाव संकलनपूर्व गाउँगाउँमा पुऱ्याइएका थिए ।

संविधान भनेको के हो ? संविधान किन चाहिन्छ ? दक्षिण अफ्रिकाको संविधान कसरी बन्दै छ ? मानवअधिकार के हो ? आफ्ना हकहितका कुरालाई संविधानमा कसरी राख्ने ? आदि जनवकालतका कार्यक्रमले जनतालाई प्रोत्साहन र सशक्तीकरण गरेको थियो । ती प्रश्नहरूको उत्तरसहित चेतनामूलक सामग्रीलाई ११ स्थानीय भाषामा अनुवाद गरी ४८४ विचार गोष्ठी, २५९ टिपोट तथा ४६६ बैठक संचालन गरिएको थियो । त्यसका लागि स्थानीय तहमा ७१७ तथा राष्ट्रिय तहमा ५९६ संघसंस्थालाई परिचालन गरिएको थियो । जनवकालतको प्रभावकारिताले नै हुन सक्छ, त्यहाँ संविधान मस्यौदा समितिलाई २० लाख सुझाव प्राप्त भएको थियो । ती सुझाव लेख, रचना, इमेल, कार्यपत्र, जानकारीमूलक सामग्री, टिभी, रेडियो, पत्रपत्रिका आदिमार्फत मस्यौदा समितिलाई पठाइएको थियो । एक सर्वेक्षणअनुसार सार्वजनिक शिक्षा अभियानअन्तर्गत ७३ प्रतिशत जनता संविधान निर्माणको प्रक्रियामा अप्रत्यक्ष रूपले सहभागी भएका थिए ।

नयाँ संविधानका केही धारा अन्तरिम संविधान वा संवैधानिक सिद्धान्तका धारासँग बाझिएकाले तिनलाई संशोधन गरी सन् १९९६ को डिसेम्बर महिनामा मात्र नयाँ संविधान जारी गरियो ।

संविधान निर्माणको प्रक्रियामा यति धेरै जनता क्रियाशील भएको संसारको इतिहासमा यो नै पहिलो घटना हो । त्यसैले यो संविधानलाई अन्य विधिद्वारा निर्माण गरिएका संविधानभन्दा बढी प्रजातान्त्रिक मानिन्छ । यो विधि अनुसरण गर्दै केन्या लगायतका राष्ट्रले पनि आफ्नो नयाँ संविधान बनाएका छन् ।

## नेपालका लागि विकल्प

अहिलेको अवस्थामा बृहत् सर्वपक्षीय राजनीतिक सम्मेलन आयोजना गरिनु पर्छ । राजनीतिक निर्णय लिनुपूर्व सबै दलहरूले आफू र आफ्नो दलको हैसियत, जनताका इच्छा, आकांक्षा तथा जनचाहना समेट्ने किसिमका अग्रगामी कार्यक्रम दस्तावेजद्वारा सार्वजनिक गर्नुपर्छ । विगतका सात दलले आयोजना गरेका विरोधका कार्यक्रम र नागरिक समाजका कार्यक्रममा उपस्थित जनसहभागिताबारे पुनर्मूल्यांकन गर्नु पर्छ ।

बृहत् राजनीतिक सम्मेलनले माओवादीसहितको सर्वपक्षीय अन्तरिम सरकार गठन गरी अन्तरिम शासन विधान/संविधान बनाउनुपर्छ । नयाँ संविधान अनुमोदन गर्नुपूर्व संविधानसभाको प्रक्रिया, जननिर्वाचन आयोग आदिका लागि के कस्ता संवैधानिक सिद्धान्त आवश्यक पर्छन्, त्यसबारे गम्भीर छलफल गर्नु पर्छ । ती सिद्धान्त नै भावी संविधानका मागदर्शक हुने भएकाले शब्द शब्दमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ । निम्न बुँदाले निर्देशक सिद्धान्तको रूपमा काम गर्न सक्छन् :

(क) बहुदलीय व्यवस्था
(ख) संसदीय शासन प्रणाली
(ग) कार्यकारिणी अधिकार व्यवस्थापिकाप्रति उत्तरदायी
(घ) स्वतन्त्र न्यायपालिका
(ङ) स्वतन्त्र निर्वाचन आयोग
(च) संयुक्त राष्ट्रसंघको मातहतमा दुवै पक्षको हतियार व्यवस्थापन
(छ) निर्वाचन पद्धतिको व्याख्या
(ज) मानवअधिकारको पूर्ण पालन
(झ) सार्वभौम र राजकीय सत्ता जनतामा
(ञ) श्री ५ को सरकारबाट नेपाल सरकारमा रूपान्तरण
(ट) शाही नेपाली सेनाबाट नेपाली अर्थात् राष्ट्रिय सेनामा रूपान्तरण
(ठ) कानुन निर्माणमा न्यायोचित तथा समुचित समावेशीकरण
(ड) जाति, धर्म, भाषा, क्षेत्र, लिंग तथा वर्गको सहभागितामूलक समानुपातिक प्रतिनिधित्व
(ढ) बहुधार्मिक, बहुजातीय, बहुभाषिक तथा बहुसांस्कृतिक राज्यव्यवस्था
(ण) समन्यायिक आरक्षणको व्यवस्था
(त) संघीय/क्षेत्रीय स्वायत्तता
(थ) आत्मनिर्माणको अधिकार (विखण्डीकरणबाहेक)
(द) निर्वाचन आचारसंहिता
(ध) संसद्को छनोट
(न) संविधानसभा सदस्यको आचारसंहिता (यदि कुनै सदस्य पैसा तथा बलको प्रभावमा पर्छ भने निजको सदस्यता खारेजी आदि)

दक्षिण अफ्रिकाको जस्तो प्रत्यक्ष र अप्रत्यक्ष निर्वाचनको प्रक्रियाबाट नेपालमा संविधान निर्माण गर्न सकिए त्यो संविधान निर्विवाद हुनेछ । जनता स्वयं पनि आफ्ना हकअधिकार, मानवअधिकार आदिका बारेमा जानकार हुने थिए । संविधानबारे जनता सचेत भए भने दलहरू सधैं ठिक ठाउँमा रहनेछन् । जनता स्वयं संविधानको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि सहभागी हुनेछन् । दलहरूलाई खबरदारी गर्नेछन् । परिणामस्वरूप जनप्रतिनिधिहरू विगतमा जस्तो पैसा र बलको प्रभावबाट अलग रहनेछन् ।

विगतमा जनताको प्रत्यक्षमतबाट दलीय संस्थागत अथवा व्यक्तिगत आधारमा चुनिने 'एक व्यक्ति एक क्षेत्र'को अवधारणा हटाई दक्षिण अफ्रिकाको जस्तो 'दलीय, संस्थागत वा बहुलवाद आधारमा निर्वाचनमा लड्ने तर कुनै पनि उमेदवारको नाम उल्लेख नगर्ने' निर्वाचन प्रक्रिया अपनाएमा साना ठूला सबै दलले प्राप्त मतको आधारमा संविधानसभाको निर्वाचनमा आ-आफ्नो ठाउँ सुरक्षित गर्नेछन् । यस अर्थमा दलहरूले जातीय, लैंगिक, भाषिक, क्षेत्रीयताको आधारमा सदस्यहरूको नयाँ संविधान मस्यौदा समितिका आफ्ना सवाल उठान गर्नेछन्, जसबाट परिणाममुखी, न्यायोचित, समुचित तथा सहभागितामूलक समावेशी संविधानको निर्माण हुनेछ । अतः जनताको प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिताबाट बनेको संविधानले राजनीतिक तथा संवैधानिक संकटबाट निकास दिई देशलाई जनचाहनाअनुरूप अग्रगामी मार्गमा डोऱ्याउनेछन् ।

नेपालमा संविधानसभाको प्रक्रियाद्वारा बन्ने नयाँ संविधानलाई तीन प्रकारले अनुमोदन गराउन सकिन्छ ।

(क) संविधानसभाका सदस्यहरूबाट जस्तै भारत, दक्षिण अफ्रिका, संयुक्त राज्य अमेरिका आदि ।
(ख) सरकार आफैद्वारा जस्तै जर्मनी आदि ।
(ग) जनमत संग्रहद्वारा जस्तै न्युफाउन्डल्यान्ड, अस्ट्रेलिया, स्पेन आदि ।

नेपालमा नयाँ निर्माण हुने संविधानलाई माथि उल्लेख गरिएझैं (क) र (ग) विधिद्वारा अर्थात् जनताद्वारा चुनिएका कम्तीमा पनि दुई तिहाइ सदस्यको स्वीकृति लिई जनमतसंग्रह (जनताको ताजा जनादेश)बाट बहुमतको आधारमा अनुमोदन गराउन सकेमा नेपालको यो संविधान विश्वकै एक उत्कृष्ट प्रजातान्त्रिक प्रक्रियाद्वारा निर्माण गरिएको अग्रगामी दस्तावेज हुनेछ । यस्तो विधिबाट निर्माण गरिएको संविधानमा समयसापेक्ष, जनचाहना र आकांक्षाको प्रतिविम्ब हुनेछ । त्यसो गरिए नेपालको संविधानको अनुमोदनको प्रक्रियालाई नमुनाको रूपमा आगामी दिनमा विश्वका अन्य मुलुकले पनि प्रयोगमा ल्याउनेछन् ।

अब यहाँ प्रश्न उठ्छ, नेपालले यति ठूलो धनराशि कहाँबाट जुटाउन सक्छ त ? अनुमानकै आधारमा भन्नुपर्दा दस वर्षदेखि नेपालमा जारी रहेको माओवादी विद्रोहीलाई दबाउन एक खर्ब (प्रत्यक्ष र अप्रत्यक्ष रूपमा) सुरक्षाको नाममा खर्च भएको छ । पाँच वर्षअघिसम्म नेपाली सेनाको खर्च ३.८ अर्ब थियो भने यस आर्थिक वर्षसम्म आइपुग्दा उक्त खर्च पाँचगुनासम्म बढेको छ । करिब २ अर्ब खर्च गरेर नयाँ बन्ने संविधानलाई जनमतसंग्रहबाट अनुमोदन गराउन सक्छौं । जनमतसंग्रहबाट जनतामा हुने उत्साह र चेतना वृद्धिलाई पैसामा तुलना गर्नु हुँदैन । यदि खर्चै बचाउनु पर्ने भयो भने अर्थात् राष्ट्रमा आर्थिक स्रोत नै भएन भने संविधानसभाका लागि चुनिएका सदस्यलाई नै निश्चित अवधि अर्थात् संसद्को एक कार्य अवधिसम्म व्यवस्थापिकाको सदस्यको रूपमा रूपान्तरण गर्न सकिन्छ ।

विश्वमा निर्माण गरिएका कुनै पनि दस्तावेज तत्कालीन अवस्थामा पूर्ण भए पनि समय परिवर्तनसँगै संशोधन गर्दै लानु पर्ने बाध्यात्मक अवस्था आउँछ । अब बन्ने संविधान पनि त्यसबाट मुक्त हुन्न । संविधानको उपयुक्त कार्यान्वयनको लागि जनताको आवाजअनुसार प्रत्येक १०-१० वर्षमा संशोधन गरी ताजा जनादेश लिने हो भने नेपालले हरेक १०-१० वर्षमा झेल्नु परेको जनआन्दोलन अथवा जनविद्रोहबाट मुक्ति पाउने थिए । ■

*(पिएचडी पाठक द्वन्द्व तथा मानवअधिकारका विद्यार्थी हुन्)*

**वर्षौंदेखि नेपाली जनताविरुद्ध भ्रम र षड्यन्त्र गर्दै सामन्ती राजतन्त्रमाथि उत्तरदायी बन्दै आएको शाही सेनाका उच्च प्रमुख, प्रहरी प्रमुख लगायत जनआन्दोलन दबाउनेहरूलाई तुरुन्त कारबाही गर्नु पर्छ । यसो गरिएन भने यिनीहरू फेरि नेपाली जनतालाई डस्न छोड्नेछैनन् । त्यसकारण सरकार यस्ता तत्त्वहरूप्रति कठोर हुनै पर्छ । जनताप्रति उदार बनेर नयाँ नेपाल बनाउन आतुर हुनै पर्छ ।**



खिलबहादुर भण्डारी

# गर्न धेरै बाँकी छ

**मुलुक यतिखेर** जनताको लोकतन्त्र, शान्ति र अग्रगमनको इच्छा पूरा गर्न धीमा गतिमा अगाडि बढिरहेको छ । यो सकारात्मक छ, तर शंका गर्ने ठाउँ प्रशस्त भेटिँदै छन् । जनताको आकांक्षा पूरा गर्ने वचन दिएर सत्तामा गएकाहरूले यतिखेर जुन गतिमा आफ्नो काम बढाउनु पर्ने हो, त्यो ज्यादै कम भइरहेको छ । मुलुकले अलिकति कोल्टे फेरेको छ, यो पूर्णतामा बदल्न काम धेरै छ । चुनौती झन् धेरै सामना गर्नु पर्नेछ । त्यसकारण अहिले बनेको सरकारले ०४६ सालपछिकै ढंगमा काम गर्न थाले भने उही तरिका, शैली र संसद्भवनभित्र पस्ने र प्रस्तावहरू दर्ता गर्ने, छलफल गर्ने अनि ग्रे कोट टल्काउँदै मन्त्रीक्वार्टर फर्कने गरियो भने अगाडि तेर्सिएका महाभारतजस्ता चुनौतीको सामना गर्न धेरै गाह्रो हुनेछ ।

अहिलेको सरकारले धेरै सिर्जनशीलताको आधारमा काम गर्नु पर्नेछ, ती राजनीतिक निर्णय पनि हुन सक्छन् । अझै संविधानका धारा र उपधारा हेरेर काम गर्न थालियो भने अगाडि होइन हामी पछाडि फर्किनेछौं । अहिले सत्तामा बस्नेहरूले कुरा राम्रा गरेका छन्, तर कार्यान्वयनमा हिचकिचाइरहेका छन् । प्रस्तावहरू राम्रा दर्ता गरेका छन्, तर त्यो निर्णय व्यवहारमा उतार्न ढिलो गरिरहेका छन् । कुरा र नारा चर्कै छन्, तर व्यवहारतः लागू गरिरहेका छैनन् । त्यसकारण सांसदहरू संसद्भवनभित्र पस्दा जनतालाई विश्वास लागिरहेको छैन र संसद्भवन बाहिर चोर औंला ठड्याएर खबरदारी गरिरहेका छन् । यसरी एकातिर खबरदारी भइरहने र अर्कोतिर हरेक निर्णय कार्यान्वयनमा नगई विलम्ब भइरहँदा जनतासँगको विश्वास घट्दै जाने र प्रतिगामीहरू हावी हुन सक्ने खतरा छ । त्यसैले अब कुरा कम काम धेरै गर्ने बेला आएको छ । जति विलम्ब त्यत्तिकै खतरा अहिलेको परिस्थिति हो ।

ढुक्कसँग फुर्सदमा सोचौंला, आरामसँग गरौंला भनेर बस्ने बेला होइन यो । हर क्षण र हर समय कति गतिशील र गतिमान छ भने सिर्जनशीलताको आधारमा मुलुकलाई नयाँ दिशातिर डोऱ्याउने काममा ढिलाइ गरिए जनताको बलिदानप्रति कुठाराघात हुन सक्ने खतरा धेरै छ । प्रतिगामीहरू बाटो ढुकिरहेका छन् । समयले हामीलाई मात्र पर्खिंदैन, अहिलेको समय ज्यादै महत्त्वपूर्ण छ ।

अहिले देश लोकतान्त्रिक गणतन्त्रको दिशातिर उन्मुख छ । अझ नेपाली जनताको यो आकांक्षा पूरा गर्न सकिएन भने इतिहासमा योभन्दा दुर्भाग्य केही हुनेछैन । नेपाली जनताको रगत पसिनामाथि खेलवाड गरिएको दोष माओवादीलाई होइन सात दल र सत्तामा बस्नेहरूलाई जानेछ ।

निसर्त संविधानसभामा जाने सर्वसम्मत भएपछि अब त्यहाँ जानका लागि व्यवधान हुनसक्ने ठाउँ पहिचान गर्नै पर्छ । त्यस्ता अवरोध पन्छाउन सात दलको सचेत भूमिका रहनु पर्छ । जनआन्दोलन दबाउनेहरूमाथि कारबाही गर्न ढिलो भइसकेको छ । जनआन्दोलन दबाउने केही व्यक्तिलाई छानबिन नै नगरीकन गिरफ्तार गर्न सकिन्छ । तिनीहरूलाई गिरफ्तार गरेर पछि कानुनी प्रक्रिया थाले पनि हुन्छ । कमल थापा, श्रीसशमशेर, भरतकेशर, सच्चित शमशेर लगायतजस्ता केही नामहरूमाथि छानबिन गरिरहनु पर्ने आवश्यकता नै छैन । यी जनअनुमोदित अपराधीहरूमाथि कारबाही गर्न जति ढिलो गरिन्छ अपराधीहरू भाग्ने अवसर पाउँछन् ।

त्यस्तै वर्षौंदेखि नेपाली जनताविरुद्ध भ्रम र षड्यन्त्र गर्दै सामन्ती राजतन्त्रमाथि उत्तरदायी बन्दै आएको शाही सेनाका उच्च प्रमुख, प्रहरी प्रमुख लगायत जनआन्दोलन दबाउनेहरूलाई तुरुन्त कारबाही गर्नु पर्छ । यसो गरिएन भने यिनीहरू फेरि नेपाली जनतालाई डस्न छोड्नेछैनन् । त्यसकारण सरकार यस्ता तत्त्वहरूप्रति कठोर हुनै पर्छ । जनताप्रति उदार बनेर नयाँ नेपाल बनाउन आतुर हुनै पर्छ ।

अहिले अर्को महत्त्वपूर्ण विषय शाही सेना र जनमुक्ति सेनालाई एकै ठाउँमा मिलाउने कुरा । योभन्दा पहिला सैनिक प्रमुखले विदेशी मिडियाहरूमा अन्तर्वार्ता दिँदै राजनीति सुरु गरेका छन् । त्यो षड्यन्त्र र कपटपूर्ण छ । जनमुक्ति सेनालाई योग्यताको आधारमा शाही सेनामा भर्ती गर्ने कुरा जनआन्दोलनको भावना र मर्मविरुद्ध मात्र नभई हजारौं बलिदानीमाथिको षड्यन्त्र हो । जनमुक्ति सेना भात खान नपाएर हिँडेको र प्यारजंगले दिने जागिर खान लालायित संस्था होइन । प्यारजंगका जस्ता हल्का, अराजनीतिक र गैरजिम्मेवारी व्यवहारले मुलुकले निकास पाउने कुरामा अझै धेरै शंका गर्ने ठाउँ छन् ।

अहिले त जनताले जितेको र राजा र राजाका मतियारहरूले हारेको समय हो । शाही सेनालाई जनताको सेना बनाउने कुरा भइरहेको छ । सेनालाई जनताको मातहतमा राख्ने कुरा भइरहेको छ । यसको लागि शाही सेना विघटन गर्नु पर्छ । त्यसको पूरै संरचना बदल्नु पर्छ अनि मात्र मुलुकमा दुई सेनालाई मिलाएर राष्ट्रिय सेना बनाउन सकिन्छ । अबको निकास यो हो । शाही सेना जस्ताको तस्तै रहने र जनमुक्ति सेना शाही सेनासँग छाती र उचाइ नापिँदै भर्ती हुने जुन कुरा छ, यो षड्यन्त्रको खेल हो भनेर अहिल्यै अनुमान लगाउन सकिन्छ । त्यसैले दलहरूले यी कुराको ख्याल मात्रै होइन तुरुन्त राजनीतिक निर्णय गर्दै कार्यान्वयनमा जानु पर्छ ।

इतिहास साक्षी छ, विगतका वार्ताहरूमा पनि ठूलठूला षड्यन्त्र भएका थिए । दाङमा सत्तापक्ष र माओवादी वार्तामा बसिरहँदा दोरम्बामा शाही सेनाले निर्दोष जनताको हत्या गऱ्यो । अहिले दुवै पक्षले युद्धविराम गरिसक्दा पनि सहरका चोक, गल्लीमा शाही सेनाको सशस्त्र गस्ती भइरहेको छ । वर्षौंदेखि भ्रष्टाचार गरेर अकुत सम्पत्ति कुम्ल्याउन पल्केका दरवार, दरवारिया र सेनाका अफिसरहरूले सजिलै आफ्नो हर्कत छोड्नेछैनन् । वर्षौंदेखि राजभक्ति देखाउँदै आएको शाही सेनालाई राष्ट्रिय सेना बनाएर नाम बदल्दैमा सबै बदलिन्छ भन्ने विश्वास गरिहाल्नु गल्ती हुनेछ । उसका पुराना सम्बन्ध, व्यवहार, संरचनाहरूसँग दृष्टिकोण बदल्न सकिएन भने सरकार र जनताप्रति उत्तरदायी भइहाल्छन् भन्न सकिँदैन । हिजोका शाह, राणा, थापा, बस्नेतहरू मात्र सेनाका उच्चपदस्थ बन्ने संरचना बदलेर जनताका छोरालाई त्यहाँ पुऱ्याउनु पर्छ । यी र यस्ता थुप्रै काम गर्न ढिलो हुँदै छ, गर्न धेरै छ, समय थोरै छ । ■

नेपाली जनआन्दोलनको फैलँदो तातो रापले जापानमा पनि नेपालबारे धेरथोर जानकार राख्नेहरूमा केही तरंग पैदा गरिदियो । विश्वविद्यालयका प्राध्यापकहरूले पनि प्रायः भेटमा नेपालमा तीव्र गतिमा बढ्दै गइरहेको आन्दोलनबारे खोजखबर गर्थे ।



कमल फुयाँल

# नेपाली लोकतन्त्रप्रति जापानी चासो

**नेपालमा गर्मी चढिसक्दा** पनि जापानमा भने अझै चिसो छ । दिउँसै भुक्के ज्याकेट लाएर हिँड्नु पर्ने । बाहिरी शरीरमा जाडो भए पनि मनको छटपटीले गर्दा उकुसमुकुस बढ्दो छ । अप्रिल ६ अर्थात् चैत २४ को साँझदेखि त बेचैनी निकै बढ्यो । आज के भयो होला, कति मान्छे सडकमा आए होलान् आदि प्रश्न मनमा आइरहने । दिनको ५-६ घन्टा त इन्टरनेटमा नेपालको खबर पछ्याउँदैमा बित्ने ।

देशमा २४ गतेदेखि बृहत् आन्दोलन सुरु हुने, आफू भने १९ गते नै देशबाहिर हिँड्नु पर्ने । यसअघि रत्नपार्क र त्यसपछि बानेश्वर-केन्द्रित आन्दोलनमा त धेरथोर सहभागी भइएको थियो । त्यति बेला 'यस्तो तालले पनि राजालाई झुकाउन सकिन्छ र' भन्ने प्रश्न मनमा आइरहन्थ्यो, तर माओवादीसँग बाह्रबुँदे समझदारी भइसकेपछिको दलहरूले आह्वान गरेको यो आन्दोलनबाट चाहिँ केही हुन्छ भन्ने लागेको थियो । चार महिनाको लागि अतिथि प्राध्यापक बनेर जापान आउनु परेकाले आन्दोलनमा प्रत्यक्ष सहभागी हुन नपाइने स्थितिले भने असजिलो लागिरहेको थियो ।

नेपाली जनआन्दोलनको फैलँदो तातो रापले जापानमा पनि नेपालबारे धेरथोर जानकार राख्नेहरूमा केही तरंग पैदा गरिदियो । विश्वविद्यालयका प्राध्यापकहरूले पनि प्रायः भेटमा नेपालमा तीव्र गतिमा बढ्दै गइरहेको आन्दोलनबारे खोजखबर गर्थे । यसअघि नेपालबारे नसुनेका विद्यार्थीहरूले पनि कक्षामा नेपालको आन्दोलनबारे प्रश्न गर्न थाले । उनीहरूकै अनुरोधमा एउटा कक्षा पूरै नेपाली समाज र संस्कृतिबारे सञ्चालन गरियो । जे होस् अहिले जापानमा पनि नेपालको लोकतन्त्र तातो विषय बनेको छ । शान्तिपूर्ण जनआन्दोलनमा भएको नेपाली जनताको अपार सहभागिताले नेपाली हुनुमा गर्व लागिरहेछ ।

नेपाली जनआन्दोलनको अभीष्ट तथा विकासक्रमबारे जापानी जनताबीच छलफल चलाउने उद्देश्यले ओसाकामै एउटा अन्तरक्रिया कार्यक्रम गर्ने सोच बनाइयो । यसको लागि नेपालमा समेत काम गरिरहेको ओसाकास्थित एक गैरसरकारी संस्था एसिया भोलेन्टियर केन्द्रमार्फत कार्यक्रम गर्दा प्रभावकारी हुने विचारले उक्त संस्थामा कुरा राखेँ । केन्द्रका अध्यक्ष हिराताजीसँग कुराकानी भएपछि केन्द्रकै नेपाली स्पष्ट बोल्ने एक कर्मचारी आइयामामोतोजीसँग मिलेर कार्यक्रम खाका तयार पारियो । लगभग तीन घन्टाको कार्यक्रमको योजना बनेपछि नेपालप्रेमी जापानीलाई आमन्त्रण गरियो । ओसाकामै रहेको कान्तिपुर नामक नेपाली रेस्टुराँका मालिक ओकामोतो तोमोले कार्यक्रमस्थल उपलब्ध गराइदिने वाचा गरे । जापानमा कुनै पनि कार्यक्रम गर्ने स्थान निःशुल्क उपलब्ध हुनु भनेको दुर्लभ कुरा हो । वैशाख १६ गते दिउँसो साढे एकबजेदेखि कार्यक्रम थालनी गर्ने निर्णय भयो । कार्यक्रमको प्रारूप तयार पार्दा कार्यक्रममार्फत राजा ज्ञानेन्द्रको सरकारलाई कुनै पनि सहयोग नगर्न र भइराखेको सहयोग तत्काल रोक्का गर्न जापानी सरकारलाई दबाब सिर्जना गर्ने उद्देश्य पनि राखिएको थियो । कार्यक्रम गर्ने मितिअगावै नेपाली जनताले राजालाई झुक्न बाध्य बनाइसकेको हुँदा यो कार्यक्रममार्फत नेपालप्रेमी जापानीलाई नेपाली जनआन्दोलनको अभीष्ट तथा विकासक्रमबारे अवगत गराउने हिसाबले उद्देश्य परिमार्जन गरियो ।

पत्रपत्रिका, इन्टरनेट र इमेल नेटवर्कमार्फत कार्यक्रमबारे प्रचार भयो । कार्यकक्षको क्षमता पचासजनाको भए पनि सहभागिताका लागि चौसट्ठीजनाको उपस्थिति रह्यो । उपस्थित सहभागीहरूमा प्रायः विश्वविद्यालयका प्राध्यापक, नेपालमा कार्य गरिसकेका स्वयंसेवकहरू, गैरसरकारी संस्थाका कार्यकर्ता, विद्यार्थी र पर्यटकका रूपमा पटक पटक नेपाल आइसकेका नेपालप्रेमी जापानीहरू थिए ।

कार्यक्रममा मैले नेपाली समाज र वर्तमान आन्दोलनबारे कार्यपत्र पेस गरेको थिएँ । उक्त प्रस्तुतिमा नेपालबारे छोटो जानकारी, नेपाली समाजको संरचना, नेपाली समाजमा विद्यमान सामाजिक तथा अन्य विभेदहरू, नेपाली राजतन्त्रको इतिहास र राजतन्त्रविरुद्ध भएका आन्दोलनहरू, राजनीतिक दलहरूको भूमिकालगायत माओवादी विद्रोह जस्ता विषयवस्तु समेटिएका थिए । त्यसैगरी वर्तमान आन्दोलनको झलक, आन्दोलनका नाराहरू, आन्दोलनमा विविध पक्षको सहभागिता, आन्दोलन दबाउन सरकारको निकृष्ट क्रियाकलाप (तस्वीरसहित), आन्दोलनका आर्थिक पक्ष आदि कुरा पनि छलफलमा राखियो । खासगरी नेपाली जनताको लोकतन्त्रको अपेक्षा र प्रतिबद्धताबारे विचार राखिएको थियो ।

सहभागीहरूबाट आएका प्रश्नहरूमा मूलतः के सात दल साँच्चिकै नेपाली जनताका भावनानुसार चल्छन् ? कतै तिनले जनतालाई धोखा त दिँदैनन् ? नयाँ नेपालसम्बन्धी सात दलको परिकल्पना के छ भन्ने थियो । त्यस्तै, राजा वास्तवमै झुकेको हो वा यो कुनै नयाँ चाल मात्र हो ? के राजालाई संविधानसभामार्फत हटाइयो भने चुपचाप हट्छन् त ? भन्ने प्रश्नहरू आए । नयाँ प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र तिनका पार्टीका सम्बन्धमा पनि थुप्रै जिज्ञासा थियो सहभागीहरूको । पहिला चारपटक कोइराला प्रधानमन्त्री हुँदा केही गर्न सकेनन् भने यो पटक चाहिँ राम्रो गर्छन् भनेर कसरी विश्वास गर्ने ? यो जिज्ञासा धेरैको थियो । माओवादीका सम्बन्धमा पनि धेरै प्रश्न आए । माओवादीले संविधानसभाको परिणाममा चित्त बुझाएर हतियार बुझाउँछन् त ? दस वर्षसम्म हतियार चलाएका लडाकुहरू हतियार बिसाएर अरूसरह पुनः श्रम गर्न तयार होलान् भन्ने प्रश्न पनि सशक्त रूपमा उठेको थियो ।

जापानी सहभागीहरूको जिज्ञासा सुन्दा उनीहरू वास्तवमै नेपाल र नेपालीको भविष्यप्रति चिन्तित छन् भन्ने लाग्छ । कार्यक्रमपश्चात् अनौपचारिक छलफलमा 'नेपाल मेरो दोस्रो घर हो, नेपालीहरूले दुःख पाउँदा रुन मन लाग्छ' भन्नेहरू धेरै भेटिए । एकजना नेपाली बहिनी पनि सहभागी हुनुहुन्थ्यो । रामेछापकी तिनी सोह्रसत्र वर्षअघि जापान आएर यतै पढेर यतै घरजम गरेकी रहिछन् । अहिले केही जापानी मित्रहरूको सहयोगमा रामेछापको एक विकट गाउँमा विद्यालय र सानो अस्पताल बनाउने योजना बनाउँदै रहिछन् उनी ।

कार्यक्रमको अन्त्यमा नेपालको आन्दोलनको परिणामलाई दिगो बनाउन जापानी मित्रहरूको के भूमिका हुन सक्छ भन्नेबारे पनि छलफल भयो । यसै भेलाले इन्टरनेटमार्फत अन्य थुप्रै जापानीबीच नेपालको जनआन्दोलनबारे अवगत गराउने, संविधानसभामार्फत नेपाली जनताको अधिकार सुरक्षित गर्न नैतिक सहयोग गर्न आह्वान गर्ने निधो भयो र यसका लागि आगामी दिनमा एसिया स्वयंसेवक केन्द्रले नै संयोजन गर्नेछ । विश्वविद्यालयका केही प्राध्यापकले आफ्ना विद्यार्थीहरूबीच पनि नेपालको जनआन्दोलनबारे छलफल कार्यक्रम गर्ने विचार प्रस्तुत गरे । लेखहरूमार्फत नेपाली जनताको भावनालाई जापानी सरकारसम्म पुऱ्याउने विचार पनि व्यक्त भयो । यसको लागि जापानी सरकारी निकायहरूमा लबिङ गर्ने कुरा पनि आयो । एक सहभागीले बताए, 'नेपाली जनताका समस्या उनीहरूको मात्र नभई हाम्रो आफ्नै समस्याको रूपमा लिनु पर्छ ।' त्यो कुरालाई सबैले स्वागत गरे । अन्त्यमा आयोजक संस्थाले कार्यकक्षमा लेखिएको 'हामी शान्त र समृद्ध नेपाल हेर्न चाहन्छौं, त्यसैले हामी नेपालमा लोकतान्त्रिक गणतन्त्र चाहन्छौं' भन्ने भावनालाई समर्थन गर्दै कार्यक्रम समापन भयो । ■



तेजबहादुर बस्नेत

# लोकप्रिय बन्दै

■ छत्र कार्की/काठमाडौं

**डेढ दशक अघिसम्म** ए लेभल शिक्षाको बारेमा धेरै सहरिया विद्यार्थीलाई पनि थाहा थिएन। त्यसो त सम्भ्रान्त परिवारका केही विद्यार्थीको पहुँचमा मात्र सीमित यो शिक्षा पढ्ने विद्यार्थीको संख्या थोरै थियो, तर अहिले ठीकै आर्थिक हैसियत भएका नेपाली विद्यार्थीले पनि ए लेभललाई पहिलो प्राथमिकतामा पार्न थालेका छन्। राजधानी र बाहिर सञ्चालित डेढ दर्जनजति कलेजले क्याम्ब्रिज विश्वविद्यालयले तयार पारेको विश्वभर लोकप्रिय 'ए लेभल' कोर्ष पढाउन थालेपछि मध्यमवर्गीय परिवारका विद्यार्थी पनि यो शिक्षाप्रति आकर्षित भएका हुन्।

ए लेभल लोकप्रिय बन्दै जानुमा यसले विश्वव्यापीरूपमा पाएको मान्यताले प्रमुख भूमिका खेलेको छ। विश्वका करिब १ सय ५० भन्दा बढी मुलुकमा ए लेभलको पढाइ सञ्चालन गरेको छ क्याम्ब्रिजले। अहिलेको भूमण्डलीकरणको युगमा आम विद्यार्थीको चाहना हुन्छ - विदेशबाट स्तरीय उच्चशिक्षा लिन पाइयोस् भन्ने। ए लेभलमा राम्रो नतिजा ल्याउन सकेको खण्डमा उच्चशिक्षाका लागि विदेशको ढोका खोल्न सजिलो हुने कुरामा द्विविधा छैन। चेल्सी इन्टरनेसनल कलेजमा ए लेभल अध्ययनरत रघु आदित्य भन्छन्, 'ए लेभललाई उच्चशिक्षा लिन विदेश जाने कुरासँग जोड्न सकिन्छ, तर मैले चाहिँ पठनपाठन शैलीमा विद्यार्थीको सिर्जनशीलतालाई प्रमुखतासाथ जोड दिएकाले ए लेभल रोजेको हुँ।' ए लेभलको पाठ्यक्रम गुणस्तरीय, वैज्ञानिक र व्यवहारिक भएकाले विश्वभरका विद्यार्थीको ध्यान तान्न सफल छ। प्रत्येक २-३ वर्षमा ए लेभलको पाठ्यक्रम परिमार्जन गरी परिवर्तित विषयवस्तु समावेश गरिन्छ। त्यसैले विद्यार्थीलाई पुरानो कुरो पढें भन्ने भान पर्न पाउँदैन। ए लेभल शिक्षक केसर खुलाल भन्छन्, 'ए लेभलको पाठ्यक्रम हाम्रो तुलनामा धेरै अगाडि छ, पाठ्यक्रम बनाउँदा विद्यार्थीको सिर्जनशील पक्षलाई ध्यान दिइएको हुन्छ भने मूल्यांकन गर्दा बोध पक्षलाई।'

ए लेभल विश्वकै प्रतिष्ठित क्याम्ब्रिज विश्वविद्यालयको एउटा कार्यक्रम भएकाले पनि यसको साख बढेको छ। बेलायतको क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन (सिआइए) बोर्डले चलाएको जेनेरल सर्टिफिकेट अफ एजुकेसन (जिसिई)मार्फत ए लेभलका शैक्षिक योजना तयार हुन्छन्। ए लेभलको पाठ्यक्रम बनाउनेदेखि लिएर परीक्षा सञ्चालन गर्ने काम बेलायतको क्याम्ब्रिज विश्वविद्यालयको जेनरल सर्टिफिकेट अफ एजुकेसनले गर्छ। विद्यार्थीले ए लेभलको पढाइ २ वर्षमा पूरा गर्नु पर्ने भए पनि मेधावी विद्यार्थीको लागि समयसीमा छैन। चेल्सी इन्टरनेसनल कलेजका प्रिन्सिपल सुधीरकुमार झा भन्छन्, 'प्रतिभाशाली विद्यार्थीले एक वर्षभित्रै पनि ए लेभल पूरा गर्न सक्छ।' एसएलसी उत्तीर्ण विद्यार्थी ए लेभलमा भर्ना हुन हुन सक्छन्। वर्षमा पुस माघ र असारमा गरी दुईपटक भर्ना लिइन्छ।

ए लेभलको कोर्स निर्माण गर्दा विद्यार्थीलाई बढीभन्दा बढी विषय छनोट गर्ने अवसर प्रदान गरिएको हुन्छ। पहिलो वर्षको कोर्सलाई एस (एड्भान्स सब्सिडरी लेभल) र दोस्रो वर्षकोलाई ए- टु गरी दुई भागमा बाँडिएको यो कोर्समा न्यूनतम चार विषय पढ्नु पर्छ। यससाथै मनपरेको विषय छनोट गरी आफैले तयारी गरेर पनि परीक्षा दिन सकिन्छ। यो तहमा जेनरल पेपरको रूपमा अंग्रेजी अनिवार्य भए पनि अरू विषय छान्न विद्यार्थीलाई स्वतन्त्रता दिइएको हुन्छ। विद्यार्थीले साइन्स, ननसाइन्स र ह्युमानिटीमध्येका विभिन्न विषय छान्न पाउने प्रावधान छ। विद्यार्थीले कति जान्योभन्दा कत्ति बुझ्यो भन्ने कुरालाई महत्त्व दिइने भएकाले गहिरो रूपमा विषयवस्तु नबुझीकन प्रश्न हल गर्न नसकिने शिक्षकहरू बताउँछन्।

ए लेभल शिक्षिका अनिता सिम्खडा भन्छिन्, 'कुनै विषय बुझेको आधारमा विद्यार्थीले विश्लेषणात्मक उत्तर लेख्नु पर्छ न कि किताबको जस्तो हुबहु।' यो प्रणालीअन्तर्गत एउटै विषयको पनि ५-६ वटा पेपरको परीक्षा दिनु पर्ने हुन्छ। त्यसमा ४० प्रतिशत जति वस्तुगत, अरूचाहिँ लामा र छोटो उत्तर लेख्ने ढाँचाका प्रश्न हुन्छन्।' यो परीक्षा वर्षको दुईपटक मे-जुन र अक्टोबर-नोभेम्बरमा हुन्छ। क्याम्ब्रिजले बूढानीलकण्ठ, रातो बंगाला र ब्रिटिस स्कुल, काठमाडौं इन्टरनेसनल स्टडी सेन्टरलाई स्वतन्त्र संस्थाको रूपमा मान्यता दिएको छ। अरू कलेजका विद्यार्थीले भने ब्रिटिस काउन्सिलबाट परीक्षा दिनु पर्ने हुन्छ। ए लेभलको मूल्यांकन परिपाटी पनि छुट्टै छ - ग्रेडिङ प्रणालीबाट यसको मूल्यांकन हुन्छ। विद्यार्थीलाई ए, बी, सी डी, ईदेखि युसम्म ग्रेडिङ दिइन्छ। ए सबभन्दा उच्च ग्रेड हो भने यु अन्ग्रेडेडले अनुत्तीर्ण जनाउँछ,

## शिक्षा मन्त्रालयबाट अनुमति लिएका ए लेभल पढाउने कलेजहरू

१ .बूढानीलकण्ठ स्कुल, बूढानीलकण्ठ
२. रातो बंगला स्कुल, ललितपुर
३. मल्पी इन्स्टिच्युट, लाजिम्पाट
४. लुम्बिनी एजुकेसन फाउन्डेसन, ललितपुर
५. एभरेस्ट एजुकेसन फाउन्डेसन, काठमाडौं
६. नागार्जुन एकेडेमी, सानेपा
७. साइपाल एकेडेमी, धुम्बाराही
८. चेल्सी इन्टरनेसनल कलेज, नयाँबानेश्वर
९. जेभियर इन्टरनेसनल कलेज, कमलपोखरी
१०. एजे वाइल्ड इन्स्टिच्युट अफ एडभान्स स्टडिज महाराजगन्ज
११ ब्रिटिस स्कुल, झम्सिखेल
१२. काठमाडौं भ्याली स्कुल, महाराजगन्ज
१३ काठमाडौं एकेडेमी, गैरीधारा
१४. नोबेल एकेडेमी, पोखरा
१५. कसमस इन्टरनेसनल कलेज, पोखरा


फेरि परीक्षा दिनु पर्ने हुन्छ। आफूलाई चित्तबुझ्दो ग्रेडिङ नआएमा फेरि पनि परीक्षा दिन मिल्छ। ए लेभल सिध्याएपछि उच्चशिक्षातर्फ विभिन्न विषय पढ्न सकिन्छ। विज्ञान विषय पढेका विद्यार्थी डाक्टर, इन्जिनियरजस्ता प्राविधिक विषय पढ्न सक्छन् भने अरू विषय लिनेले त्यहीँ विषयमा उच्चशिक्षा लिने अवसर हुन्छ।


प्रमाणपत्र तह वा प्लस टुको तुलनामा ए लेभलको शुल्क धेरै नै महँगो छ। ए लेभल चलाएका संस्थाहरूको शुल्कमा एकरूपता छैन, ती संस्थाले मासिक शुल्कमात्रै न्यूनतम ५ हजारदेखि ११ हजार रुपैयाँसम्म लिइरहेका छन्, भर्ना शुल्क २० हजारदेखि ६० हजार रुपैयाँसम्म। क्याम्ब्रिजलाई तिर्नु पर्ने परीक्षा शुल्क प्रतिविषयको ५ हजारजति पर्छ। विज्ञान समूहमा पढ्ने विद्यार्थीले प्रयोगात्मक विषयको शुल्कसमेत छुट्टै तिर्नु पर्छ। ए लेभल सिध्याउन २ लाखदेखि २ लाख ५० हजार रुपैयाँसम्म खर्च लाग्छ।

त्यसो त ए लेभलका किताब महँगा पनि छन्। नेपालमा ए लेभलको किताब बिक्री गर्ने भृकुटी बुक्स पब्लिकेसनन्सका लिखत पाण्डेका अनुसार ए लेभलको एउटा किताबको मूल्य नै न्यूनतम ६ सयदेखि २ हजार रुपैयाँसम्म पर्छ। पछिल्लो समयमा ए लेभल पढ्ने विद्यार्थीको संख्या बढे किताब किन्नुको सट्टा फोटोकपी गरेर पढ्ने परिपाटी बढेको बताउँछन् पाण्डे। उनी भन्छन्, 'ए लेभलको चाहिने सबै किताब सर्वसुलभ भएर पनि किताब किन्ने थोरै विद्यार्थी मात्र आउँछन्।'

आवश्यक विद्यार्थी संख्या र पूर्वाधार पुऱ्याएर ब्रिटिस काउन्सिलमार्फत निवेदन दिएको संस्थालाई क्याम्ब्रिजले परीक्षा पिन कोर्ड उपलब्ध गराउँछ। क्याम्ब्रिजले पिनकोर्ड दिए पनि ती संस्थाहरूले शिक्षा मन्त्रालयबाट अनिवार्य अनुमति लिनु पर्ने प्रावधान छ। अनुमति नलिई सञ्चालित संस्थाहरूको वैधानिक हैसियत नहुने देखिन्छ। यसरी अनुमति लिनको लागि ती संस्थाले ४ लाख रुपैयाँ धरौटी राख्नु पर्ने हुन्छ। शिक्षा मन्त्रालयका सहसचिव लवप्रसाद त्रिपाठी भन्छन्, 'मन्त्रालयको अनुमति नलिई ए लेभल चलाएका कलेजलाई कारबाही गरिनेछ।' मन्त्रालयको स्वीकृतिबेगर चलेका कलेजबाट ए लेभल पढेका विद्यार्थीलाई विदेश जानु पर्दा अप्ठेरो पर्ने देखिन्छ। मन्त्रालयले त्यस्ता संस्थाबाट पढेका विद्यार्थीलाई विदेश जान चाहिने नो अब्जेक्सन लेटर नदिइने जनाएको छ। अहिलेसम्म उपत्यकाभित्र र बाहिर गरी १५ वटा कलेजले मन्त्रालयबाट अनुमति लिएका छन्।

ए लेभल चलाउनको लागि अन्तर्राष्ट्रियस्तरको भौतिक सुविधा हुनु पर्ने प्रावधान राखेको छ, क्याम्ब्रिजले। व्यवस्थित पुस्तकालय, प्रयोगशाला, खेलमैदानलगायत भौतिक संरचना तथा सबै शिक्षक स्नातकोत्तर हुनु पर्ने नियम बनाए पनि सबै कलेजले यो पालना गरेका छैनन्। अनुगमन प्रक्रिया

# गुणस्तरीयताकै कारण ए लेभल लोकप्रिय भएको हो

■ **विलियम विकर्डिक, रिजनल म्यानेजर (साउथ एसिया) क्याम्ब्रिज इन्टरनेसनल एक्जामिनेसन**



**क्याम्ब्रिजको ए लेभल कार्यक्रम किन विश्वभरि नै यति लोकप्रिय छ ?**

गुणस्तरीयता, अन्तर्राष्ट्रवाद र मान्यता यी तीन कुराले क्याम्ब्रिज अन्तर्राष्ट्रिय शिक्षाको लोकप्रियताका आधार हुन् भनी छोटकरीमा भन्न सकिन्छ। क्याम्ब्रिज शिक्षाको उच्च गुणस्तरीय मापनको सम्बन्धमा निकै स्पष्ट विचार छ। नयाँ पाठ्यक्रम तयार गर्नु पर्‍यो भने त्यो पाठ्यक्रम प्रकाशन गर्नुअघि हामी एउटा लामो प्रक्रिया अपनाउँछौं जसमा अनुसन्धान, तालिम र परामर्शजस्ता काम गरिन्छन्। त्यसरी तयार गरिएको पाठ्यक्रमको वितरण पनि नमुना पत्रहरू, शिक्षकहरूका लागि प्रत्यक्षकार्यशाला गोष्ठीहरू, दूरसिकाइ पाठ्क्रम, अनलाइन कार्यक्रम, छलफल समूह, सन्दर्भ पाठ्यपुस्तक तथा तोकिएका पाठ्यपुस्तकको सहायताले गर्ने गरिन्छ। अर्को कुरा हाम्रो पाठ्यक्रम र प्रश्नपत्र अन्तर्राष्ट्रियस्तरको छ। पाठ्यक्रम मुख्यतया बाहिरका विद्यार्थीलाई ध्यानमा राखेर तयार गरिएको हुन्छ। त्यसमा बेलायती परम्परालाई अनिवार्य सन्दर्भको रूपमा राखिएको छैन, साथसाथै विद्यार्थीहरूले बेलायतको परिस्थितिको बारेमा जानकारी राख्नु पर्छ भन्ने मान्यता पनि यसमा छैन। विद्यार्थी चाहे ती नेपाल वा नेवरास्का वा न्युजिल्यान्डमा अध्ययनरत हुन् उनीहरूले हाम्रो पाठ्यक्रम र प्रश्नपत्र वैचारिकरूपले नै अन्तर्राष्ट्रिय सन्दर्भसँग मिलेको पाउँछन्। अन्तमा हाम्रो गुणस्तरीयतालाई विश्वभरका अग्रपंक्तिमा रहेका विश्वविद्यालयले मान्यता दिएका छन् र यो गुणस्तरीयताले धेरै कडा अन्डरग्राजुयट कोर्सहरूका लागि त भिसाकै काम पनि गरेको छ।

**नेपालमा ए लेभल पाठ्यक्रम कसरी सञ्चालन भइरहेको छ ?**

नेपालमा ए लेभल तहका कार्यक्रम लोकप्रिय छन् र क्याम्ब्रिज शिक्षाले धेरै संख्यामा क्याम्ब्रिज अन्तर्राष्ट्रिय केन्द्रहरू र ब्रिटिस काउन्सिलसँग सम्बन्धित केन्द्रहरू दर्ता गरेको छ। ब्रिटिस काउन्सिल र परीक्षाको उपयुक्तता, स्थानीय प्रशासनिक व्यवस्थापन लगायतका कामकारबाहीप्रति जवाफदेही छन् ताकि विद्यार्थीहरूले एउटा उपयुक्त वातावरणमा परीक्षा दिन पाऊन्। प्रायः सबै केन्द्रहरू शिक्षा मन्त्रालयमा दर्ता भइसकेका र केही दर्ता हुने प्रक्रियामा छन्।

**ए लेभलको पाठ्यक्रमलाई क्याम्ब्रिजले पहिलेभन्दा सजिलो बनाएको छ भन्ने सुनिन्छ। यसमा तपाईंको के प्रतिक्रिया छ ?**

ए तहको कार्यक्रमलाई प्रायः 'सुनको स्तर'सँग तुलना गरिन्छ, मतलव के भने योग्यताको स्तरलाई सधैंभरि व्यवस्थापन गरिन्छ। यो कार्यक्रम ५० वर्षअघि विकास भएको थियो र क्याम्ब्रिजले नयाँ पाठ्यक्रम र प्रश्नपत्रलाई सुरुको सुनको स्तर कायम राख्ने प्रयत्न सधैं गरिराखेको छ। पाठ्यक्रम पनि नियमित रूपमा संशोधन गरिन्छ ताकि यसको विषयवस्तु सान्दर्भिक र नियमित होस्। ■

फितलो हुँदा ए लेभलको नाममा चरम व्यापारीकरण भएको गुनासो रहेको छ। केही महिनाअघि क्याम्ब्रिजले अनुगमनलाई कडाइका साथ लागू गर्ने प्रतिबद्धता जनाउँदै पूर्वाधर नभएका ए लेभल चलाउने दुईवटा कलेजसमेत बन्द गराएको थियो। ए लेभलको नाममा आकर्षक विज्ञापन छपाएर विद्यार्थी तान्ने होड नै चलेको छ। बूढानीलकण्ठ स्कुलका प्रधानाध्यापक एनपी शर्मा भन्छन्, 'पछिल्लो समयमा ए लेभलको नाममा व्यापारीकरण बढेको कुरा आएको छ। यो पक्कै राम्रो होइन।' ■




Chelsea, the center to choose for many reasons.
Where intelligence, curiosity are nurtured
and instincts are sharpened.
A curious mind thrives at Chelsea.
Room to explore. Amazing facilities.
More opportunities than you can imagine.

**Admission Open for A-Level**
**30 Seats Only**

| | | |
|---|---|---|
| Streams | : | Science, Commerce & Humanities. |
| More Options | : | Psychology, Literature in English, Thinking Skills, Geography, Art and Design. |
| ECA | : | Fashion and Design, Photography, Music, Theater, Dance, Yoga & Meditation and Taekwondo. |
| Eligibility | : | SLC or GCE 'O' Level or equivalent. SLC appeared students can also apply. |



CHELSEA
International Academy

Lakhe Chour Marg, New Baneshwor, Kathmandu
Tel. 4472902, 4499662

UNIVERSITY OF CAMBRIDGE, PIN CODE NO. NP 727
श्री ५ को सरकार शिक्षा मन्त्रालयको उच्च शिक्षा विभागको विदेशी संस्था सम्बन्धन नं. ०१६/०६२/०६३



# यतीको सफल यात्रा

**अग्रणी वायुसेवाका रूपमा आठवर्षे सफल यात्रासँगै यती एयरलाइन्सले ६ वटा आधुनिक 'जेटस्ट्रिम-४१' विमान थप गर्न लागेको छ। यसै क्रममा एउटा विमान नेपालमा भित्र्याइसकेको छ। 'ब्रिटिस एरोस्पेस सिस्टम' विमान उत्पादक कम्पनीका ती विमान नेपाली आकाशका लागि सबैभन्दा सुविधाजनक विमान मानिनेछन्, हालसम्मकै। यती एयरलाइन्स अब मुलुककै सबैभन्दा ठूलो विमान कम्पनीका रूपमा समेत स्थापित भएको छ। प्रस्तुत छ, यिनै विषयमा केन्द्रित रहेर उक्त एयरलाइन्सका कार्यकारी निर्देशक विजय श्रेष्ठसँग *समय*ले गरेको कुराकानीका मुख्य अंशहरू :**

**नेपालको एयर मार्केट सुदृढ भएको हो ?**

जनआन्दोलनपछिको अवस्था हेर्ने हो भने हवाई यात्रीको संख्यामा कमी आएको छ। यसअघि काठमाडौंबाट हवाई यात्रामा निस्किनेहरूको संख्या दैनिक १६ सयसम्म हुन्थ्यो भने अहिले त्यो संख्या घटेर ११-१२ सयमा झरेको छ, तर मलाई के लाग्छ भने यसले दीर्घकालीन हवाई यात्राको अवस्था प्रतिनिधित्व गर्दैन। मुलुकमा दिगो शान्ति कायम भयो भने त्यसले आर्थिक विकासका चौतर्फी बाटा खोल्नेछ। यसले गर्दा उद्योग/व्यवसाय फस्टाउनेछ। मानिसमा खर्च गर्न सक्ने क्षमता विकास हुनेछ। सुरक्षा र आत्मविश्वासको अनुभूतिले विभिन्न गतिविधि बढ्नेछन्। त्यस्तो वातावरणमा स्वभाविक रूपमै थप हवाई यातायातको आवश्यकता पर्नेछ।

**परिस्थितिमा स्पष्ट सुधार नहुँदै यती एयरलाइन्सले थप ६ वटा विमान भित्र्याउने योजना सार्वजनिक गरेको छ। यसमा नेपालको सबैभन्दा ठूलो एयरलाइन्स कम्पनी बन्ने महत्त्वाकांक्षाले कतै निर्देशित गरेको त छैन ?**

उद्योग संचालनका क्रममा 'साइज' र 'क्यापासिटी' आफैमा महत्त्वपूर्ण हुन पनि सक्छ र नहुन पनि सक्छ। यती एयरलाइन्सले 'वाइडेस्ट नेटवर्क', 'लार्जेस्ट क्यापासिटी', 'पर्सनालाइज्ड एटेन्सन' र 'डेपेन्डेवल सर्भिस'लाई आफ्नो मार्गदर्शक मान्दै आएको छ। यसैको आधारमा अहिले विमान थप्न लागिएको हो। हामी मुलुकका सबै क्षेत्रका स्थानीय बासिन्दाले यती एयरलाइन्सको सेवा पाऊन् भन्ने चाहन्छौं। सोहीअनुरूप दुर्गमदेखि सुगमसम्म हामीले उडान भरिरहेका छौं। एयरलाइन्सको पहुँचले स्थानीय अर्थतन्त्रको विकासमा ठूलो योगदान पुग्छ। त्यसको फाइदा त्यही ठाउँका बासिन्दाले पाउँछन्। हाम्रा यिनै व्यावसायिक कर्मप्राप्तिका लागि विमान थप्ने निर्णयमा हामी पुगेका हौं।

**अब यती एयरलाइन्सको सञ्जाल अरू विस्तार हुन्छ ?**

तत्कालका लागि अहिलेकै रुटहरू सुदृढीकरण गर्छौं। यसअघिका विमानहरूलाई 'जे-४१'ले विस्थापित गर्नेछन्। अहिले एउटा विमान आइसकेको छ। जुलाई महिनाभित्र चारवटा विमान आइसक्छन्। मुलुकको परिस्थिति हेरेर थप दुईवटा विमान भित्र्याउने निर्णयमा हामी पुग्नेछौं।

**यसबाट ग्राहकलाई के सुविधा पुग्छ त ?**

प्राविधिक हिसाबले 'जे-४१' विमान सुविधाजनक छन्, अहिलेसम्म नेपालको आन्तरिक सेवामा प्रयोग गरिएका विमानहरूभन्दा। प्यासेन्जर क्याबिन सुविधाजनक छ। शौचालयको व्यवस्था छ यी विमानमा। त्यसका साथै यात्रीहरूले अरू विमानमा जस्तो विमानको आवाज पनि सुन्नु पर्नेछैन। विमानको संख्या थपिएपछि ग्राहकले छनोटको सुविधा पाउनेछन्। प्रतिस्पर्धा बढ्ने क्रममा हवाई यात्रीका सेवासुविधा पनि बढ्नेछन्।

**सुध्रिएको राजनीतिक वातावरणमा वृद्धि हुने पर्यटकलाई पनि तपाईंहरूले एउटा लक्ष्य बनाउनु भएको होला ?**

पर्यटनको असर अर्थतन्त्रमा चौतर्फी रूपमा परिरहेको हुन्छ। पर्यटनको विकासले मानिसको आय, रोजगारीमा वृद्धि र स्थानीय तहसम्म आम्दानी पुगिरहेको हुन्छ। राष्ट्रिय आयमा यसले योगदान पुऱ्याउँदै आएको छ। फेरि पर्यटन विकासका लागि एयरलाइन्स मुख्य माध्यम हो। हामी स्वदेशी र विदेशी यात्रुलाई उत्तिकै सम्मान गर्छौं। विमान थपिएपछि निश्चित रूपमा हामीले पर्यटकले मन पराउने हिमाली दृश्यावलोकन र पर्यटकीय क्षेत्रमा उडान थप्नेछौं।



यति एयरलाइन्सले हालै ल्याएको विमान

**नेपालको एयर बिजनेस हेर्दा कतिपय एयरलाइन्सको अवस्था संकटमा पुगेको वा बन्दै गर्नु परेको स्थिति पनि देखिन्छ ?**

ट्रेड, इन्डस्ट्री वा कमर्समा विविधीकरणको प्रक्रिया निरन्तर चलिरहन्छ। हो, पुराना कतिपय कम्पनी राम्रा छन् र कतिपय नराम्रो अवस्थामा पुगेका देखिन्छन् भने कतिपय बन्द भएका छन्। यसो हुनुमा आन्तरिक र बाह्य व्यवस्थापनले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ। त्यसअतिरिक्त जहाज तथा बजारको छनोट र वितरण यी व्यवस्थापकीय सवालहरूले एयर बिजनेसमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको हुन्छ।

**यती एयरलाइन्स निरन्तर सफलतापूर्वक अगाडि बढिरहनुको खास कारण के मान्नु हुन्छ ?**

एयरलाइन्स संचालकहरू, व्यवस्थापकहरू र सम्पूर्ण कर्मचारीको टिमवर्कले नै यती एयरलाइन्स स्थापना कालदेखि निरन्तर सफल यात्रामा अगाडि बढिरहेको छ। साँच्चै भन्नुपर्दा कम्पनीलाई सफल बनाउनु पर्छ भन्ने हामी सबैको भावनात्मक लगावले यो सबै सम्भव बनिरहेको छ। हाम्रा रणनीतिक र कार्यनीतिक प्रतिबद्धताहरू सही सावित भएका छन्। हवाई यात्रीहरूको माया त हामीले निरन्तर पाएका छौं नै, विमान सप्लायर्स कम्पनीहरू, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नागरिक उड्डयन प्राधिकरण, नेपाल आयल निगम र बैंकर्सहरूबाट पाएको सकारात्मक सहयोगले पनि हामीलाई ठूलो सहयोग पुऱ्याइरहेको छ।

**यती एयरलाइन्स अन्तर्राष्ट्रिय उडान गर्ने योजनामा छैन ?**

अन्तर्राष्ट्रिय उडान संचालन गर्ने परिलक्ष्य हामीले राखेका छौं। त्यसका लागि आन्तरिक पूर्वाभ्यास भइरहेका छन्। ■




# कडा चियोको व्यवस्था

**गैरकानुनी रूपमा** आर्जित रकमको कारोवार निरुत्साहित पार्न नेपाल राष्ट्र बैंकले नयाँ व्यवस्था अगाडि सारेको छ। खासगरी आतंककारी संगठनहरूको आर्थिक कारोवार बैंकिङ च्यानलमार्फत रोक्ने विश्वव्यापी अभियानमा नेपाल पनि सहभागी बनेको छ, यस्तो व्यवस्था अपनाएर।

राष्ट्र बैंकको निर्देशनअनुसार अब नेपालका बैंक तथा वित्तीय संस्थाहरूले एकपटकमा १० लाख रुपैयाँभन्दा बढीको कारोवार गर्ने ग्राहकको सम्पूर्ण विवरण राख्न पर्ने भएको छ। राष्ट्र बैंकले मागेको अवस्थामा जुनसुकै बेला उपलब्ध गराउनु पर्ने यस्तो विवरण उनीहरूले प्रत्येक तीन महिनामा केन्द्रीय बैंकमा नियमित पठाउनु पर्नेछ। बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक सुरेन्द्रमान प्रधान भन्छन्, 'गैरकानुनी कारोवार रोक्ने लक्ष्यका साथ यस्तो व्यवस्था मिलाइएको हो।'

बैंकरहरू भने यो व्यवस्थाप्रति त्यति सन्तुष्ट देखिँदैनन्। उनीहरूको भनाइमा १० लाख रुपैयाँको कारोवारमा ग्राहकको सबै विवरण राख्नु त्यति व्यवहारिक छैन।

११ सेप्टेम्बर २००१ मा अमेरिकी ट्विन टावरमाथि अल कायदाले आक्रमण गरेपछि विश्वव्यापी रूपमा आतंककारी संगठनका गतिविधि नियन्त्रण गर्ने एक महत्त्वपूर्ण पाटोका रूपमा अगाडि सारिएको थियो, आर्थिक कारोवारमा विशेष सतर्कता। यसलाई विश्वव्यापी कार्यान्वयनका लागि सबैभन्दा प्रभावशाली वित्तीय संस्थाहरू विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)मार्फत औपचारिक रूपमा अगाडि बढाइएको छ। त्यसका लागि विश्व बैंक र आइएमएफले 'एन्टी मनी लाउन्ड्रिङ एक्ट'मार्फत यो व्यवस्था कार्यान्वयन गर्न विश्वव्यापी लविङ गरिरहेका छन्। राष्ट्र बैंकका अधिकारीहरूका अनुसार नेपालमा पनि यसलाई कार्यान्वयन गर्न केही वर्षदेखि उनीहरूले निरन्तर दबाब दिँदै आएका छन्। राष्ट्र बैंकले उक्त एक्टको ड्राफ्ट तयार गरेर डेढ वर्षअघि नै सरकारसमक्ष बुझाएको भए पनि औपचारिक कानुनी हैसियत यसले पाएको छैन। राष्ट्र बैंकले केन्द्रीय बैंकका रूपमा बैंक तथा वित्तीय संस्थालाई निर्देशन गर्न पाउने अधिकारअनुरूप अहिले ठूलो रकमको कारोवार गर्नेहरूमाथि निगरानी राख्न बैंकहरूलाई अह्राएको हो।

आतंकवाद अहिले विश्वकै सबैभन्दा चल्तीको भाषा बनिरहेको भए पनि कुनै पनि मुलुकमा भ्रष्टाचार र तस्करीबाट हुने गैरकानुनी रकमको कारोवार पनि सानो छैन। कुनै पनि प्रकारको रकमको कारोवारका लागि बैंकिङ सिस्टम सामान्यतया विकल्परहित बनिरहेको अवस्थामा विश्वका सरकारहरूले गैरकानुनी रकमको निगरानी गर्ने माध्यम बैंकिङ कारोवारलाई नै बनाइरहेका छन्। जसका कारण कुनै पनि गैरकानुनी धन्धामा संलग्न व्यक्ति वा संथाको पहिचान सरल रूपमा गर्न सकिने विश्वास राखिएको छ।

कार्यकारी निर्देशक प्रधानका अनुसार नेपालमा बैंकिङ च्यानलमार्फत यस प्रकारका कारोवार गरिएको कुनै आधिकारिक प्रमाण फेला परेको छैन। तैपनि गैरकानुनी कारोवार भइरहेको अनुमान भने गरिएको छ। गरिब मुलुकहरूमा हुने सानाठूला धेरै संख्याका भ्रष्टाचारको कथाबाट नेपाल पनि अछुतो छैन। तस्करी वा 'ब्ल्याक मनी'लाई शुद्धीकरण गर्ने काम यहाँ हुँदै आएका छन्, तर ठूला भ्रष्टाचारबाट आर्जित रकम विदेशी बैंकमा थुप्रिने भएकाले पनि नेपालका बैंकहरू यस्ता कारोवारमा विवादित बन्नु परेको छैन। यद्यपि, भ्रष्टाचार छानबिनका क्रममा बैंक खाताहरू रोक्का गरिएका थुप्रै नजिर छन्, नेपालमा पनि।

नेपालका लागि अर्को महत्त्वपूर्ण सरोकार पुँजी पलायनसँग पनि जोडिएको छ। त्यसको रेकर्डमा पनि सहजता हुनेछ यस्तो प्रावधानले, तर बैंकरहरूले भने राष्ट्र बैंकले यस्तो निर्देशन दिने उपयुक्त समय अहिले नभएको बताएका छन्। औपचारिक रूपमा बैंकहरूको प्रतिक्रिया जनाउन नेपाल बैंकर्स एसोसिएसनले एक समिति पनि बनाएको छ। कानुनी मर्यादा पालनाको तुलनामा परिस्थिति अलिक अराजक रहेको अवस्थामा ग्राहकहरूको सबै रेकर्ड राख्न बैंकहरूलाई अलिक गाह्रो हुने उनीहरूको तर्क छ। हिमालयन बैंकका मुख्य कार्यकारी अधिकृत अशोक राणा भन्छन्, 'ग्राहकको थप लेजर राख्ने काम तत्कालका लागि झन्झटपूर्ण बनिरहेको छ।'

विदेशबाट आउने १ लाखभन्दा बढी रेमिट्यान्स एकाउन्ट पेयी चेकको माध्यमबाट भुक्तानी गर्नु पर्ने र त्यसको रेकर्ड राख्न दिएको निर्देशन भने अव्यवहारिक रहेको राष्ट्र बैंकले स्विकार्दै यसलाई सच्याइएको कार्यकारी निर्देशक प्रधानले बताएका छन्। १० लाख रुपैयाँको रेमिट्यान्स कारोवारमा भने यो व्यवस्था कायमै छ, तर बैंकरहरूले भने १ लाखको रेमिट्यान्स कारोवारमा दिइएको निर्देशन फिर्ता लिएको जानकारी आफूहरूले नपाएको बताएका छन्। रेमिट्यान्स कारोवारमा वेस्टर्न युनियन मनी ट्रान्सफर, इन्टरनेसनल मनी एक्सप्रेस लगायतका संस्थालाई दिइएको सुविधा बैंकहरूले पाउनु पर्ने आग्रह उनीहरूको छ।

■ **मधुसूदन पौडेल/काठमाडौं**

# ट्राावल एडवाइजरी फिर्ता लिन नाटाको आग्रह

**नेपाल एसोसिएसन** अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाटा)ले नेपालस्थित सबै विदेशी राजदूतावासहरूलाई नेपालप्रतिको नकारात्मक 'ट्राावल एडवाइजरी' पुनरावलोकन गर्न आग्रह गरेको छ।

माओवादी विद्रोह फैलिँदै जाँदा नेपालमा रहेका प्राय: सबै राजदूतावासले आफ्ना मुलुकका नागरिकलाई नेपाल भ्रमण गर्नु जोखिमपूर्ण रहेको भन्दै जरुरी कामबाहेक यहाँ नआउन भनेका थिए। नाटाका अध्यक्ष ध्रुवनारायण श्रेष्ठ भन्छन्, 'सुध्रिएको परिस्थितिमा आ–आफ्ना मुलुकका नागरिकलाई नेपाल भ्रमणमा नि:संकोच आउनका लागि आह्वान गरिदिन राजदूतावासहरूमा अपिल गरेका छौं।'




फेरिएको नेपालको परिस्थिति पर्यटन उद्योगका लागि सुनौलो बिहानीका रूपमा फिर्ता आएको अनुभूति व्यवसायीले गरेका छन्। श्रेष्ठ भन्छन्, 'द्वन्द्व जारी रहँदा त वार्षिक ३ लाख पर्यटक नेपाल आएका थिए भने शान्तिपूर्ण वातावरणमा त्यो संख्या निकै बढ्नेछ।' व्यवसायीको आशा यथार्थतामा परिणत हुन माओवादी सशस्त्रको दिगो समाधान र राजनीतिक स्थिरता आवश्यक हुनु पर्नेमा उनीहरू अझै पनि चिन्तित छन्।

## पदाधिकारीद्वारा राजीनामा



**राष्ट्रिय योजना** आयोगका उपाध्यक्ष डा. शंकर शर्मासहित सम्पूर्ण सदस्यले आफ्नो पदबाट राजीनामा दिएका छन्।

नयाँ सरकारलाई आफ्ना नीति तथा योजना कार्यान्वयनमा सहयोग पुऱ्याउन राजीनामा दिइएको उनीहरूले बताएका छन्। वैशाख १७ गते गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्रीको कार्यभार सम्हाल्नासाथ उनीहरूले राजीनामा दिएका थिए। ■

## जसमिनका ड्यापर प्याड

**जसमिन हाइजिन** प्रोडक्सले नेपाली उपभोक्ताको चाहना ध्यानमा राख्दै




कडलरस ड्यापर प्याड र कडलरस ड्यापर'बजारमा ल्याएको छ। यी उत्पादन बच्चाहरूको स्याहारमा उपयोगी हुने विश्वास गरिएको छ।

अमेरिकाको 'फ्लुफ' कम्पनीका यी उत्पादन नेपालमा शारदा ग्रुपअन्तर्गतको उक्त कम्पनीमार्फत वितरण गरिएको छ। यसमा एक सय प्रतिशत माइक्रो फाइवर भएकोले चिसोपनाबाट पूर्ण सुरक्षित बनाउने छ बताइएको छ। ■

## विश्वकपको अफिसियल पार्टनर फिलिप्स

**विश्वमा नयाँ** तरंगका साथ सुरु हुन लागिरहेको 'फिफा वर्ल्डकप जर्मनी'का क्रममा फिफाले फिलिप्स कम्पनीलाई अफिसियल पार्टनर बनाएको छ। फिफा सञ्चालक एकाइले सन् २००१ मा फिफा वर्ल्डकप छैटौं प्रायोजक अंकित गरी फिलिप्सलाई सन् २००६ को फिफा वर्ल्डकप जर्मनीको आधिकारिक साझेदारको घोषणा गरेको थियो।

सम्झौतानुसार प्रथमपटक फिलिप्ससँग फिफा वर्ल्डकपको कन्ज्युमर इलेक्ट्रोनिक्स (सिई) श्रेणी र अन्य प्रायोजन अधिकार निहित रहनेछ। यी अधिकारहरूमा कन्ज्युमर इलेक्ट्रोनिक्स, लाइटिङ, प्रडक्सन एन्ड सिस्टम, साना घरायसी उपकरण, ध्वनि पहिचान प्रणाली, साउन्ड रिइन्फोर्समेन्ट तथा वितरण र इलेक्ट्रोनिक सुरक्षा प्रणाली समावेश रहनेछ। ■

## गोर्खा बियरको उत्पादन सुरु

**गोर्खा ब्रुअरीले** आफ्नो नयाँ उत्पादन गोर्खा बियर बजारमा ल्याएको छ। होप्स तथा शुद्ध पानी र जौंको संयोजनबाट यो बियर परम्परागत शैलीमा नेपालमै उत्पादन गरिएको छ। ५ दशमलव ५ प्रतिशत अल्कोहलको मात्रा रहने गोर्खा बियरको लक्षित वर्ग मुख्यतया नेपाल आएका विदेशी पर्यटक रहने बताइएको छ।

नेपाली बियरको छुट्टै मिठासमा विदेशी पर्यटक रमाउने र एसिया तथा युरोपेली मुलुकमा पनि निर्यात गर्ने योजना रहेको कम्पनीले बताएको छ। आक्रामक बजार प्रवर्धनका माध्यमबाट एक वर्षमा नेपाली बियर बजारको २० प्रतिशत हिस्सा ओगट्ने लक्ष्य कम्पनीले लिएको छ। गोर्खा बियरले वीर तथा साहसी गोर्खाली सैनिकको गाथा बोकेको दाबी गरिएको छ। यसअघि गोर्खा ब्रुअरीले कार्ल्सबर्ग, टुबोर्ग, सानमिगेल, रोयसल डेनिस र टुबोर्ग स्ट्रङ बियर बजारमा ल्याइसकेको छ। दक्षिण एसियाको सर्वोत्कृष्ट पेय कम्पनी बन्ने अवधारणानुसार नयाँ उत्पादनमा जोड दिइएको कम्पनीले बताएको छ।

## केलोन ब्रान्ड नेपालमा

**प्राइम ट्रेडिङ हाउस** प्रालिले केलोन ब्रान्डका गुणस्तरीय होम एप्लाइनसेसका सामान नेपाली बजारमा भित्र्याएको छ। जसअन्तर्गत विभिन्न मोडेलका रेफ्रिजेरेटर तथा चेस्ट फ्रिजरहरू नेपाली उपभोक्तासामु प्रस्तुत गरिएको जानकारी दिइएको छ। बजारमा उपलब्ध अन्य ब्रान्डको तुलनामा केलोन ब्रान्डका सामान उच्च प्रविधिबाट निर्माण गरिएको दाबी गरिएको छ। कम्पनीले ग्राहकको सेवा र गुणस्तरीय सामानबाट उपभोक्तालाई सन्तुष्ट बनाउने अठोट गरेको छ।


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी–खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्गवा | बिहान ६.३५ बजे | पर्सा–कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप–मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर–जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा–कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्गवाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्गवामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट नि:शुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*


जयकुमारनाथ शाह

समय

# शाहको तदर्थवाद कहिलेसम्म चल्ने ?

**असोज १८** र माघ १९ को शाही घोषणापछि नेपाली खेलकुदमा सबैभन्दा बढी हस्तक्षेप भएको संघ हो, नेपाल क्रिकेट संघ। उन्नाइस दिन लामो जनआन्दोलनले विघटित प्रतिनिधिसभा पुनःस्थापित हुनुअघि नेपाल क्रिकेट संघमा भएजति मण्डलेकरण अरू कुनै संघमा भएन। यो डेढ वर्षको अवधिमा नेपाल क्रिकेट संघ आर्थिकरूपले टाट मात्र पल्टिएन, अन्तर्राष्ट्रियस्तरमै नेपाली क्रिकेटको छवि नराम्रो बन्यो। सन् १९९६ मा नेपाल अन्तर्राष्ट्रिय क्रिकेट महासंघ (आइसिसी)मा आबद्ध भएपछि विकासका नाममा नेपालमा वार्षिक १ लाख डलर भित्रिन सुरु गर्‍यो, तर यसैमा च्याखे दाउ थाप्दै राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनमा दरवार निकट थुप्रै व्यक्तिले मोज लुटे। २०५९ सालसम्म बैंकको फिक्स डिपोजिटमा ८० लाख रुपैयाँ र त्यसबाहेक अन्य बैंक खातामा ८७ लाख ८० हजार रुपैयाँ थियो, तर अहिले बैंकमा २० लाख रुपैयाँ पनि छैन।

नेपाल क्रिकेट संघ विगत ४२ वर्षदेखि अध्यक्ष जयकुमारनाथ शाहको तदर्थवादमा चल्दै आइरहेको छ। उनको असफल नेतृत्वका कारण सन् २००२ मा नेपालमा बन्ने भनिएको एसियाली क्रिकेट महासंघ (एसिसी)को क्षेत्रीय क्रिकेट एकेडेमीको काम अहिले पूर्णरूपले ठप्प छ। यस्तै, नेपाल खेल्ने अवसर पाएर पनि एसियाकपमा सहभागी हुन पाएन। राजा ज्ञानेन्द्रका सानाबाबु हुन् शाह। दरवारनजिकैको यही नाता भजाएर ४ दशकसम्म नेपाली क्रिकेटको प्रभावशाली पदमा टिकिरहन सफल शाह भारत राँचीका हुन्। 'अब क्रिकेट तदर्थवाद र नातावादले चल्न सक्दैन। क्रिकेटलाई राम्रो नेतृत्वको खाँचो छ', नेपाल क्रिकेट संघका पूर्व केन्द्रीय सदस्य लेखबहादुर क्षेत्री भन्छन्।

शाह सन् १९६४ मा पहिलोपल्ट नेपाल क्रिकेट संघको अध्यक्ष पदमा नियुक्त भएका थिए, त्यसदेखि नेपाल क्रिकेट संघ चारपल्ट विघटन भए पनि उनी नै अध्यक्ष पदमा नियुक्त हुँदै आइरहेका छन्। एसिसीको उपाध्यक्ष रहे पनि शाहको अक्षमताका कारण एसिसीले नेपालमा बन्ने भनिएको क्षेत्रीय एकेडेमीका लागि छुट्याएको २ मिलियन डलरको प्रस्तावित बजेट अन्य काममा खर्च गरिसकेको छ। यस्तै, सन् २००४ को एसियाकपबाट उठेको रकम अरू सबै एसोसिएट राष्ट्रले लिइसक्दा पनि नेपालले कुनै कार्यक्रम दिन नसक्दा नेपाल २ लाख डलर पाउनबाट वञ्चित भएको छ। नेपाली क्रिकेटमा देखिएको आर्थिक अनियमितताका कारण एसिसीले यो वर्ष नेपाललाई अन्तर्राष्ट्रिय प्रतियोगिता गर्न नदिने निधो गरिसकेको छ।

'अब पनि क्रिकेटमा सक्षम नेतृत्व नआउने हो भने नेपाली क्रिकेटको भविष्य अन्धकार हुनेछ', नेपाल क्रिकेट संघका अर्का पूर्व सदस्य नरेश श्रेष्ठ भन्छन्। यस्तै, संघमा व्याप्त आर्थिक अनियमितताको भण्डाफोर गर्दा पछिल्लोपल्ट केन्द्रीय सदस्यबाटै फ्याँकिएका उपेन्द्र भट्टराई क्रिकेट संघको संरचनामै व्यापक फेरबदल हुनु पर्ने माग गर्छन्। 'राष्ट्रिय खेलकुद परिषद्मा अब आउने सदस्य-सचिवले विश्व क्रिकेटमा उदाउँदै गरेको नेपाली क्रिकेटको विकासका लागि क्रिकेटको पुरानो नेतृत्व फेर्नु पर्छ र संरचनामा व्यापक सुधार गर्नु पर्छ', उनी थप्छन्।

शाहकै असफल नेतृत्वका कारण जेठ १२ गतेदेखि २३ गतेसम्म टेस्ट र एकदिवसीय प्रतियोगिताको मान्यता नपाएका आठ एसियाली राष्ट्रबीच मलेसियामा आयोजना हुन लागेको १५ वर्षमुनिको एसियाकप इलाइट डिभिजन क्रिकेट प्रतियोगिताका लागि नेपालले अहिलेसम्म टोलीको छनोट गर्न सकेको छैन। यो प्रतियोगिताका लागि क्लोज क्याम्पमा छानिएका तेत्तीसमध्ये एक्काइसजना खेलाडी १५ वर्षभन्दा माथिका भएको प्रमाणित भइसकेको छ।

■ **नवीन अर्याल/काठमाडौं**







बायाँबाट क्रमशः टेभेज, रिक्युल्मे, मेसी, सर्जियो र पाब्लो आइमार





# म्याराडोनाका भतिजहरूको भर

■ नवीन अर्याल/काठमाडौं (तस्वीरहरू : एजेन्सी)

**'धन्यवाद छ** परमेश्वरलाई : अर्जेन्टिना र इङ्ल्यान्डविरुद्धको फुटबलका लागि, म्याराडोनाका लागि, ती आँसुहरूका लागि र अर्जेन्टिना-२ र इङ्ल्यान्ड -० गोलको नतिजाका लागि', सन् १९८६ को मेक्सिको विश्वकपमा डिएगो म्याराडोनाले इङ्ल्यान्डविरुद्ध बहुचर्चित दोस्रो गोल गरेपछि अर्जेन्टिनाका कमेन्ट्रेटर हुगो भिक्टर मोरालेस यसरी नै चिच्चाइरहेका थिए, टेलिभिजन सेटमा। मिडफिल्डका उस्ताद मानिने म्याराडोनाको अविस्मरणीय प्रदर्शनकै कारण सन् १९८६ को विश्वकप फुटबलको प्रतिष्ठित उपाधि अर्जेन्टिनाले घर भित्र्याएको थियो। 'ड्रिब्लिङ' र मिडफिल्डमा पूर्ण दखलका कारण लामो समय अन्तर्राष्ट्रिय फुटबलमा छाएका म्याराडोना आफ्नो सालीन खेलका कारण सन् २००० मा शताब्दीकै उत्कृष्ट खेलाडी घोषित भएका थिए।

चुलिएकै लोकप्रियताबीच सन् १९९४ को विश्वकपमा प्रतिबन्धित 'इफेड्रिन' प्रयोग गरेको आरोपमा म्याराडोनाले फुटबल परित्याग गर्नु पर्‍यो। उनले अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएको एक दशक बितिसकेको छ। अन्तर्राष्ट्रिय फुटबलबाट उनको अपमानजनक बहिर्गमनपछि पनि अर्जेन्टिना हालसम्म उनी जस्तो चामत्कारिक र प्रेरणादायक मिडफिल्डरको खोजीमा अनवरत जुटिरहेको छ। यद्यपि, नेपोली र बार्सिलोना क्लबका लागि व्यवसायिक फुटबल खेल्ने क्रममा यी क्लबलाई अन्तर्राष्ट्रिय फुटबलमा अलगै पहिचान दिलाएका म्याराडोनाजस्तो प्रतिभाशाली मिडफिल्डर भने अर्जेन्टिनाले अहिलेसम्म जन्माउन सकेको छैन। म्याराडोनाको उत्तराधिकारीको रूपमा बीचका केही वर्ष एरियल ओर्टेगा नभुल्किएका भने होइनन्, तर उनको अन्तर्राष्ट्रिय खेल जीवन धेरै छोटो रह्यो।




सन् १९८६ को विश्वकपको चर्चित म्याराडोनाको हाते गोल

इस्तानाबुलको फेनरबाच्से क्लबमा अनुबन्धनको विवादमा उल्झिएका ओर्टेगाले चाँडै नै अन्तर्राष्ट्रिय खेल जीवन परित्याग गर्नु पर्‍यो। उनले आफ्नो छोटो खेल जीवनमा म्याराडोनाजस्तै प्रभावशाली प्रदर्शन गरेका थिए मिडफिल्डरको भूमिकामा। यसैबीच मार्सेलो गालार्डो र आर्न्देस डि अलेसान्ड्रोजस्ता प्रतिभाशाली मिडफिल्डर पनि अर्जेन्टिनी राष्ट्रिय टोलीसँग जोडिएका थिए, तर उनीहरू अन्तर्राष्ट्रिय प्रतियोगिताको कडा प्रतिस्पर्धामा आफूलाई स्थापित गर्न नसक्दा हराएर गए।

म्याराडोनाको अनुपस्थितिमा अर्जेन्टिनाले पछिल्ला विश्वकपमा त्यति दमदार प्रदर्शन गर्न सकेको छैन। सन् १९९८ र २००२ को विश्वकपमा अर्जेन्टिनाको प्रदर्शन अझै अत्यासलाग्दो छ। यद्यपि, यति हुँदाहुँदै पनि अर्जेन्टिना अनवरत विश्वकपमा सहभागी हुँदै आइरहेको छ। यसपालि पनि अर्जेन्टिना विश्वकपका लागि छनोट भइसकेको छ भने यो टोलीलाई सदाझैं विश्वकप जित्ने एउटा दावेदार टोलीको रूपमा चित्रण गरिएको छ। पछिल्लो विश्वकपको तुलनामा यसपाली अर्जेन्टिनी टोलीको संरचना अलि पृथक् छ। अर्जेन्टिनाले आफ्नो टोलीमा मिडफिल्डको भूमिकालाई बढी नै प्राथमिकता दिएको छ। सन् १९८६ मा म्याराडोनाको एकल प्रयासमा नै अर्जेन्टिनाले विश्वकप कब्जा गरेको सुनौलो इतिहासलाई हृदयंगम गर्दै यसपालि अर्जेन्टिनाले दुई/तीनजना मात्र नभई पाँच आक्रामक मिडफिल्डरलाई टोलीमा स्थान दिएको छ। तुलनात्मकरूपमा यी पाँचै खेलाडी म्याराडोनाको स्तरभन्दा निकै कमजोर मानिन्छन्, तर हाल अन्तर्राष्ट्रिय फुटबलमा जमेका कुनै पनि मिडफिल्डरको तुलनामा कम भने छैनन्, यी पाँचै खेलाडीहरू।

**लियोनेल मेसी**, अर्जेन्टिनी विश्वकप टोलीमा समावेश १८ वर्षे किशोर मिडफिल्डर हुन्। फुच्चे र कम तौल भएको ठिटो। स्पेनमा फट्यांग्रो उपनामले चिनिने मेसी उत्कृष्ट कलाका लागि युरोपभरि नै चर्चित छन्। लामो बलमा पनि 'ड्रिबल' गर्न पोख्त मेसी अग्रपङ्क्तिका खेलाडीलाई अकल्पनीय र सटीक पास उपलब्ध गराउन माहिर मानिन्छन्।






म्याराडोनाजस्तै 'हार्मोन'को गडबडीका कारण उपचारको खोजीमा एघार वर्षको कलिलो उमेरमै आफू जन्मिएको ठाउँ रोजारियो छोडेर परिवारसँगै स्पेन बसाइँ सरेका मेसीले भर्खरै स्पेनिस नागरिकता लिएका छन् । हाल उनी क्याटलान क्लब बार्सिलोनामा अनुबन्धित छन् । उनले सन् २००४ को अक्टोबरमा प्रमुख प्रतिद्वन्दी इस्पानिओलविरुद्ध 'डेब्यु' गरेका थिए । स्पेनको राष्ट्रिय टोलीबाट खेल्ने निम्तो पाए पनि आफू जन्मिएको देशबाट फुटबल खेल्ने इच्छा जाहेर गरेका मेसीले सन् २००४ को अगस्तमा हंगेरीविरुद्ध खेल्दै अर्जेन्टिनी टोलीमा समावेश हुने गौरवलाई अंगीकार गरेका थिए । सन् २००५ मा हल्यान्डमा भएको युथ विश्वकपको उपाधि अर्जेन्टिनाले जित्दा मेसी टोलीको मुख्य हतियार थिए । उनले यो प्रतियोगितामा सर्वाधिक ६ गोल गर्ने क्रममा गोल्डेन बुट र गोल्डेन बल दुवै उपाधि कब्जा गरेका थिए । गत वर्षको मध्यमा बार्सिलोनाले उनको अनुबन्धको मिति बढाएर २०१० सम्म पुऱ्याएको थियो । उनी बार्सिलोना क्लबको लामो इतिहासमा कम उमेरमै व्यवसायिक फुटबलको सुरुवात गर्ने तेस्रो खेलाडी हुन् ।


अर्का आक्रामक मिडफिल्डर हुन्, **हुँवा रोमन रिक्युल्मे** । परिपक्व तर सुस्तरूपमा अपत्यारिलो किसिमले विपक्षी टोलीमाथि जाइलाग्न सिपालु २८ वर्षीय मिडफिल्डर । रिक्युल्मेलाई यो विश्वकपमा अर्जेन्टिनाले आफ्नो मुख्य हतियारको रूपमा लिएको छ । सन् १९९५ मा १७ वर्षमा अर्जेन्टिनाको घरेलु बोका जुनियर्स क्लबमा ८ लाख अमेरिकी डलरमा आबद्ध हुँदा म्याराडोनाको छायाँको रूपमा चिनिने गर्दथे रिक्युल्मे । 'रोमी'को प्रियनामले परिचित रिक्युल्मे मैदानमा खासै मेहनत गरेको देखिँदैन, तर मिडफिल्ड र आक्रमणमा उत्रिँदा निकै सहजरूपमा प्रस्तुत हुने गर्दछन् उनी । गत वर्ष नोभेम्बरमा जेनेभामा भएको इङ्ल्यान्डविरुद्धको एक मैत्री खेलमा साँच्चै नै उनी 'म्यान अफ द म्याच' थिए । उनले विश्वकप छनोट खेलमा दुई आकर्षक गोल गरिसकेका छन् । सन् २००२ मा बोका जुनियरबाट स्थानान्तरण हुँदै ९ मिलियन युरोमा बार्सिलोनामा अनुबन्धित भएका रेक्युल्मे लामो समय टोलीबाहिर रहेपछि उनले भिल्लारियल जाने निधो गरेका थिए । हाल उनी ल्याटिन अमेरिकाका थुप्रै सहपाठी जमघट रहेको भिल्लारियल क्लबमा चार वर्षका लागि अनुबन्धित छन् र अर्जेन्टिनी राष्ट्रिय टोलीका सदस्य हुँवा पावलो सोरिनसँगै खेलिरहेका छन् ।

अर्जेन्टिनी राष्ट्रिय टोलीका तेस्रो आक्रामक मिडफिल्डर हुन्, **पाब्लो आइमार** । ला लिगा स्टार, बहुमुखी प्रतिभाका धनी २७ वर्षीय आइमार सन् २००२ को विश्वकपमा पनि अर्जेन्टिनी टोलीमा समावेश थिए । यो चार वर्षको अन्तरालमा खारिएको उनको खेलशैली र एकाग्रता कुनै पनि टोलीलाई डुबाउन पर्याप्त मानिन्छ । राजधानी व्युनोस आयर्सको प्रतिष्ठित रिभर प्लेट क्लबमा पाँच वर्ष व्यवसायिक फुटबल खेल्दा आइमारले प्रत्येक चार खेलमा एकभन्दा बढी गोल गर्ने कीर्तिमान कायम गरेर प्रतिभाशाली मिडफिल्डरको रूपमा आफूलाई स्थापित गरेका थिए । प्रतिभाशाली हुँदाहुँदै पनि सन् १९९७ सम्म उनी आफ्नो अध्ययनमा बढी व्यस्त थिए, तर मेडिकल स्कुलमा उनको नाम प्रकाशित नभएपछि उनी अध्ययन छोडेर फुटबलमा एकाग्र भएका थिए । सन् २००१ देखि अनवरत युरोपमा फुटबल खेलिरहेका आइमार २४ मिलियन युरोमा भ्यालेन्सिया क्लबमा अनुबन्धित छन् । उनको आकर्षक खेलका कारण पछिल्लो समय भ्यालेन्सियाले युरोपेली क्लब प्रतियोगितामा राम्रो छाप छोड्दै आइरहेको छ । यो क्लबले सन् २००३ मा युइएफए कप जितेको थियो ।

यो विश्वकपमा अर्जेन्टिनाले छनोट गरेका पाँच मिडफिल्डरमा दुई खेलाडी यस्ता छन्, जो अझै दक्षिण अमेरिकामै खेल्दै आइरहेका छन् । कार्लोस, घरमा बोलाइने उनको नाम **'कार्लिटोस' टेभेज**, जो एथेन्स ओलम्पिकमा स्वर्ण जितेको अर्जेन्टिनी टोलीका प्रमुख खेलाडी थिए । उनले एथेन्स ओलम्पिकमा सर्वाधिक आठ गोल गरेका थिए, ६ खेलमा । अर्जेन्टिनाको राजधानी नजिकै फुयेर्टे अपाचेको एउटा गरिब बस्तीमा जन्मिएका टेभेज अपत्यारिलो ढंगले सन् २००४ को डिसेम्बरमा बोका जुनियर्सबाट २० मिलियन अमेरिकी डलरमा ब्राजिलियन क्लब कोरिनथियन्समा अनुबन्धित हुन पुगेका थिए । हाल उनी ब्राजिलमा सबैभन्दा बढी चर्चामा छन्, सन् २००५ मा साओ पावलोमा रहेको कोरिनथियन्स क्लबलाई ब्राजिलियन च्याम्पियनसिपको महत्त्वपूर्ण उपाधि दिलाउन उनले खेलेको मुख्य भूमिकाका कारण । उनी यो प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भएका थिए, जसको घोषणा स्वयं ब्राजिल फुटबल संघले गरेको थियो । ब्राजिलमा यो सम्मान पाउने उनी अर्जेन्टिनाका एकमात्र खेलाडी हुन् । इङलिस प्रिमियर लिग च्याम्पियन चेल्सीले केही समयदेखि सबैभन्दा बढी आँखा लगाएको २२ वर्षीय टेभेजको विशेषता उनी स्ट्राइकरको पछाडि बसेर मात्र होइन अग्रपंक्तिमा डटेर पनि खेल्न पोख्त छन् । 'ड्रिब्लिङ'मा माहिर टेभेज राम्रो फिनिसरको रूपमा पनि परिचित छन् । यसैबीच प्रशिक्षक जोसे पेकरम्यानले **सर्जियो अगुइरो**लाई पनि टोलीमा बोलाएका छन् । १८ वर्ष ननाघेका किशोर मिडफिल्डर सर्जियो पेकरम्यानका लागि यो विश्वकपमा सम्भावित 'वाइल्डकार्ड' प्राप्त खेलाडी हुन् । उनी अहिले व्युनोस आयर्सको इन्डिपेन्डियन्ट क्लबबाट खेलिरहेका छन् । म्याराडोनाको सम्भावित उत्तराधिकारीको रूपमा चित्रण गरिएको सर्जियो 'ड्रिब्लिङ' कलाका सिद्धहस्त मानिन्छन् ।

बीस वर्षअघि मिडफिल्डमा पूर्ण प्रभुत्व जमाएका म्याराडोनाले त्यति बेला एक्लैले अर्जेन्टिनालाई विश्वकप जिताएका थिए । एक महिनापछि जर्मनीमा हुने विश्वकपका लागि एकपल्ट फेरि अर्जेन्टिना अभ्यासमा जुटेको छ । यति बेला प्रशिक्षक पेकरम्यान अर्जेन्टिनाको पुरानो परम्परालाई जीवन्त दिन मिडफिल्डमा बढी नै केन्द्रित देखिएका छन् । उनको रणनीति विश्वकपमा कतिको सफल हुनेछ, यो भने अर्जेन्टिनाको खेलले नै बताउनेछ । 'ग्रुप अफ डेथ'मा रहेको अर्जेन्टिनाका यी पाँचै मिडफिल्डरहरू यो विश्वकपमा चलेको खण्डमा अर्जेन्टिनालाई विश्वकप जित्नबाट कसैले रोक्न नसक्ने भविष्यवाणी फुटबल पण्डितहरूले गरेका छन्, तर विश्व च्याम्पियन ब्राजिल, आयोजक जर्मनी, इङ्ल्यान्ड, इटाली र फ्रान्स आफ्नो पुरानो लयमा रहेका बेला अर्जेन्टिनालाई विश्वकप जित्न भने सजिलो छैन । ■

# हत्यारा को ?




**'दरवारकाण्डपछि** दबाइएको अर्को हत्याकाण्ड' पत्रकार किशोर श्रेष्ठको हालै सार्वजनिक भएको नयाँ किताब हो। २०३८ सालमा पोखरामा भएको 'नमिता, सुनीता र नीरा' नृशंस त्रासदी र बर्बर हत्याकाण्डको वृत्तान्त पस्केका छन् लेखकले।

२५ वर्षपछि पनि उक्त घटनालाई रहस्यमय नै बनाइएको छ, सत्यतथ्य बाहिर आएको छैन। उक्त काण्डमा राजशाहीका निकट नातेदारबाट भएको कुराले प्राथमिकता पाएको थियो त्यस बेला, तर पञ्चायती शासकहरूले गुपचुप गरेर यो काण्ड सामसुम बनाए। मण्डलेहरूले त यो घटनालाई सामसुम बनाए नै २०४६ सालपछि पनि यसको अनुसन्धानतर्फ ध्यान दिइएन। उक्त घटनाका भरपर्दा साक्षी वनपाले चूडामणिको पनि रहस्यमय तरीकाले हत्या गरिएपछि हत्यारालाई उम्किन सहज भयो।

यो घटनाले मुलुकभरका जनताको शिर निहुरियो। 'ठूलालाई चैन, सानालाई ऐन' भन्ने उखान चरितार्थ भयो। राष्ट्रिय पञ्चायतमा समेत हंगामा मचियो यो घटनाले। केही रापंसले शक्तिको आडमा हत्यारालाई संरक्षण दिन नहुने कुरा राखे पनि हत्यारा सार्वजनिक गर्न केही पहल गरिएन। नमिता-सुनीता हत्याकाण्डपछि अपराधीलाई संरक्षण दिन पूरै राज्य लागेको थियो। त्यस बेलाका अञ्चलाधीश, पञ्चायतका सभापतिहरू मतियार बनेका थिए, राज्यको। अनुसन्धानलाई अघि बढाउन खोज्दासमेत अनेक तिकडम रचेर अवरोध सिर्जना गरिएको त्यसै बेला छानबिन गर्न भनी पोखरा पठाइएका एक प्रशासकले सार्वजनिक गरिसकेका छन्।

पछिल्लो समयमा राजा ज्ञानेन्द्रको प्रतिगमनकालमै २०६० साल मंसिरमा प्रहरीबाट विचाराधीन मुद्दा रहेको उक्त हत्याकाण्डको फाइल नै बन्द गराउने खेल सुरु भयो। यो क्रियाकलापबाट पनि उक्त काण्डमा दरबार निकटहरूको घटनामा संलग्नता थियो भन्ने कुरालाई थप बल दिएको छ। यो हत्याकाण्डबारे किशोरले २०४७ सालमा दृष्टि साप्ताहिकमा खोजमूलक समाचार प्रकाशन गर्दा किशोर र सम्पादक नारायण ढकाललाई त्यस बेला ज्यान लिने धम्की आउनुले पनि पुष्टि गर्छ, हत्यामा कसको संलग्नता थियो भन्ने।

किताबमा नमिता, सुनीता, नीराका व्यक्तिगत जीवनका प्रसंग, पारिवारिक पृष्ठभूमि उल्लेख गरिएको छ। त्रासदीपूर्ण घटनालाई अतिरञ्जना नगरीकन मार्मिक ढंगले पस्किएको छ, किताबमा। लेखकले आवश्यक कागजात पनि किताबको बीचबीचमा राखेकाले थप विश्वसनीय बनेको छ, किताब। षड्यन्त्रमूलक ढंगबाट भएका यस्ता हत्याकाण्ड यथार्थ आउन किशोरको जस्तो अनुसन्धान बारम्बार हुनु पर्छ र त्यस्ता कुरा सञ्चारमाध्यमबाट राख्नु पर्छ। यस अर्थमा किशोरको प्रयास त्यो बेला सार्थक हुन्छ, जब हत्याको रहस्य उदांगो भई अपराधीलाई कठघरामा उभ्याइन्छ।

पत्रकार किशोर दबाइएका सूचना खोज्न माहिर छन्। यो किताबमा पनि यस्ता कयौं सूचना समावेश गरिएको छ, जसले अपराधी खोजबिन अभियानमा पक्कै सहायता पुऱ्याउनेछ। आस्था प्रकाशन प्रालिले छापेको यो किताबको मूल्य एक सय रुपैयाँ छ। ■

# जनताको पक्षमा




**हुतराम वैद्य नेपालका** प्रथम कृषि वैज्ञानिक हुन्। कृषि क्षेत्रमा उनले आफूले हासिल गरेको ज्ञान जनतालाई त बाँडे नै, यससाथै सामाजिक काममा पनि अग्रणीको रूपमा आफूलाई उभ्याएका छन् उनले। सरल जीवनका पक्षपाती हुतरामले सरकारी चाकडी ,चाप्लुसीविरुद्ध जागिरबाटै राजीनामा दिएका थिए। उनले पछिल्ला ६ दशकमा भोगेका घटनालाई किताबको रूप दिएका छन् - फागुन सातको सम्झनामा।

हुतरामले फागुन सातलाई प्रजातन्त्रको घटस्थापनाको रूपमा लिन्छन्। प्रजातन्त्रको सही प्रतिफल जनताले पाएको अवस्थालाई मात्र उनी पूर्ण प्रजातन्त्रको संज्ञा दिन्छन्। वास्तवमा ६ दशक अवधिमा एउटा सचेत नेपालीले भोगेको अनुभवलाई किताबमा उतारिएको छ। हुतरामले २००७ सालको क्रान्ति देखे, २०१७ सालको राजा महेन्द्रको कु' र २०३६ सालको जनमत संग्रह पनि देखे भने २०४६ सालको प्रजातन्त्र पुनःस्थापनाको आन्दोलन पनि। पञ्चहरूले जनताको सेवा गर्छौं भनेर गरेको चर्का कुरा पनि सुने उनले, बहुदलवादी नेताहरूका फोस्रा आश्वासन पनि सुने। जनताको स्तर भने खासै सुध्रिएन। त्यसकारणले उनले यस किताबमा गाउँमुखी, किसानमुखी र गरीबमुखी विचार राखेका छन्। अधिकांश गरिबीको रेखामुनि रहेका जनताको जीवनस्तर माथि नउक्सेसम्म मुलुकको विकास नहुने उनको राय छ। वैचारिक क्रान्ति नभएसम्म मुखले मात्र प्रजातन्त्र भनेर केही अर्थ ननिस्कने उनको राय छ। कमलमणि दीक्षितले प्रकाशन गरेको ७६ पृष्ठको किताबको मोल सय रुपैयाँ छ। ■



किताब : बाँच्ने आशाहरू
विधा : उपन्यास
लेखक : ज्ञानकुमार कट्टेल 'नेचाली'
पृष्ठ : ९०
मूल्य : रु. ५०/-
प्रकाशक : लेखक स्वयम्



किताब : चक्रव्युह र पीडाहरू
विधा : कविता
कवि : संगीत आयाम
पृष्ठ : ७७
मूल्य : रु. १००/-
प्रकाशक : देवकोटा अध्ययन केन्द्र, चितवन




किताब : स्मृतिका छालहरू
विधा : नियात्रा
लेखक : विष्णुबहादुर सिंह
पृष्ठ : २१४
मूल्य : रु. २००/-
प्रकाशक : दायित्व वाङ्मय प्रतिष्ठान



किताब : योनिस्तव-पुष्पाञ्जलि
लेखक : ऐश्वर्यधर शर्मा
पृष्ठ : ७०
मूल्य : रु. ७५/-
प्रकाशक : मणिगल परिवार



# सिपाही र सालिक

■ महेशविक्रम शाह

ऊ बिहानै कर्फ्युको ड्युटी लिन आफ्नो नेतृत्वमा रहेको एक दस्ता सिपाहीसहित चोकमा आइपुग्यो। चोकमा सालिक थियो। ऊ सालिकको सुरक्षार्थ यहाँ खटिएको थियो। बिहान झिसमिसेदेखि राति अबेरसम्म भोकप्यास र निद्रासमेत बिर्सेर ऊ खडाखडी आफ्नो ड्युटी गरिरहेको थियो। आमहडतालको उन्नाइसौं दिनमा ऊ फेरि सालिकको सुरक्षाका लागि चोकमा आइपुगेको थियो।

उसले चोकवरपर हेर्‍यो। रातभर लागेको कर्फ्यु बिहानीपख केही समयका लागि फुकेको थियो। ठूलठूला पसलहरू बन्द रहे पनि स-साना चियापसल, किराना पसल खुला थिए। सडकको पेटीमा लहरै पत्रपत्रिका, तरकारी बेच्नेहरू हतार-हतार हतास मुद्रामा आ-आफ्ना सामान बेचिरहेका थिए। खुद्रा सामान बेच्ने पसलमा पनि मान्छेहरू झुम्मिएका थिए। कोही कसैसँग बोलिरहेका थिएनन्। सिपाहीको दस्ता चोकमा ओर्लिनेबित्तिकै त्यहाँ एक प्रकारको डर र त्रास छायो। सबैले एकैचोटि हेल्मेट र डन्डा बोकेका सिपाहीहरूतिर हेरे। तिनका अनुहारहरू रुग्ण र निन्याउरा थिए। 'कर्फ्यु लाग्ने बेला भयो ! सबैजना यो चोक खाली गर्नुस् !' उसले जोडले कराउँदै आफ्नो सिटी फुक्यो। सिपाहीको डाको सुनेलगत्तै पसलेहरू पसलको सटर बन्द गर्न थाले। सडकको पेटीमा पसल थाप्नेहरू पनि आ-आफ्नो सामान पोको पार्न थाले। कर्फ्यु फुकेको मौका पारी आफूलाई अत्यावश्यक माल-सामानको जोहो गर्न आएका मानिस पनि हतार हतार गल्ली र गल्छेंडोभित्र अलप भए। कर्फ्यु लागिसकेको थियो। केही मिनेटमै चोक पूर्णतया खाली भयो। चोकवरिपरि सूक्ष्म अवलोकन गरेपछि ऊ चोकको बीच भागमा अवस्थित सालिकतिर बढ्यो। उसले सालिकलाई भावपूर्ण नजरले हेर्‍यो। उसलाई किन-किन आभास भयो, आज सालिक पहिलेका दिनहरूभन्दा झन् ज्यादा हतास र निरास देखिएको छ।

उसले सालिकको सम्पूर्ण आकृति नियाल्यो। दुईतीन ठाउँमा इँटा र ढुंगाका चोटका दाग थिए। ती दाग देखेर ऊ त्रसित भयो। उसलाई आफ्नो जागिर खोसिएको अनुभूति हुन थाल्यो। उसले हतार हतारमा आफ्नो डांग्रीको बाहुलाले रगड्दै सालिकमा लागेको दाग मेट्यो। ऊ अब आफ्नो जागिर नखोसिने कुरामा ढुक्क भयो। उसले आफ्ना बुट बजार्दै सालिकलाई जोडदार सलाम ठोक्यो। आफ्ना सहकर्मी सिपाहीहरूलाई उसले सालिकलाई वरिपरि घेरेर ड्युटीमा तैनाथ हुन आदेश दियो। करिब एक दर्जन हातहतियारले सुसज्जित सिपाहीले तत्काल सालिकवरिपरि सुरक्षा घेरा बनाए। उसले सन्तुष्टिको लामो सास फेर्दै आफ्नो हेल्मेट सिढीमा राख्यो र टुसुक्क बस्यो। उसले टाढा-टाढासम्म आँखा फैलायो। गाडी र मानिसहरूको चहलपहलले व्यस्त हुने सडक सुनसान भएको धेरै दिन भइसक्यो। हतार हतार सडकमा हिँडिरहेका मान्छेहरू नहिँडेको धेरै दिन भइसक्यो। गल्लीमा दूध बोकेका ट्रकहरू न झुल्केको र थानकोटको प्रवेशद्वारबाट उपत्यका छिर्ने इन्धनका ट्यांकरहरू नभित्रेको पनि धेरै दिन भइसक्यो। कहाँ होलान् ती असंख्य मानिसहरू, कहाँ थन्काइएका होलान् सडकमा गुड्ने ती असंख्य गाडीहरू, कहाँ होलान् दैनिक ज्यालादारीमा काम गरेर पेट पाल्ने मजदुरहरू, कहाँ होलान् सडकको पेटीमा चारपांग्रे ठेला घिसारी चाट र पानीपुरी बेच्ने घुमन्ते पसलेहरू ? कहाँ होलान् प्रत्येक दिन सडकका पेटीहरू नाप्दै हिँड्ने मायालु जोडीहरू र कहाँ निस्सासिइरहेका होलान् बाटोघाटो र चौरमा बुर्कुसी मार्दै उफ्रने नानीहरू ! उसले आफ्ना छोराछोरी र आफ्नी स्वास्नी सम्झ्यो। तिनीहरूसँग भेट नभएको धेरै दिन भइसकेको छ। आफ्नो परिवारको दयनीय अवस्थाको ख्याल गरेर उसले आमनागरिकको दुःखको कल्पना गर्‍यो। आमनागरिकले नागरिकतन्त्र स्थापनार्थ गरिरहेको जनआन्दोलन तथा अनिश्चितकालीन आमहडताल र सरकारद्वारा जारी निषेधाज्ञा र कर्फ्युको जिउँदो साक्षी बनेर उभिरहेको छ ऊ, यस चोकमा। रातदिन भोक, प्यास र निद्रा नभनेर ऊ सालिकको पहरेदारी गरिरहको छ। उसलाई किन-किन आफ्नो कामप्रति वितृष्णा जाग्न थाल्यो। नागरिकहरूको सेवाको लागि सिपाही भएको ऊ तिनै नागरिकहरूलाई घरभित्र थुनेर संवेदनाहीन र जडवत् सालिकको रखवारी गरिरहेको छ। उसको मनभित्र उथलपुथल भइरह्यो। ऊ किंकर्तव्यविमूढ बनेर शून्यमा हेर्दै टोलाइरह्यो।

उसले सालिकको अनुहारमा हेर्‍यो। सालिक मौन र स्थिर छ। सालिकका आँखाहरू छन् तर दृष्टि छैन, मुहार छ तर कुनै जीवित भावहरू छैनन्, मुख छ तर शब्दहरू छैनन्। कानहरू सतर्क मुद्रामा तन्किएका छन् तर श्रवण क्षमता छैन। सालिकको समग्र स्वरूप देखेर ऊ जिल्ल पर्‍यो। उसले यसअघि कहिल्यै यसरी सालिकलाई

गहिरिएर नियालेर हेरेको थिएन । उसलाई के कुरामा आश्चर्य लाग्यो भने विभिन्न कालखण्डमा स्थूल सालिकको रक्षाका लागि सिपाहीले प्रहार गरेका गोलीबाट नागरिकहरू मारिएका छन् । कयौं अशक्त, घाइते तुल्याइएका छन् भने कयौं आहत बनाइएका छन्, तर सालिक ‼ आफ्नो अगाडि बन्दुकका प्रहारले ढलेका रक्तमुछेल लासहरू देखेर पनि सालिक सदा चुप रहेको छ । असंख्य घाइते पीडित नागरिकहरूको करुण क्रन्दन सुनेर पनि सालिक मौन बसेको छ । नागरिकहरूको चित्कारले पनि ब्यूँझाउन सकेन यस सालिकलाई । र, यो सालिक कदाचित् म मरेँ भने पनि यसैगरी प्रतिक्रियाविहीन रहनेछ । आफूभित्र जागृत भइरहेको नयाँ सोच र भावनाले ऊ शनैः शनैः आन्दोलित हुन थाल्यो । मन भावनात्मकरूपमा जतिसुकै उद्वेलित भए पनि उसले बाह्यरूपमा आफूलाई कठोर बनाइरह्यो । उसले आफूलाई एक स्वतन्त्र नागरिकको रूपमा नभई कर्फ्यु लागेका बेला ड्युटीमा खटिएको एक अनुशासित सिपाही सम्झ्यो । ऊ एकचित्तले चोकवरिपरि बुट बजाउँदै सालिकको सुरक्षामा डटिरह्यो, तर मनलाई जति सम्झाउन खोजे पनि वरिपरिको चकमन्नता र कहालीलाग्दो निःशब्दताले उसलाई उराठ लागिरहेको थियो । दिउँसै अजिंगरझैं लम्पसार परेको सुनसान सडक, झ्यालखानामा परिणत भएका मानव आवास गृहहरू र श्मसान घाटझैं प्रतीत हुने सापेक्षिक शून्यता र रिक्तताले उसको मन बेचैन तुल्याइरहेको थियो ।

'आज आमहडतालको उन्नाइसौं दिन, आममान्छेहरू घरभित्र आफैले आफैलाई कैद गरेर कसरी बाँचिरहेका छन् ? के सोचिरहेका छन् तिनीहरू ‼' उसले आफू वरिपरिका घरहरूतर्फ हेर्दै कल्पना गर्‍यो । 'यदि आफ्नै घरभित्र कैद मान्छेहरू अचानक ढोकाबाट ग्वारग्वार्ती निस्के भने के म यो सालिकलाई तिनीहरूको आक्रमणबाट बचाउन सक्छु ??' आफ्नो प्रश्नबाट आफै चकित बन्यो ऊ ।

ऊ सालिकको सिँढीमा थचक्क बस्यो । उसले सडकको लामो धर्सो हेर्न छोड्यो । उसले घरका बन्द झ्याल, ढोकाहरूतिर पनि आँखा फिँजाउन छोड्यो । उसका आँखा निद्राले बोझिल बनिरहेका छन् । उसको टाउको एकतमासले रन्किरहेको छ । उसले आफ्नो शिर सालिकमा अडेस लगायो र आफ्ना आँखा चिम्ल्यो । एकै छिनमा ऊ गहिरो निद्रामा पर्‍यो ।

' ... ... जुलुस अगाडि बढिरहेको छ .... ‼'

'अगाडि बढ्न नदिनु, जुलुसलाई खेद !'

... ... जुलुस त सडकमै निस्क्यो !'

'सडकमा निस्कन नदे ! कारबाही गर ‼ ठोक ‼ ठोक ‼'

ऊ अचानक अत्तालिँदै बिउँझियो । उसले आफ्नो दायाँबायाँ हेर्‍यो । कहीं कतै जुलुस थिएन । मैले सुनेको त्यो आवाज कहाँबाट आयो ? ऊ गम खाइरहेको थियो, आवाज फेरि प्रकट भयो, 'ठोक ! ठोक ! नछोड ! कारबाही गर !'

उसले बल्ल थाहा पायो, आवाज उसले कमरमा बाँधिराखेको ह्यान्ड सेटबाट आएको थियो । उसले हत्तपत्त ह्यान्ड सेट हातमा लियो र कानमा लगायो । उसले प्रस्ट थाहा पायो, काठमाडौंको चक्रपथमा विभिन्न ठाउँमा जुलुस निस्कन थालेका थिए र ठाउँ-ठाउँमा प्रहरीले कारबाही गरिरहेको थियो । उसले देख्यो सडकमा चर्को साइरन बजाउँदै एम्बुलेन्सहरू गुड्न थालेका छन् । सेनाका बख्तरबन्द गाडीहरू पनि गस्तीमा निस्केका छन् । आकाशमा सेनाको हेलिकोप्टर चक्कर मारिरहेको छ । मानवअधिकार अनुगमन टोली, रेडक्रस र युएन लेखिएका सेता गाडीहरू पनि बेतोडले हुँइकिरहेका छन् । उसले परिस्थिति गम्भीर भएको अनुमान गर्‍यो । ऊ हडबडाउँदै उठ्यो । उसले शिरमा हेल्मेट पहिर्‍यो, छातीमा बुलेट प्रुफ ज्याकेट बाँध्यो र सालिकको सिँढीबाट सडकमा ओर्लियो ।

'ऊ उताबाट जुलुस आइरहेको छ', चोकको उत्तरतिर तैनाथ सिपाही करायो ।

'दक्षिणबाट पनि जुलुस निस्किरहेको छ', चोकको दक्षिण दिशामा रेखदेख गरिरहेको सिपाही चिच्यायो ।

'यता पनि ठूलो जुलुस देखापर्‍यो', चोकको पूर्वपट्टि सडकको बीच भागमा ड्युटी गरिरहेको सिपाही पनि घोक्रो फुलाउँदै करायो ।

'यहाँ त जुलुस सडकमै निस्क्यो', चोकको पश्चिम कुनाबाट एकजना सिपाही हल्लीखल्ली गर्दै चोकतर्फ कुद्यो । 'कन्ट्रोल ! कन्ट्रोल ! यहाँ चारैतिरबाट जुलुस निस्किरहेको छ', उसले सेट मुखमै सटाएर जोडले चिच्यायो ।

'कर्फ्यु लागेका बेला जुलुस ‼ कुनै हालतमा जुलुस निस्किन नदिनु ! एक्सन ... एक्सन ‼'

सिपाहीहरू हातको लठ्ठी वेगसित हल्लाउँदै जुलुसतर्फ अगाडि बढे । लठ्ठीको निर्मम प्रहारले जुलुसमा भागदौड मचियो । एकै छिनमा जुलुस छ्यान्नब्यान्न भयो । 'कन्ट्रोल एक्सन पूरा भयो ‼ जुलुस ऐले तितरबितर भएको छ । अब सडकमा मान्छेहरू छैनन्', उसले गर्विलो आवाजमा कन्ट्रोललाई जाहेर गर्‍यो ।

ऊ त्यति बेला हतप्रभ भयो जब उसले देख्यो, तितरबितर भएको जुलुस चौगुणा संख्या र शक्तिका साथ नारा लगाउँदै चोकतिर उन्मुख हुँदै बढिरहेको छ । जुलुसको बृहत् रूप देखेर उसलाई डर लाग्न थाल्यो । ऊ फेरि जोडले चिच्यायो : 'कन्ट्रोल ! थप मद्दत पठाउनु पर्‍यो ।' जुलुस धेरै नजिक आइसकेको थियो । उसले सिपाहीहरूतर्फ हेर्दै आदेश दियो, 'एक्सन ! '

सिपाहीहरू पनि जुलुसमा मानिसको उर्लंदो वेग देखेर आतंकित भइसकेका थिए, तिनीहरूले एकैपटक जुलुसमा सयौं राउन्ड अश्रुग्याँस र गोली वर्षाए । गोली र अश्रुग्याँसको प्रहारले जुलुसमा फेरि भागदौड मचियो । कोही गोली लागेर भुइँमा ढले भने कोही घाइते बनेर छट्पटाउन थाले । घाइतेहरूको करुण चित्कारले त्यहाँको वातावरण विभत्स र मर्माहतपूर्ण भयो । सिपाहीको कारबाहीबाट जुलुस शान्त हुनुको बदला झन् उत्तेजित र आवेगपूर्ण हुन थाल्यो । जुलुसका गगन उचाल्ने स्वरलहरीले चोकमा कोलाहल मचियो । अचानक चोकवरिपरिका घरका ढोकाहरू फटाफट खुल्न थाले । मान्छेहरू यसरी बाहिर निस्के मानौं तिनीहरू मौरीका गोला हुन् । उसले कर्फ्यु लागेको बेला सडकमा उर्लिएको मानव महासागरलाई विस्मित बनेर हेर्‍यो । चारैतर्फबाट स्वतःस्फूर्त उर्लेको यति विशाल मानव सागरलाई उसले यसभन्दा पहिले कहिल्यै देखेको थिएन ।

जुलुसमा लाखौं मान्छेको सहभागिता थियो । हातमा विभिन्न नाराका ब्यानर, राजनीतिक दलका झन्डाहरू, रूखका हरिया हाँगाहरू र माइक बोकेर जुलुस तीव्र आवेग र उफान उराल्दै अगाडि बढिरहेको थियो । ऊ जुलुसमाथि कुनै कारबाही नगर्ने अवस्थामा पुगिसकेको थियो । जुलुस उसको नजिकै आइपुगेको थियो । उसले आफ्ना विस्फारीत नेत्रहरूले जुलुसमा लामबद्ध मान्छेहरूलाई हेर्‍यो । सबैका अनुहार देदीप्यमान थिए । सबैका आँखा मानौं आगो ओकलिरहेका थिए । ती आँखामा आमूल परिवर्तनको कठोर चाहना थियो । शताब्दियौंदेखि मनभित्र दबेर रहेको कुण्ठा जुलुसको रूपमा प्रकट भइरहेको थियो । उसले छक्क परेर जुलुस हेर्दै सोचिरह्यो, ऊ हातहतियारले सुसज्जित भएर पनि कति निर्धो र कमजोर छ । जुलुसका यी मान्छेहरू निरस्त्र भएर पनि कति सशक्त र शक्तिशाली छन् । उसले बल्ल बुझ्यो, नागरिकको शान्तिपूर्ण आन्दोलन किन शक्तिशाली हुन्छ र तिनका अगाडि बन्दुकहरू झुक्न किन बाध्य हुन्छन् । जुलुसलाई हेर्दै ऊ भावविभोर भयो । कस्तो अचम्म ‼ जुलुसलाई हेर्दै जाँदा उसले जुलुसमा नारा लगाइरहेका दशरथ चन्द, गंगालाल, शुक्रराज र धर्मभक्तलाई देख्यो । उसले राष्ट्रिय झन्डा उचालिरहेको देख्यो । जुलुसको बीचमा हात उचालिरहेका अमर सिंह, बलभद्र र भक्ति थापालाई देख्यो । उसले आफ्ना विस्फारीत नेत्रहरूले जुलुसलाई हेर्दै गयो । उसले जुलुसमा बिर्के टोपी लगाएका भानुभक्तलाई देख्यो, सेतो दाह्रीबाट पसिना काढिरहेका कविशिरोमणि लेखनाथलाई देख्यो, डररडम डररडम भन्दै कदम बढाइरहेका महाकवि देवकोटालाई देख्यो, 'देशभक्ति त मर्दैन चुत्थै देश भए पनि' भन्दै अनुष्टुप् छन्दको लयमा चिच्याइरहेका समलाई देख्यो । यी त्रिमूर्तिका पछिपछि कदममा कदम मिलाउँदै हिँडिरहेका थिए सिद्धिचरण, रिमाल, भूपि र पारिजातहरू ! ऊ आ-आफ्नो समयका महामानवहरूलाई जुलुसमा देखेर आश्चर्यचकित हुँदै थियो, उसले जुलुसको बीचमा हात उचालेर खवरदार ! खवरदार ! भन्दै गर्जिरहेका विपी, गणेशमान, पुष्पलाल, मनमोहन र मदन भण्डारीलाई पनि देख्यो । ऊ त्यति बेला सबैभन्दा बढी आश्चर्यचकित भयो जब उसले सशस्त्र युद्धमा विश्वास गर्ने माओवादी पनि शस्त्र जंगलमै छोडेर हातले रूखका हरिया हाँगाबिंगाहरू उचाल्दै शान्तिपूर्ण जुलुसमा सहभागी भएको देख्यो । जुलुस अब सालिकवरिपरिको सिपाहीको घेरा तोड्ने क्रममा थियो ।

'हामी शान्ति चाहन्छौं', जुलुसले नारा लगायो । उसले मनमनै जवाफ दियो, 'म पनि शान्ति चाहन्छु ।' 'हामी मुक्ति चाहन्छौं', जुलुसले फेरि नारा लगायो । 'म पनि त दासत्वबाट मुक्ति चाहन्छु', उसले आफ्नो मनसँग साउती गर्‍यो ।

'हामी आमूल परिवर्तन चाहन्छौं !' यति भन्दै जुलुसले सिपाहीको सुरक्षा घेरा तोड्यो । उसले जुलुसलाई बाटो दिन सिपाहीलाई आदेश दियो । बाँध भत्काएर वेगसँग बगेको नदीझैं जुलुस नारा घन्काउँदै अगाडि बढ्यो ।

उसले हतप्रभ र विस्मित हुँदै शान्तिकामी नागरिकहरूको भव्य जुलुसलाई हेरिरह्यो । 'नागरिकतन्त्र जिन्दावाद !' जुलुसले नारा घन्कायो । उसले पनि गर्वसाथ जिन्दावादको भावमा आफ्नो हात शिरमाथि उचाल्यो । जुलुस चोकबाट अगाडि बढिसकेपछि उसले चोकको बीच भागमा हेर्‍यो, त्यहाँ कयौं दशकौंदेखि स्थापित सालिक थिएन । सालिक रहेको ठाउँमा बुङ्बङ्ती धुलो उडिरहेको थियो । ■



तेजबहादुर वस्नेत

# समर्पण सहिदहरूप्रति

**अलग धारमा रहेर** नेपाली रंगमञ्चलाई गहकिलो स्थान दिने भूमिका मात्र खेलेको छैन गुरुकुलले, जनआन्दोलनका बेला साहित्य, कला र लोकतान्त्रिक आवाज एकजुट बनाउने महत्त्वपूर्ण भूमिकाको नेतृत्वसमेत गर्‍यो । साहित्य, संगीत र कलाप्रेमीहरूका लागि संगठित हुने र स्वतन्त्रताका लागि आवाज बुलन्द बनाउने अखडा बन्यो यसपालाको जनआन्दोलनका बेला गुरुकुल ।

रंगमञ्चको भूमिकामाथि नै चुनौती दिँदै निरंकुशताविरुद्ध ओर्लिएका अग्रज साहित्यकार र कलाप्रेमीहरूका लागि लाठी वर्षे, गोली ठोकियो, ग्याँसको मुस्लाले राज्यले सम्मान गर्न बिर्सेकाहरूप्रति सम्मान गरेको सम्झियो । व्यथा सबैले बाँडे । सान्त्वना र सहयोगका लागि आफैमाथि लागेको घाउ बिर्साउँदै सहिदहरूको सम्झना र सहयोगका लागि कार्यक्रम गर्‍यो गुरुकुलले ।

आन्दोलन कहिल्यै सकिँदैन । स्वतन्त्रताका लागि लड्ने क्रम कहिल्यै अन्त हुँदैन । लोकका लागि जीवन अर्पण गर्नेहरूप्रतिको श्रद्धामा कहिल्यै कमी आउँदैन सच्चा देशभक्तको लागि ।

यसपटकको जनआन्दोलनका क्रममा सहिद र घाइते हुनेहरूको तथा २०४६ को आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका तारा खड्काको सहयोगार्थ रकम जुटाउन आयोजित कार्यक्रमले एक साताभरि लगातार तात्यो गुरुकुल । कला, लय र आन्दोलनमा कहिल्यै नथाक्ने अर्थ बोकेका कविता, गीत र कलाकारितामार्फत । साहित्य र कलाप्रेमीहरूलाई एकीकृत गर्दै र सहिदका सपनाप्रति कुठाराघात नगर्न अनुरोध गर्दै गीतसमेत बजे ।

अर्थ संकलन गर्नका लागि आभास, नेपथ्य, कविता र कलामार्फत निरंकुशताविरुद्ध बोल्यो गुरुकुल । जनआन्दोलनमा ज्यान दिन पछि नपर्ने सपुतहरूका लागि सहयोगार्थ आयोजित यो कार्यक्रमले गुरुकुलको हल खचाखच भयो ।

> **सहयोगभन्दा सहिदहरूले स्वतन्त्रताका लागि दिएको अमरत्व र बीसौं दिनसम्म ओइरिँदा पनि नथाकेका जनताको शक्तिप्रति भावुक भएर 'वाह जनता' भन्नेहरूको भीडले गुरुकुल क्षेत्र नै भावुक बन्यो ।**

जनतालाई जिताउनका लागि मृत्युदेखि पनि नडराउनेहरूको सम्झनामा गाइएका गीत, वाचित कविता, कोरिएका चित्रहरूले कालो र अँध्यारो हलभित्र आन्दोलनको क्रममा कलंकी र गोंगबुमा ढलेका वीरहरूका चित्र देखिए ।

गुरुकुलभित्र टाँगिएका काला पर्दामा आन्दोलन दबाउनका लागि मरिमेटेका कपुतविरुद्ध खबरदारी गीत गुन्जिए, सहिदहरूका निम्ति समर्पणका लय घन्किए, भावी पुस्ताले ताकिराखेको लक्ष्य गणतन्त्रका लागि बलिया शब्द ठोकिए अँध्यारा पर्खालमा ।

जनताको कुभलो गर्नेहरूको जय कहिल्यै हुँदैन । निरंकुशताको आयु लामो हुँदैन । यो इतिहासले पनि हामीलाई बताएको छ । जनताका लागि सहादत प्राप्त गर्नेहरू कहिल्यै मर्दैनन्, उनीहरूको नाम सधैं सुनौलो अक्षरले लेखिरहन्छ । उनीहरूका आशा र सपना लत्याउनु हुँदैन । यो मान्यतालाई 'खवरदारी' अर्थमा प्रस्तुत गरे नेपथ्यका अमृत गुरुङ र गायक आभासले गहकिला शब्दसहित ।

सहिदहरूको आत्माका शान्तिको लागि र उनीहरूको परिवारको सहयोगका लागि आयोजित यो कार्यक्रममा साठी हजार रुपैयाँ उठेको गुरुकुलले बताएको छ । २०४६ सालका ज्यूँदा सहिद तारा खड्का (महेन्द्रको सालिक ढालेको निहुँमा निरंकुश शक्तिले जिब्रो काटेको थियो)लाई र यसपालिको जनआन्दोलनताका ज्यान अर्पण गर्ने सहिद र घाइतेका परिवारलाई सहयोग गर्ने बताएको छ ।

तर, सहयोगभन्दा सहिदहरूले स्वतन्त्रताका लागि दिएको अमरत्व र बीसौं दिनसम्म ओइरिँदा पनि नथाकेका जनताको शक्तिप्रति भावुक भएर 'वाह सहिदहरू' भन्नेहरूको भीडले गुरुकुल क्षेत्र नै भावुक बन्यो ।

गणतान्त्रिक कवि विक्रम सुब्बा, गायक आभास र अमृत गुरुङले यिनै जनताप्रति समर्पित हुँदै तीन दिन गुरुकुलको हल खचाखच भरी बनाए । सहिदहरूका परिवारलाई सान्त्वनाका गीत समर्पण गरे ।

निकै चर्चा पाएको नेपथ्यको 'घटना'ले गुरुकुलभित्रै जनआन्दोलनलाई सचित्र देखायो । अहिले सन्तान गुमाएका परिवारको पीडालाई गीतमार्फत आभासले पस्किँदा गुरुकुलको टिनले छाएको हल स्तब्ध भयो । गुमाउँदा गुमाउँदै पाएको स्वतन्त्रताको उल्लासले गुरुकुलको अगेनामा उभिएका अभि सुवेदी निस्तब्ध हाँसे, 'आन्दोलन पनि कहिल्यै टुंगिन्छ र !'

■ **ज्योति देवकोटा/काठमाडौं**



# क्रुज बुबा, ब्रिट्नी आमा





हलिउड नायक टम क्रुजकी १३ वर्षीया छोरीले नायिका केटी होम्ससँग आफ्नो बाबुको सम्बन्धले आफू खुसी भएको बताएकी छन्। नायिका निकोल किड्म्यानसँग दसवर्षे वैवाहिक जीवनका क्रममा धर्मपुत्र-पुत्री बनाएका इसाबेला र कोनरले आफ्ना बुबा क्रुजको होम्ससँगको सम्बन्धबाट हर्षित भएको हालै उल्लेख गरेका छन्। यसबाट क्रुज असाध्यै खुसी भएका छन्। गत महिना होम्सले क्रुजसँगको सम्बन्धपछि एक बालिकालाई जन्म दिएकी छन्।

उता २४ वर्षीया गायिका ब्रिट्नी स्पेयर्सले नर्तक केभिन फेडेरलिनसँगको वैवाहिक जीवनको डेढ वर्षमा आफू दोस्रोपल्ट गर्भवती भएको स्वीकार गरेकी छन्। आठ महिनाअघि स्पेयर्सले आफ्नो पहिलो सन्तान सिन प्रेस्टनलाई जन्म दिएकी थिइन्।

पन्ध्र वर्षका उमेरका 'बेबी वन मोर टाइम' शीर्षक एल्बम सार्वजनिक गरेपछि लोकप्रियताको उचाइ छोएकी स्पेयर्सका अहिलेसम्म ६ करोडभन्दा बढी एल्बम बिकिसकेका छन्। यो साता 'लेट सो विथ डेभिड लेटरम्यान'मा उनले आफू दोस्रोपल्ट गर्भवती भएको स्वीकार गरेकी हुन्। उनी दोस्रोपल्ट गर्भवती भएको हुन सक्ने उल्लेख गर्दै केही सातादेखि विश्वका पत्रपत्रिकाले खबर छापेका थिए।


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज





**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- हालचाल, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ८ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# रोल्पाली भाका




**रुकुम-रोल्पाको इतिहास** मात्र होइन वर्तमान खोज्न पनि मुस्किल छ अहिले। गाउँमा पस्यो भने इतिहास त के, आमा बोक्न सक्ने जवान भेटिन मुस्किल पर्छ। इतिहास बोकेका र बोल्न सक्नेहरूको अभाव त्यसैले पनि खड्केको छ। उनीहरूले बोकेको इतिहास कस्तो थियो अबका केही वर्षमात्र पनि हामी चुप रह्यौं भने म्युजियममा खोज्नु पर्नेछ, रोल्पा र रुकुमको ऐतिहासिक र मौलिक परिचय। यही हो वास्तविकता।

कुनै कालखण्डमा रोल्पा-रुकुमका जंगल अहिलेका जस्ता उजाड र विरक्त लाग्दा थिएनन्। कुनैबेला त्यहाँ घन्किने स्थानीय लोकभाकाको माहोल सशक्त थियो। तर, कुनैबेला यहीबाट कुनै दिन विद्रोहको वीउ रोपिएला भन्ने कसैले सोचेकै थिएनन्, तर यस्तै भयो।

पुराना र लोप हुन लागिसकेका गीत संकलन गरेर जुग देखिसकेका जोडी दिलसरी पुन र दलबहादुर पुनको आवाजमार्फत जस्ताको तस्तै सिडीमा बाहिर ल्याएका छन्, उनका छोरा नवीन विभासले।

भोलि म्युजियममा खोज्नु पर्ने रुकुम-रोल्पा मात्र होइन, मुलुकमै लोप भइसकेको लोकभाकालाई रुकुम-रोल्पाकै इतिहास बनेका सत्तरी वर्षीय वृद्धवृद्धा दिलसरी र दलबहादुरले लोप हुन लागेको गीतलाई जीवन्तता दिएका छन् 'बरै' सिडी क्यासेटमार्फत। आफ्ना जुगका पुराना गीतहरूलाई डाँडो काट्न लागिसकेका वृद्धामार्फत बाहिर आएका गीतले रुकुम र रोल्पाको मिठो तर, हराउँदै गएको यथार्थ पीडाको चित्र बोलेका छन्।

साइली बरै, फाँक, स्यानीमाया, बनगारी, उत्रा, ख्याली र साइलीजी जस्ता लोप भइसकेका भाकालाई जनबोलीकै भाकामा उतारेका छन्, दिलसरी र दलबहादुरले। ठेट स्थानीय भाकामा गाइएका गीतहरूले पर्दा पछाडिको रुकुम र रोल्पालाई देखाएको छ, गीति एल्बम बरैले।

■ **ज्योति देवकोटा/काठमाडौं**



# शान्तिको आवाज




तेजबहादुर बस्नेत

**हिरोमी इसिओका** खुसी र हँसिला देखिन्छन् । निर्माण कम्पनीका संचालक इसिओका आफ्नो सम्पन्नता र समृद्धिले खासै सन्तुष्ट छैनन् । जापानीहरू औद्योगिक र आर्थिक उत्पादनमा व्यस्त हुँदा त्यहाँको सभ्यता र मानवीय संस्कार त मर्दै छैन ? यही डर छ उनको ।

तर द्वन्द्वमा पिल्सिएकै भए पनि नेपालको संस्कृति र व्यवहारमा आफ्नो मान्यता तथा चिन्तन परिलक्षित देख्छन् उनी । 'म यहाँ विश्वकै ठूलो शान्ति ड्रम (बाजा) स्थापना गर्न चाहन्छु', उनी भन्छन् । नेपाल-जापान दौत्य सम्बन्धको पचासौं वर्ष अर्थात् यो वर्षलाई शुभ मुहूर्त मान्छन् उनी । यसबीच जापानी र नेपाली बालबालिकाहरूको सांस्कृतिक आदान प्रदान अभियानमा लागेका छन् इसिओका । आतिथ्य भ्रमण र त्यसका लागि ठूलो व्ययभार उनको 'निप्पन टाइको फाउन्डेसन'ले उठाउने गरेको छ । 'बौद्धमार्गी जापानको सम्बन्ध बुद्धको जन्मथलो नेपालसँग रहिरहनु पर्छ, मानव धर्म, सभ्यता र शान्ति गुमे आर्थिक सम्पन्नताको अर्थ हुँदैन', उनी भन्छन् र त्यही नै सिकाउन चाहन्छन् उनी आउँदो जापानी पुस्तालाई । 'जापानमा पारिवारिक र सामाजिक मूल्य चुँडिएका छन्', उनी भन्छन् ।

करिब १० वर्षअघि जापानको कोवेमा आएका भुइँचालोमा मानवीय सेवा पुर्‍याउने क्रममा उनले कपाल रंगाउने, सडकमै आधा नांगै हिँड्ने या कुनै न कुनै रूपमा समाजबाट टाढिएका १२० जनालाई जम्मा पारे । उनीहरूले पुर्‍याएको सेवा पछि ती 'विद्रोही'हरूलाई हेर्ने समाजको दृष्टिकोणमा पूरै परिवर्तन देखे इसिओकाले । ती सबैजना शान्तिको राप अलाप्दै शान्ति ड्रम बजाउने 'टाइको फाउन्डेसन'मा सामेल भए । 'हामी त्यो अभियान विश्वमा फैलाउन चाहन्छौं', उनी भन्छन् ।

त्यो अभियानले आफ्नो उचाइको सन्देश बुद्धको जन्मभूमि नेपालबाट दिएमा त्यो विश्वभरि गुन्जिने मान्यता छ उनको । ५ मिटर लम्बाइ, ४.८ मिटर व्यासको उक्त ड्रम निर्माणका लागि २ करोड रुपैयाँजति लाग्ने अनुमान छ । यसलाई आगामी मंसिरभित्र राजधानीको कुनै उपयुक्त ठाउँमा स्थापित गर्ने योजना राखेका छन् उनले । शिक्षा र सेवासँग सरोकार राख्ने समूहहरूसँग यसबारे छलफल गरेको र जापानबाट पनि आवश्यक राशि जुटाउने योजना छ उनको । हाम्रो शुभकामना ■



कुमार आले

# खबरदारी कवि

*ऊ फेरि माछा मार्ने जाल थाप्न व्यस्त हुन सक्छ*
*होसियार ! परौला फेरि उसकै जालमा*
*नेपालमा जात-जातका मानिसहरू होसियार !*

खचाखच दर्शक भरिएको गुरुकुलको सम नाट्यघरमा गत मंगलवार कवि विक्रम सुब्बा जनतालाई सचेत गराइरहेका थिए कवितामार्फत । कुनै पनि बेला विभिन्न बहानामा जनताको अधिकार अपहरण हुन सक्ने अवस्था अझै विद्यमान रहेकाले उनी उद्घोष गरिरहेका थिए, गन्तव्य टाढा छ, थाक्नु हुँदैन ।

हिमाल एसोसिएसन, गुरुकुल, किराँत लेखक संघ र नेपाली कविता डटकमले आयोजना गरेको 'गणतन्त्रको खेती' नामक एकल कवितावाचन कार्यक्रम कवि विक्रमले वैचारिक सशक्तता बोकेका तेह्रवटा कविता सुनाए । माघ १९ पछि राजा प्रतिगमनतर्फ लम्किएपछि त्यति खेर नै कवि सुब्बाले सडकमै 'गणतन्त्रको खेती' शीर्षकको कविता सुनाएका थिए, जसले धेरै चर्चा पाएको थियो ।

एकल वाचनमा पनि 'एक दन्त्यकथा', 'नयाँवर्ष',' आन्दोलनको आगो' 'नाटक' लगायत प्रखर कविता सुनाए उनले । कवितावाचनको क्रममा उनी सचेत पारिरहेका थिए, 'फेरि निरंकुशतन्त्रले फणा उठाएर डस्न बेर छैन, होसियार ! जनता अनि नेताहरू ।' नेताहरूले बाटो बिराएर फेरि पहिलेकै जस्तो निरंकुशतन्त्रकै पक्षपोषण नगरून् भन्ने पनि खबरदारी गरे उनले । कहिलेसम्म चलाउने यो खबरदारी अभियान ? उनी भन्छन्, 'जबसम्म जनताले जित्दैनन् तबसम्म यो अभियान जारी रहन्छ ।' कवि सुब्बाले संविधानसभाको निर्वाचन पछि पहिलो संसद् नबनेसम्म कविताबाट खबरदारी गरिरहने जानकारी दिए । कवितावाचनबाट उठेको रकम २०४६ सालमा दरबारमार्गस्थित महेन्द्रको सालिकमा झन्डा राख्न जाँदा गोली लागेर घाइते भएका तारा खड्कालाई दिइने जनाइएको छ । ■





हरेक शुक्रबार
समयको बार

भृकुटी प्रकाशन प्रा. लि.
BHRIKUTI PUBLICATION (P) LTD.
P.O. Box: 1452, Lazimpart, Kathmandu, Nepal. Tel: 4443888, Fax: 4411912

**शून्य समय**

# अनुशासित, प्रतिबद्ध र संयमित सडकको अवमूल्यन नहोस्



युवराज घिमिरे

**दोस्रो जनआन्दोलन** आफ्नो एजेन्डा, शैली र भावी लक्ष्यमा स्पष्ट थियो। आन्दोलनको स्पष्ट लक्ष्य थियो- शान्ति, स्वतन्त्रता र कहिल्यै खोसिन नसक्ने प्रजातन्त्र या लोकतन्त्र, जसलाई अंग्रेजी शब्द 'डेमोक्रेसी'ले समाहित गर्न सक्छ। सर्वसत्ताका मालिक बनेका राजा स्वभाविक रूपमा जनआक्रोशका एक्लो तारो बनेका थिए र निकै हदसम्म प्रतिक्रियास्वरूप र केही हदसम्म प्रतिबद्धतास्वरूप आन्दोलनको मुड तथा झुकाव गणतन्त्रतर्फ थियो। यो आन्दोलन दलहरूको ६ बुँदे र दल-माओवादीबीचको बाह्रबुँदे समझदारीको पृष्ठभूमिमा भएको हो- जसको घोषित सार उद्देश्य थियो- निरंकुश राजतन्त्रको अन्त, दिगो शान्ति, प्रजातन्त्र र मुलुकको समृद्धि।

यसै लक्ष्यका लागि सशस्त्र विद्रोही माओवादी संविधानसभामार्फत प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्थामा आउन सिद्धान्ततः तयार भएका हुन् र लाखौंको जनसागर सडकमा उर्लेका हुन्। आन्दोलनकारी नागरिकहरूले स्पष्टरूपमा राज्यआतंक र माओवादीको हिंसालाई अस्वीकार गरेका छन्, आफ्नो शान्तिपूर्ण र प्रतिबद्ध आन्दोलनद्वारा। उनीहरू राजा या माओवादीको बन्दुकको शक्तिमा गरिने राज्य व्यवस्थाको विरोधमा आएका हुन्।

पुनर्जीवित प्रतिनिधिसभा त्यो सडकको सूक्ष्म रूप हो, तर पुनर्जीवित प्रतिनिधिसभालाई सडकको अनुशासन, प्रतिबद्धता र मान्यताको अपव्याख्या र विधिको शासनको उपहास गर्ने अधिकार छैन। सदनको यो व्यवहारबाट कर्मचारीहरूले राजनीतिक भूमिका लिन खोजेको देखिन्छ- केही वरिष्ठहरूलाई कानुनी रूपमा नभएर 'मसल'को त्रासद्वारा कार्यालयमा घुस्न नदिएर। सडक स्पष्ट थियो, हुकुमीशैलीद्वारा सिर्जित अराजकतालाई प्रजातन्त्र, लोकतन्त्र या गणतन्त्रका नाराबाट निरन्तरता दिन पाइँदैन। एउटा अराजकता राम्रो र अर्को अराजकता नराम्रो भन्ने सिद्धान्त मान्य हुन सक्तैन।

सदनले अदालत र अन्य संवैधानिक निकायलाई महाभियोगको त्रास देखाएर अवमूल्यन गर्ने प्रयास गर्नु स्वयंमा विधिको शासन चाहने सडकको उपहास हो। यो बेथितिको बीजारोपण हो। स्पष्ट प्रमाणका आधारमा महाभियोग कसैमाथि पनि ल्याउन सकिन्छ, तर सडकको त्रास देखाएर अदालतलाई तर्साउने खतरनाक खेल जनताको संसद्ले गर्नु हुँदैन। त्यो संयमित सडक आन्दोलनलाई अवमूल्यन गरेको मानिनेछ।

यो प्रतिनिधिसभाले शाही नेपाली सेनालाई आफ्नो मातहत ल्याउनेबित्तिकै अरू सारगर्भित विषयमा आफूलाई केन्द्रित गर्नु आवश्यक छ। राष्ट्रिय एकता र अखण्डताको संरक्षण अनि त्यसप्रतिको शपथबाट मात्र सुरु हुनु पर्थ्यो यो सदनको कारबाही। अहिले चर्का नारा उठेका छन्। १५ वर्षअघि सोभियत संघमा मिखाइल गोर्वाचोभले उठाएको जस्तै राज्य पुनर्संरचनाका साथै आत्मनिर्णयका मागहरू अगाडि आएका छन्। वञ्चित र कमजोर वर्ग र समूहको स्वर सधैं चर्को हुने गर्छ, तर यदाकदा ती जायज स्वरलाई महत्त्वाकांक्षी र विखण्डनवादीहरूले अर्को अनपेक्षित मोड दिन सक्छन्।

यो चुनौतीलाई प्रचण्ड र माधव नेपालले बुझ्नु जरुरी छ, खासगरी। वर्तमान आन्दोलनको मर्म र विगतका समझदारीहरूविपरीत आफ्नो दलगत स्वार्थका लागि सडकको आवाजको गलत व्याख्या हुनु राजनीतिक अदूरदर्शिता हुनेछ।

अहिलेको परिप्रेक्ष्यमा साझा नेता र प्रधानमन्त्रीका रूपमा गिरिजाप्रसाद कोइरालाको छनोट त्यही सहमति र मान्यताको प्रतिफल हो। त्यो छनोट अराजकताका लागि नभएर निश्चित समझदारी कायम गर्नका लागि हो। आन्दोलनका तीन आयाम थिए। राजाद्वारा सत्ता त्याग त्यसको पहिलो सर्त थियो र भविष्यमा राजाद्वारा सत्ता नखोसियोस् भनी सुनिश्चित गर्नु वर्तमान सरकार तथा प्रतिनिधिसभाको प्रमुख दायित्व हो। शाही नेपाली सेनालाई संसद् मातहत ल्याएर त्यसतर्फ एउटा सकारात्मक कदमको सुरुवात भएको छ, तर सुरक्षानिकायमा सुधार तथा त्यसको संरचनामा हेरफेरजस्ता अरू चुनौती पनि सरकार र सदन समक्ष छन्।

दोस्रो सात दल तथा सरकारले आफ्ना एजेन्डा अगाडि नबढाएमा त्यो उनीहरूको असफलता मात्र हैन, जनआन्दोलन र सडकप्रति अन्याय हुनेछ। त्यसमा सफलता हासिल गरेमा माओवादीको सम्मानजनक अवतरण सहज हुने हुँदा अब माओवादीले पनि अनुकूल वातावरण बनाउन सहयोग पुऱ्याउनै पर्ने देखिन्छ। जबरजस्ती चन्दा असुली र अपहरणको निरन्तरताले उनीहरूप्रतिको अविश्वसनीयता त यथावत् रहन्छ नै, माओवादी छापामार र संगठनमा प्रचण्डको नियन्त्रण नरहेको सन्देश पनि त्यसले दिनेछ। अब रणनीतिक चातुर्यभन्दा इमानदार राजनीतिक समझदारीले माओवादीका लागि सुरक्षित र स्थायी राजनीतिक भविष्य निर्माणमा बढी योगदान पुऱ्याउनेछ।

आवेशमा सुरक्षानिकाय या उनीहरूका प्रमुखमाथि तत्काल कारबाही नगरेर खासगरी प्रधानमन्त्री कोइराला तथा उनको सरकारले व्यवहारिक कुशलता प्रदर्शन गरेका छन्।

यो पक्ष माओवादीको भावी व्यवहार, हतियार प्रवर्द्धन र हिंसाको अन्तसँग सम्बन्धित छ। माओवादी नेतृत्वको शान्तिप्रतिको घोषित प्रतिबद्धताविपरीत केही छापामार जान सक्ने सम्भावना एकातिर छ भने शान्ति र राजनीतिक सहमतिको वातावरण बन्नुपूर्व नै राज्यअधीन रहेका सुरक्षानिकायमाथि एकतर्फी कारबाही हुँदा त्यसभित्रको हतियारधारी समूहको मनोविज्ञानबारे सोच्नु सरकार र शान्तिपक्षीय सबैको कर्तव्य हो। अराजकता उक्साउने प्रयास जनआन्दोलनविपरीत चरित्र मानिनु पर्छ, तर दण्डहीनताको अन्तका साथै सुरक्षानिकायमा सुधारको प्रक्रियालाई माओवादीले तीव्रता दिन सक्नेछन्, तत्काल सबैलाई युद्धविरामका सामान्य सर्तहरू पालन गर्न लगाएर।

अन्तमा, वर्तमान प्रतिनिधिसभा दुनियाँले नतमस्तक हुँदै अभिवादन गरेको जनआन्दोलनको प्रतिफल भएकाले ऊ संयमित र मर्यादित हुन नसकेको अवस्थामा फेरि जनप्रतिनिधिहरू जनताका विश्वासका पात्र हुन नसकेको सन्देश जानेछ, सर्वत्र। उपसभामुख चित्रलेखा यादवलाई सर्वसम्मतिबाट सभामुख मान्नु पर्ने सामान्य अपेक्षालाई समेत पूरा गर्न नसकेर दलहरू सत्तालोलुपताभन्दा माथि नउठेको प्रमाण पेस गरेका बेला उनीहरू आन्दोलनको मर्म र वजनका वाहक बन्न सक्लान् र ? प्रश्न नाजायज छैन। त्यस अवस्थामा अत्यावश्यक नीतिगत निर्णयपछि तत्काल संसद् सत्र स्थगित गरी शान्तिवार्तामा सरकार होमिनु ज्यादा श्रेयस्कर हुनेछ। ■

> पुनर्जीवित प्रतिनिधिसभा त्यो सडकको सूक्ष्म रूप हो, तर पुनर्जीवित प्रतिनिधिसभालाई सडकको अनुशासन, प्रतिबद्धता र मान्यताको अपव्याख्या र विधिको शासनको उपहास गर्ने अधिकार छैन। सदनको यो व्यवहारबाट कर्मचारीहरूले राजनीतिक भूमिका लिन खोजेको देखिन्छ- केही वरिष्ठहरूलाई कानुनी रूपमा नभएर 'मसल'को त्रासद्वारा कार्यालयमा घुस्न नदिएर।